भारतवर्षको इतिहास।

HISTORY OF INDIA

HINDU PERIOD.

BY

THE LATE MR. R. C. DUTT. C. I. E.

TRANSLATED FROM THE BENGALI INTO PARBATIYA

BY

SHRI VIJNAN VILAS.

CALCUTTA:

PRINTED AND PUBLISHED BY UPENDRA NATHA CHAKRAVARTI,
AT THE SANSKRIT PRESS,
No 5, NANDAKUMAR CHAUDHURI'S 2ND LANE.
1914

All Rights Reserved.

Price Re 1. only.

INTRODUCTION.

A SHORT SKETCH OF THE PARBATIYA LANGUAGE AND LITERATURE

The language of the Gorkhas, who form an important part of the British Indian army, is Parbatiya. It is the court language of Nepal, and as such it is spreading among various Tibetan tribes of that country, even superseding some of their languages. The Buddhist and semi-Hindu subjects of the King of Nepal do, it is true, speak among themselves Newari, Gurung, Limbu, Bhoto, Lepcha, Murmi and other Tibetan dialects, but they have got to learn the Sanskritic Parbatiya as it is the language of the ruling classes. Moreover Parbatiya stands for Hinduism in Nepal, and Hinduism which existed in Nepal side by side with Buddhism long before the coming of the Rajputs, is unmistakably gaining ground among the Lamaistic people of the land. Thus Parbatiya is fast growing in importance throughout Nepal and the neighbouring tracts.

The history of the language does not go back beyond two or three centuries and is interwoven with the fortunes of the Gorkhas. Parbatiya is one of the Aryan languages of India and is spoken in the Himalayan regions, from Bhutan to Garhwal. It forms the branch of the Pahari or hill

speeches, a name given to the dialects of Hindi spoken on the Himalayan border. These Pahari dialects are descended from Rajasthani, or Hindi of Rajputana. With the pressure of the Mohamadan incursions in Northern India, some Rajput chiefs left their ancestral homes in the plains and settled with their followers in the hill tracts of Kangra, Simla, Garhwal and Tehri. They presumably intermixed with other Hindu peoples already dwelling there. In the 16th century of the Christian era, some Rajputs from Udaipur first settled in Garhwal, Kumayun and Almorah. These Rajputs spoke the Harroti dialect of Avanti, or Malwa Hindi. In 1559 a small party of them advanced farther towards the east and conquered the small state of Gorkha, seventy miles north-west of Katmandu. From this town of Gorkha the people and the language received the names of Gorkha and Gorkhali. Maharaja Prithvi Narayan Shah of Gorkha, the founder of the present Nepali dynasty, conquered the whole of Nepal in 1768 from the Newars, who had been already largely influenced by Hindu ideas. His successors went on extending Nepalese territories until their conflict with the British in India which has put a check to their further advance.

The original language of the Rajput colonists had now, owing to long isolation and territorial conditions, changed a great deal and had developed so far as to be recognised as a sister dialect of, rather than the same tongue with Garhwali or Rajasthani. It came to be known as Parbatiya from its being spoken in the *Parbat* or hill regions,

Gorkhali from Gorkha, the first important seat of the present dynasty, and Khas-kura. This last name is generally explained as having been derived from the Arabic word *khâs*, meaning state or official, because Parbatiya is the official language. But the word Khas-kura or Khas-boli (the *Khas* language ; *kura* or *bôli* = speech, language) seems really to be connected with the Khasas, a tribe of west Nepal, now the name of one of the Kshatriya sub-castes in Nepal.

The peculiar position of Parbatiya gives it much more importance than a mere dialect would do. Two important facts—isolation from the rest of India and internal independence of the Nepalese government—have made Parbatiya a separate language with a literature of its own. The language is spreading among a young and vigorous people, and it has all the capacities for expression possessed by any of the Aryan vernaculars of India—the never-exhausting store-house of Sanskrit being its heritage in common with all the languages of India, Aryan and Dravidian.

Its literature is poor indeed, but it cannot be otherwise when we consider that in its present form the language is scarcely three centuries old ; and throughout all the time that it was developing, the people who spoke it were constantly engaged in warfare, carving out with their swords homes for themselves. Pioneers can hardly have any time to build up a great literature. But, doubtless, there was a folk-literature among this sturdy people, consisting of war-songs and lays, hymns in honour of Pashupatinath and

Durga, the Guardian Deities of the Gorkhas, which are even now sung by the *Gahines* or bards (corresponding to the *Bhats* and *Charans* of Northern India, the *Gayans* of Bengal and the *Gondhalis* of Maharashtra) and amuse and edify the people, and which might even now be collected to form a treasury of Gorkha ballads and lays. And the heart of the nation could never be dormant among a chivalrous people amid such majestic scenes of Nature as in the woods and snows of the Himalayas The Gorkha peasantry has a store of love-songs and lyrics which are hardly inferior to those of any other people and which should interest all who take a delight in folk-poetry, coming as they do from the inner spirit of a simple and unsophisticated race. A collection of these would form one of the gems in the treasury of Indian literature.

But it was only when their power had been fully established in Nepal that the Gorkhas could turn their attention to literature. Considering the youth of the language, this literature is not very recent, although it does not go further back beyond the last quarter of the 18th century. The language found a great patron in Maharaja Rana Bahadur Shah, who also did much to encourage Sanskrit learning in Nepal. As in the case of the literary revivals in most of the Indian languages, Parbatiya literature begins with translations from the Sanskrit. Bhanu Bhakta's *Ramayan* is the best known among Parbatiya compositions. Rajivalochana is a poet of considerable merit. And Motiram Bhatta, whose best work is *Usha-Charitra*, a romantic poem, showed great promise ; but he was prematurely cut

off, to the great loss of the rising Gorkha literature, while he was a student of the Intermediate class in the Allahabad University.

In prose, Parbatiya literature possesses a few original works—and one is the *Birasikka*, a collection of folk-tales. A prose literature can be developed only when education is widespread and there is a general demand for information. Some Bengali and Hindi novels have been translated by domiciled Gorkhas of Benares, Simla and Darjeeling. But the language, idiom and the subject-matter of some of these books can never give them any place in literature. Dramas of a romantic nature are occasionally staged by the Gorkha residents of Darjeeling, but they have never been printed. Portions of the Bible have been translated by Christian missionaries, but the language of these translations does not find favour with the Gorkhas. There is no paucity of Pandits, learned in Sanskrit, among the Gorkhas ; but these Sanskrit scholars think it unnecessary and even derogatory to write in the *Bhasha* or the vernacular, at any rate in *Bhasha* prose.

But the Gorkhas who have come into contact with the life and thought and literary movements of India are keenly feeling the defects of their language and are trying to give a literary dignity to it. For the present they are following in the wake of the more progressive Indian peoples and are content mainly with translations from Bengali and Hindi as well as from Sanskrit and English. The Gorkha Grantha Pracharak Mandali of Bombay has begun translations, in prose, of the original Ramayana and

Mahabharata ; and it has already published prose translations of some episodes of the Mahabharata in a style noble and dignified. Some Gorkha young men, realising the poverty of their own literature, have brought out a Parbatiya Grammar and some other little books. Their attempt is in every way deserving of praise and encouragement. We are sure their laudable projects will be crowned with success. The position of these young men is a most enviable one : they are practically laying the foundation for their national education and national literature, which will make the brave Gorkha people one of the foremost races comprising the great Indian nation.

CALCUTTA,
15th August 1914.

VIJNAN VILAS.

The translator and publisher express their thanks to Messrs. Gurudas Chatterjee & Sons, Calcutta, for their kind permission to render the late Mr. R. C. Dutt's History of India into Parbatiya.

शुद्धिपत्र ।

—:०*०:—

अशुद्ध	शुद्ध	पृष्ठ	पंक्ति
पदुन्छ	पादुन्छ	७	६
इश्वर	ईश्वर	११	९
यैस	एसै	१६	११
यौवनअ वस्थामा	यौवन अवस्थामा	२०	१९
समुद्र	समुद्र	३०	९
अर्थत्	अर्थात्	३१	४
पानिलाईदिन्ये	पानि लाई दिन्ये	३८	११
गऊँका	गाऊँका	„	„
निसकथ्यो	निसकन्थ्यो	४०	३
पञ्जार्ल्	पञ्जाल	४१	६
लेखियाका	लेखियाका	„	१२
हिन्दुहरुको	हिन्दुहरुको	५१	८
गर्दछन्	गर्दैनन्	५३	३
जहेर	जाहेर	५७	८
थेरे	घेरे	६०	११

अशुद्ध	शुद्ध	पृष्ठ	पंक्ति
भारतवर्षलई	भारतवर्षलाई	६९	२०
ब्राह्मणको	ब्राह्मणको,	७२	१४
इच्छा	इच्छा	७४	१७
थिया	थिये	७६	१९
पैलेनै	पहिलेनै	,,	२०
मधूमयी	मधुमयी	८५	१८
वोल्थे	वोल्दथे	८८	७
राज्यहरूका	राज्यहरूमा	९०	११
काव्यमा	कालमा	,,	१९
महीपालदिग्थि	महीपालदिग्धि	९३	११
देशको	देशका	१०२	६
महमुद	महमूद	१०३	९
कान्यब्रजका	कान्यकुब्जका	१०६	१९

[हलन्त विशेष गरी गरायाको कारण विदेशी-हरूको स्पष्ट उच्चारणका निमित्त हो ; जति जति पछि गयो उति उति हलन्त कम गराइयाको छ, अन्तमा चाहिने मात्र हलन्त छ ; द्वितीय प्रकाशमा सुधारिनेछ ।]

भारतवर्षको इतिहास ।

हिमालय पर्व्वत् देखि दक्षिण, लङ्का, भारतसमुद्र देखि उत्तर्, अरेबियन् समुद्र, बेलुचिस्थान्, अफगानिस्थान् देखि पूर्व्व, र चिन्, स्याम्, देखि पश्चिम्को त्रिकोण परेको मुलुक् लाई भारतवर्ष अथवा हिन्दुस्थान् भन्दछन् ।

भारतवर्षमा आर्य्यजातिहरु आउनु भन्दा अघी जङ्गलि मानिसहरु वस्द थे । तेस्बेलाका मानिसहरुको सत्य हाल् केहि जानिदैन । तिनिहरु लेख्न पढ्न जान्दैनथे, जङ्गलको कन्दमूल् र जानवरको मामस खाई प्राण धारण गर्द थे । धेरै वर्ष पछी हाम्रा आर्य्य जाति पुरुखाहरुले हिन्दुस्थान्मा आई जङ्गलिहरुलाई जितो वास् लिये । हामि तिनैका सन्तान् हौं ।

आदिम् आर्य्य जाति पूर्व्वकालमा हिन्दुकुश् पर्व्वतका उत्तर् तर्फ अक्सर् र जाक्सार्टिस् नदीका तीरका मुलुक् मा वास् गर्द थे । हिन्दु, पार्सी, ग्रीक्, रोमन्, इतालियन्, फ्रेन्च्, अङ्गरेज्, जर्म्मन्, स्प्यानिस्, रसियन् इत्यादि धेरै जाति इनै प्राचिन् आर्य्य जाति बाट उत्पन्न भया का हुन् ।

आर्य्य भ्रमण—जहान् धेरै वढ़े पछी सोहि मुलुकमा वसी खान नपुग्ने हुंदा, २।४ वर्ष विराई विराई, दल् वांधि वांधि, आर्य्यहरु चारै दिशा तिर जानलागे । जुन् मुलुकमा गयी उसै मुलुकका हतियार् रहित् जङ्गलि मानिसलाइ जिती, तिनैलाई कमारा कमारि भैं वनाई उपनिवेश् स्थापन् गर्न लागे । कहां कति स्थापित् गरे सो सवै भनी असाध्य छ । मुख्य मुख्यहरु इनै हुन् :—

(१) इयुरोपको दक्षिण् र पूर्व्वमा जो स्लाभ्हरु आजकाल् रसियन् र पोल् नामले प्रसिद्ध छन् सवै आर्य्यसन्तान् हुन् । पहिले आर्य्यहरुले इनै स्थानमा उपनिवेश् स्थापन् गरे । इनिहरुलाई स्लाभनीय-आर्य्य भन्दछन् ।

(२) इयुरोपको मध्यांशमा वास्गर्ने लिथुनीयहरु आर्य्यवंशका हांगा हुन् । आजकालका प्रुशियन्हरु अधिकांश आर्य्य हुन् । इन्लाई लिथुनीय-आर्य्य भन्दछन् ।

(३) इयुरोपको पश्चिमभा वस्ने टिउटन्हरु पनी आर्य्यवंशका हांगा हुन् । आजकालका जर्मन्, डेन्स, पोर्टुगीज्, अङ्गरेज् प्रभृति सबै टिउटन्-आर्य्य हुन् ।

(४) इयुरोपका दक्षिण र पश्चिमका कुनामा वास् गर्ने केल्टिकहरु पनी आर्य्यवंशि हुन् । आजकालका स्प्यानिस्, फ्रेन्श्, आइरिस् प्रभृति केल्टिक् आर्य्य हुन् ।

(५) पूर्व्वकालका इयुरोप्मा सभ्यताको दिप् जलाउने रोमन् र ग्रीक् पनी आर्य्यवंशका हेलेनिक् शाखा हुन् । आजकालका ग्रीक्, इतालियन्हरु हेलेनिक्आर्य्य हुन् ।

आर्य्यहरुको सिन्धुतीर्मा उपनिवेश् ।

लोकसंख्या बढ़नाले अथवा उस्वेलाका तुरेणीय हरुको पीडन्ले गर्दा आर्य्यहरु जम्मै पश्चिम् र दक्षिण तर्फ राज्य फैलाउंदै जान लागे । क्रमशः पञ्जाब्का उत्तर्खण्ड र काबुल् सम्म राज्गर्दै आई पुगे । आफ्हां सम्म आये पछी आर्य्यहरु आपुस्मा छुट्टिन लागे ।

तिनिहरुको आपुस्मा छुट्टिनाको पक्का कारण् कैहि पाइंदैन, तथापि, धर्म्म र आचार-व्यवहार्को विभिन्नताले यो विच्छेदको मूलकारण् हो भन्ने मानियाकोछ । आर्य्यहरु मध्यमा एक् थरि सामान्य सोमरस् र सागपात् मात्र आहार गर्दथे । अर्का थरि सोहि सोमरस्लाई मद्य सम्झी पान् गर्दथे र माम्साहारी पनी थिये । पहिला थरि सोमरस् र फलफुल् मात्र चढ़ाई देवताहरुको पूजा गर्दथे ; अर्का थरि भने रक्सि, माम्स इत्यादि चढ़ाई देवताहरुको आराधना गर्दथे । पहिला थरि आफ्ना आराध्यलाई 'असुर' भनी पूजा

गर्दथे र अर्का थरिका आराध्यलाई "देव" भनी घृणा गर्दथे ; अर्का थरि पनी तेसतै गरी आफ्ना आराध्य लाइ "देव" भनेर पूजा गर्दथे र अर्का थरिकालाई "असुर" भनी घृणा गर्दथे । केहि दिन् पछी देवपूजक् र असुर पूजक् हरुमा महाविरोध् र युद्ध आरम्भ भयो, र एसै उस्ले दुई थरिको आपुस्मा संघैको निमित्त विभिन्नता भयो । असुर-पूजक्हरु अर्थात् प्राचीन् पारसी वा इरानीहरुले पर्सिया वा इरान् देश् स्थापन् गरे । देवपूजक् अर्थात् प्राचीन हिन्दुहरुले भारत्-वर्षको सिन्धु (इन्डस्) नदीका किनारमा उप-निवेश् स्थापन् गरे । एसै वेला देखिनै हिन्दु-इतिहास् को आरम्भ भयाको हो । तर हिन्दुहरु मध्ये धेरै जना यो कुरामा विश्वास् गर्दैनन्, आर्य्यहरु भारतवर्ष मा उपनिवेश् स्थापन् गर्न पछी आयाका होइनन् अघि देखिनै भारत्वर्षमा थिये भनी इनिहरु भन्दछन् ।

अनार्य्यहरु सितको युद्ध ।

पछिका पण्डित्को मत् यही हो कि, आर्य्यगण जुन् वेला भारत्वर्षमा प्रवेश् गरे तेस् वखत्मा भारत-वर्षमा नाना किसिम्का असभ्य जाति वास् गर्दथे ।

आजकाल्का जङ्गल् र पहाड़मा वास् गर्ने भील्, कोल्, सन्ताल् प्रभृति असभ्य जातिहरु भारत्वर्षका आदि अधिवासी हुन्; आर्य्यहरु सङ्ग धेरै काल् सम्मको भीषण लड़ाजीमा पराजित् र देशच्युत भै, आफ्नु उर्व्वर प्रदेश त्याग् गरी पर्व्वत र जङ्गल्मा आश्रय लियाका हुन्। सिन्धु नदी तरे को धेरै काल् विल्म न पाउं दै असभ्य जाति र आर्य्यगणहरुको लड़ाजी प्रारम्भ भयो। आर्य्यगणको वर्ण गोरो थियो। तिनिहरु भारतवर्षका आदिवासिहरुलाई काला भनी घृणा गर्द थे र इनै काला को वंश नाश् गर्नलाई सदैव देवताहरुका साम्ने आराधना गर्द थे। धेरै वर्ष सम्म भीषण युद्ध गरेपछी आदि अधिवासिहरु क्रमैसित पराजित् भै सिन्धु देखि सतद्रु नदी सम्मको सबै मुलुक् (पञ्जाब्) आर्य्यहरु को वस्मा आयो। वैदिक् समय (वेद लेखियाको वेला) भन्दा अघी आर्य्यहरुले केवल् यही मुलुक् मात्र हात् लाउन सकी का हुना ले यही प्रदेश्को हाल् मात्र वेदमा लेखेका छन्। विजित असभ्यहरु धेरैले आर्य्यहरुको अधीनता स्वीकार् गरे, बांकि जङ्गल् र पहाड़मा पसी, आफ्नु स्वाधीनता रक्षा गर्न लागे।

अनार्य्यहरु सङ्ग युद्ध गर्ने आर्य्य राजाहरु मध्ये

सुदास् राजा प्रसिद्ध वीर् हुन् । ऋग्वेद-संहिता बाट यो जाहेर् हुन्छ कि, एक् चोटि तिन्का शत्रुपक्षी दस् जना राजाले एक् मत् भै, आदीना-नाम्भयाको नदीको गति फेरेर, सुदास् राजालाई जित्ने र पक्रने उद्योग् गरेथे ; तर सुदास्को भाग्यले आदीना नदी पुराने बाटो लिई बग्न लागिन् ; तसर्थ सुदास् राजाको बाटो नछेकियेको हुनाले शत्रुहरुको चाडैने हार् भयो । ऋग्वेद्-संहिता बाट एस्तो पनी थाहा हुन्छ कि अनार्य्यहरु नदी तीर्का जङ्गल्हरुमा लुकेर बस्दथे र आर्य्य हिन्दुहरुको चर् बुझी दुर्ब्बल् भया-का वेला पारी, हम्लागरी, गाउंमा पसी गाई भैंसी इत्यादि लुटी, फेरि जङ्गल्का गुप्तस्थान्मा भाग्दथे । कुयव नाम् भयाको अनार्य्य-वीर् सीफा, अञ्जसी कुलिशी र वीरपत्नी नाम भयाका नदीका तीर्का झाड़िमा लुकी आर्य्य-हिन्दुहरु माथी बराबर् हम्ला गर्दथ्यो । कृष्ण नामक् अर्को अनार्य्यवीर् अम्शुमती नदीका तीर्मा दश हजार् फौज् लियेर वास् गर्दथ्यो । तर अनार्य्य-वीर्हरु को बीरत्व र कौशल् व्यर्थ भयो ; पाच् छः सई वर्ष भित्रैमा सिन्धु देखि शतद्रु र सरस्वती नदीका तीर् सम्म-को समस्त प्रदेश्मा हिन्दुको राज्य स्थापित भयो ।

वेद।

वेद हिन्दुहरुको प्रधान् धर्म्मशास्त्र हो, हिन्दुमा वेद अपौरुषेय हो भन्ने विश्वास् छ। एस् पृथ्वी भरीमा वेद जत्तिको पुरानु ग्रन्थ अरु कौनै जातिका घर्मा छैन। वेदका मन्त्र बाट सिन्धुतीरवासी आदि हिन्दुहरुको प्रकृति र धर्म्मको परिचय पईन्छ।

कृषि वाणिज्य र शिल्प।

एहि हिसाबले असंख्य युद्ध द्वारा हिन्दुराज्य फैलिन लाग्यो र हिन्दुहरुले पनी बराबर् सभ्यता र वृद्धि पाउन-लागे। पहिले जहां जङ्गल् थियो उसै ठाउंमा अब कृषिकार्य्य (खेति पाति) आरम्भ भयो, र क्रमैले गाउं, नगर् इत्यादि स्थापित् हुन लागे। पहिलेका हिन्दु पनी आजकाल्का हिन्दुझैं कृषिप्रिय (खेति मन्पराउने) थिये। तेस् कालमा कृषिकार्य्यका निमित्त र पान् गर्नाका निमित्त कुवा खन्दथे र घटीचक्र नाम्भयाको यन्त्र द्वारा कुवा बाट पानी झिकी खेत् पटाउंद थे। एस्ती उपाय नगरे शुष्क देश् पञ्जाब्मा खेति गरी साध्य छैन।

तेसवेलाका हिन्दुहरु कृषिकर्म्म वाहेक् वेपार् र गोठ् राखने काम् पनी गर्द थे। गाई, भैंसि, बाख्राहरु

इत्यादि पशुलाई एकै ठाउंमा उत्तम् घांस् हर्वखत् न पाइने हुंदा पशुपालकहरू गाइ वस्तु चराउन वरावर् देशान्तर् घुम्द थे। वेपार्का निमित्त वाणिक् (वेपारि) हरू नदी या समुद्रको वाटो देशदेश्मा जानु आउनु गर्द थे। तेस् समयका हिन्दुहरू पशुमांसप्रिय हुनाले कैलेकांहीं घोडाको मासु पनि खान्थे भन्ने ऋग्वेदमा पाईन्छ। पिउने चिज् मध्यमा सोमरस्लाई हिन्दुहरू खुब् मन् पराउंद थे। तिनिहरू देवतालाई पनी सोम-रस् चढ़ाई आराधना गर्द थे। तेस् समयमा शिल्पकार्य-को पनी धेरै उन्नति भयाको थियो। छाला अथवा उन्, पश्मीनाको बस्त्र बन्द्थ्यो, सुवर्ण या चांदीका गहना बन्द थे, फलाम् र अरु साङ्गा धातु वाट तीक्ष्ण हतियार् वनाईन्थ्यो। ऋग्वेदमा गहनाका विषयमा, गलामा लाउने सुवर्णको 'निष्क,' छातिमा लाउने सुवर्णको 'रुक्म', हात् पाउमा लाउने 'खादि' र शिरमा लाउने 'सिप्र' भन्ने लेखियाकोछ। अस्त्रहरूका विषयमा शिरस्त्राण, वर्म्म, वर्शा, खड्ग, तीर् र धनुक प्रभृतिको नाउं लेखि-याकोछ। राजाहरू कैले काहिं हातिमा चढ़ेर हिंड्द थे। पुरोहितहरूलाई वरावर् गाई, घोड़ा, वग्गी र सुवर्णालङ्कृता दासीहरू दान् गर्दथे। सिन्धु-

तीरवासी हिन्दुहरुको शिल्पकार्य्यमा विशेष ज्ञान् थियो भन्ने ऋग्वेदका वर्णन् वाट प्रष्ट प्रष्ट जाहेर हुन्छ ।

आचार्, व्यवहार्, र सभ्यता ।

ऋग्वेदमा आर्य्य अथवा हिन्दु, र अनार्य्य अथवा वर्व्वर ई दुई जातिको वर्णन्, पाईन्छ । सभ्यता सङ्सँगै धेरै व्यवसाय आचार को पनी सृष्टि भयाकोताथियो तर व्यवसाय तेतिन्ज्याल् सम्म वंशानुगत भयेकोथियेन । एक् ऋषिले प्रष्टै भनी गयाकाछन्, "मं वेदको मन्त्र रचना गर्दछु, मेरा पिता वैद्य ; र माछातारि धान् कुटेर जीविका निर्व्वाह गर्नुहुन्छ" *

भारतवर्षका नारीहरु चिरकाल् देखी पतिव्रता छन् । तिनिहरु पूर्व्वकाल्मा पतिहरु सङ्ग यज्ञादि कार्य्य गर्दथे । तिनिहरु नै यज्ञको सबै सामग्री तयार् गर्दथे ; कोहि कोहि विद्यावतीहरु यज्ञको मन्त्र समेत् रचना गर्दथे । विश्ववारा नाम् भयाकी विद्यावती नारीले एस्तै धेरै मन्त्र रचि गयाकिछन् ।

नारीहरु विवाहयोग्य उमेर् नपुगी विवाह गर्दैन थे ; कोई कोई नारीहरु चिरकाल् सम्म कुमारी रहन्थे ।

* Rig Veda IX. 112, 3

बाबुहरु कन्यालाई गहना भूषण् लगाई योग्य पात्रमा अर्पण् गर्दथे ; कैले कैले कन्याहरु आफै पति वरण् गर्दथे । बिबाहमा कन्यालाई जुन् उपदेश् दिइन्थ्यो सो ऋगवेद् बाट उल्था गरेको एहि हो :—

"सुलक्षणा भयेर पति कहां वास् गरे, दास् दासी र घर्मा पालियाका पशुपक्षिको हेर्चाहा गरे । तिम्रा आंखा क्रोधशून्य हुऊन् ; पतिको र सासुको आज्ञा पालन् गरे ; पशुहरुको पनी मङ्गल् हुने काम् गरे । तिम्रो मन् सधैं प्रफुल्ल रहोस् ; तिम्रो सौन्दर्य्य मङ्गल् कारक् हुवस् । वीरप्रसविनी भये ; देवसेवा परायणा भये । दास दासी र घर्मा पालियाका पशुपक्षिको हेर्चाहा गरे ।"

पतिको बियोग् भये पछि बिधवाहरु अर्को बिबाह गर्न पाउंदथे, र जुन् पुरुष् बिधवा बिबाह गर्दथे तिनिहरु "दिधिषु" भनिन्थे । मरेका मानिस्को शब दाह गरी भष्म भूमिमा संस्थापित् गरिन्थ्यो । धेरै अघी शब दाह नगरी मृत्तिकाय संस्थापित् गरिन्थ्यो, यस्को परिचय पनी ऋग्वेदुमा पाइन्छ ।

धर्म्मप्रणाली ।—

वेदुमा इन्द्र, अग्नि, मरुत्, वरुण, मित्र, सावित्र, द्यौ, अश्विन्, सोम, ब्रह्मा, विष्णु, रुद्र प्रभृति धेरै देवता-

को उल्लेख देखिन्छ। लेखियाका धेरै देवताहरुका पत्नी-हरुको नाउं पनी वेदमा देखिन्छ। वेदले वर्णन् गरेका देवताहरुमा कैले वरुणदेवको र कैले इन्द्रदेवको प्राधान्य देखिन्छ।

आर्य्यगणहरु देवताको प्रीति, र परलोकको सद्गति पाउना लाई नानाप्रकारका यज्ञ क्रियाको अनुष्ठान् गर्दथे। मरे पछि स्वर्गमा पुत्र-कलत्रादि जहान्हरु संग एकैठाउँमा वस्न पाऊं भन्ने कामना तिनिहरुमा थियो। तिनि-हरु यमराजलाई परलोकका इश्वर् र पुन्यात्मा मनुष्यका सुखदाता भनी स्तुति गर्दथे। ऋगवेदमा नरक् छ भन्ने लेखियाको नभयातापनी एस् लोकमा दुष्कृति गर्नेहरु-लाई परलोकमा भयानक् सास्ति भोग्नुपर्छ भन्ने लेखियाको छ। तिनिहरु "घोरान्धकारमय गभीर गह्वरे निक्षिप्त" हुन्छन् भन्ने वर्णन् गरियाकोछ। अथर्व वेदमा भने "नारक" शब्द लेखिया कोछ।

ऋग्वेदमा सरस्वती नाम् भयाको आराध्या देवी, र उषादेवीको विशेष् स्तुति प्राचिन् हिन्दुहरु गर्दथे भन्ने पाइन्छ। चिन्ताशील ऋषिहरु परमेश्वरलाई हिरण्यगर्भ अथवा विश्वकर्म्मा भनी आराधना गर्दथे।

तिनिहरुले स्पष्ट लेखि गयाका छन् "उनै सर्व्वज्ञ पिताले

विशेष् चिन्ता द्वारा आकाश् र पृथ्वी परस्पर सम्लग्नरूपले सृष्टि गरेका थिये, पछि तो दुईलाई विभिन्न गरिदिये" ।

"तो विश्वकर्म्मा अति महान् छन् । तो सर्व्वसृष्टि-कर्त्ता, सर्व्वधारणकर्त्ता सबैका माथि छन् र सर्व्वदर्शी हुन् । तो समर्शी नक्षत्र भन्दा माथि छन् । विज्ञहरू तिनि लाई चिन्हे र इष्टलाभ् गर्दछन् ।

"जस्ले हामिहरूलाई जीवनदान् गरेकाछन्, जोहाम्रा सृष्टिकर्त्ताहुन्, जस्लाई यो विश्वब्रह्माण्डको सर्व्वस्थान्को हाल् थाहाछ, तिनि अनेक् देवताका नाम् बाट प्रख्यात् छन्, तर तिनि एक् हुन् अद्वितीय हुन् । सबै तिनि लाई चिन्ने इच्छा गर्दछन् ।"

ऋग्वेदको अर्को एउटा पवित्र सूक्त उल्था गर्दछौं ।*

"आदिकालमा केवल् हिरण्यगर्भ मात्र थिये । तिनि सबैका इश्वर् हुन्, तिन्ले आकाश् र पृथ्वीलाई आफ्ना आफ्नाठाउंमा राखिदियाका छन् ।

"हव्यद्वारा कस्को पूजा गर्छौं ?

"जस्ले जीवन् र जल् दान् गरेकाछन्, देवगण जस्को आज्ञा पालन् गर्छन्, अमरत्व जस्को छाया, मृत्यु जस्को दास,—तिन्को पूजा गर्छौं

* Rig Veda, X, 121, 1 to 6.

"हव्यद्वारा कस्को पूजा गर्छौं ?

"जो असीमक्षमता द्वारा समस्त नयनविशिष्ट र गतिविशिष्ट जीवित पदार्थका राजा हुन्, जो द्विपद र चतुष्पद जीवका सम्राट् हुन्—तिनै को पूजा गर्छौं

"हव्यद्वारा कस्को पूजा गर्छौं ?

"जस्ले असीमक्षमता द्वारा तुषारमण्डित पर्व्वत-माला सृष्टि गरेकाछन्, जस्ले आकाश् परिमाण गरे,—तिनैको पूजा गर्छौं ।

"हव्यद्वारा कस्को पूजा गर्छौं ?

"जस्ले शब्दायमान् गगनमण्डल् र मेदिनी रचना र विस्तृत् गरेकाछन्, जस्लाई आलोकपूर्ण आकाश् र पृथ्वी सर्व्वशक्तिमान् भनेर पूजा गर्दछन्, जस्का प्रभाब्ले सूर्य्यदेव् किरण् पाउंदछन्, तिनैको पूजा गर्दछौं"

प्राचीन् ऋषिहरुको घेरै जग्गाविर्ताथियो, गाई भैंसि अधिक् थिये । तिनिहरु मन्त्र रचना गर्दथे, राजाहरुको यज्ञकार्य्य समाप्त गराई घेरै ऐश्वर्य्यलाभ् गर्दथे, र लडाजीका बेलामा आर्य्य-अधिकार् रक्षा गर्नालाई अस्त्रहरु लिई रणभूमिमा गमन् गर्दथे । प्राचीन् ऋषिहरु वन्मा वसी कन्दमूल् खाई ध्यान् गरी जीवन् व्यतित् गर्दैनथे । तिनि-हरु समाज्मा वसेर समाज्को उपकार् साधन् गर्दथे ।

द्वितीय परिच्छेद् ।

गङ्गातीरमा हिन्दुराज्यको विस्तार् ।

कुरु र पञ्चाल् प्रभृति जाति ।—

हिन्दुहरू समस्त पञ्जाब् जितेर मात्र चुपलागी वसे-नन् । चाडैनै शतद्रु नदी तरी तिनिहरू यमुना र गङ्गाका किनार्मा अधिनिवेश् स्थापन् गर्नलागे ; यहि रित्ले कुरु र पञ्चाल् जातिले चांडैनै असाधारण् यश् र पराक्रम् लाभ् गरे । अरू अन्यान्य हिन्दुजातिहरू क्रमैले गोमरा, गोमती, गण्डक् प्रभृति नदी पार्भै, जङ्गल्मा डढेउलो लगाई खेत् बारि बनाई खेति पाति गर्न लागे, औ जहां बन्का पशु र बनमानिस् मात्र थिये ताहां सुसभ्य मानिस्को गाउं र सहर् स्थापित् गर्नलागे । यही रूप्ले गङ्गाका पूर्व्व दिशामा दुइटा पराक्रान्त राज्य स्थापित् भयो ; आजकाल्को अयोध्याप्रदेश्, अर्थात् गङ्गा र गण्डक्का विच्को स्थान्मा प्राचीन् कोशल्हरूको राज्य संस्थापित् भयो । आजकाल्को मिथिला प्रदेश्मा, अर्थात् गङ्गाका पूर्व्व तीर्मा प्राचीन् विदेहहरूको विस्तीर्ण राज्य संस्थापित् भयो । दक्षिण्मा आजकाल्को वारा-

णसी नगरको चारैतिरको प्रदेश् या प्राचीन् काशिपतिको राज्य स्थापित् भयो।

एस् समयमा हिन्दुहरुको बाहुवल् र वाह्यसम्पत्तिको जत्तिको वृद्धि भयाको थियो, तिनिहरुको हृदयबल् र ज्ञानभण्डारको पनी तेत्तिकै उन्नति भयाको थियो, यस्मा केहि सन्देह छैन। रामायण र महाभारत् दुई अतुलनीय महाकाव्य वाट तेस् वेलाको सामाजिक् हाल् स्पष्ट जाहेर् हुन्छ। ई दुई भूवनविख्यात् महाकाव्यको वृत्तान्त संक्षेप्मा तल लेखिया कोछ।

चन्द्र र सूर्य्यवंश।

वैवस्वत् मनुका इक्षाकु नाम् भयाका एक् पुत्र र, ईला नाम् भयाकी एक् कन्या थिये। इनै इक्षाकुको सन्तान् सूर्य्यवंश नाम्ले प्रख्यात् छ। चन्द्रनन्दन् बुधको र ईलाको बिवाह भयो र ई दम्पति वाट उत्पन्न भयाको वंश चन्द्रवंश नाम्ले प्रख्यात् छ। रामायणमा सूर्य्यवंशसुविख्यात् नरपति रामचन्द्रको वर्णन् लेखियाकोछ। महाभारत्मा कुरु र पाण्डव् नामधारी चन्द्रवंशीय नरपतिहरुको वृत्तान्त लेखियाकोछ। विदेह र कोशल् प्रदेशको इतिहास् रायायण वाट, र यमुना र गङ्गाका

बीचको प्रदेशको बयान् महाभारत् बाट, महर्षि बाल्मीकि र महर्षि व्यासका प्रतापले सबैका हृदयान्तर्गत् भयाकोछ ।

रामायण ।

इक्षाकु पछि अयोध्यामा क्रमैसित पांच् सहे चार् जना राजा भये ; वहां पछि रामचन्द्रको राज्याभिषेक् हुने भयाको हो । रामचन्द्रका पिता दशरथ् महाराजका कोशल्या, कैकेयी र सुमित्रा तिन् महिषी थिये । कौशल्याका गर्भबाट रामचन्द्र, कैकेयीका गर्भबाट भरत् र सुमित्राका गर्भबाट लक्ष्मण र शत्रुघ्नको जन्म भयो । चारै भाई अलौकिक् सुन्दर् थिये ; आपुस्मा अतिशय प्रीति थियो । यैस समयमा मिथिलाधिपति राजर्षिकि एक् गुणवती, सुन्दरी तनया सीता थिइन् । वीरकेशरी बालक् रामचन्द्रले इनै मैथिली सुन्दरीको पाणिग्रहण् गरेका थिये ।

बिबाह भयाको १२ बर्ष पछि दशरथ् महाराजले ज्येष्टपुत्र, रामचन्द्रलाई राज्याभिषेक् गरी, आफु राज्-काज् देखि छुट्कारा पाउने अभिलाषा प्रकाश् गरे । यो हर्षदायक् समाचार्ले गर्दा अयोध्यामा उत्सव् हुन लाग्यो । तर एउटी क्रूरहृदया दासी मन्थराका कुराका

जालमापरी मम्माताप्ली महारानी कैकेई आहार निद्रा त्याग् गरी आफ्ना खोपिमा बसिन् । पछिले दशरथ् राजाले तिन्को पराक्रम् देखेर खुसि भै तिन्को कामना पूरा गर्ने प्रतिज्ञा गरेका थिये । एस्बेलामा रानी कैकेईले माहाराजलाइ त्यो प्रतिज्ञा सम्झाई रामचन्द्र-लाई चौध बर्ष सम्म अरन्यबास् र भरतलाई सिंहासना-रोहण गराउने आफ्नु कामना प्रकाश् गरिन् । यो सुन्ने बित्तिकै राजा मूर्छामै लोटे; तर अङ्गीकार् भङ्ग गर्ने काम् सत्यवादी राजा दशरथ् बाट हुन सकेन । पितृसत्य पाल्ना-लाई धार्म्मिकोत्तम् रामचन्द्र, नबोढा बनिता सीता र भ्रातृ-बत्सल् लक्ष्मणलाई सङ्गमा लिई सन्यासिको भेष् बनाई बन् तर्फ प्रस्थान् गरे। यो हृदयविदारक् शोकज्वाला सहन नसकी राजा दसरथ् परम्धाम् जांदा भये ।

दक्षिण् तर्फको दण्डकारण्य नामक् बन्मा सीता र लक्ष्मणले सहित् रामचन्द्र कन्दमूल् खाई बास् गर्न लाग्दा भये । भारतवर्षको दक्षीण र पूर्व्व कुनामा लङ्का नाम् भयाको एक् टापु छ । असुराधिपति रावण् सोहि द्वीपबाट आई राम् र लक्ष्मण कुटिमा नभयाको बेला पारी छलछाम् गरी सीता लाई बलपूर्व्वक् हरण गरी आफ्ना राज्य लङ्कामा गयो । यस्तो दारुण दुःखका

बेलामा रामचन्द्रको सहायता गर्नालाई, सुग्रीव, अङ्गद, हनुमान् प्रभृति अनेक् बीरले कबुल् गरे । ईनै मित्र-हरुका सहायता लिई राम् लक्ष्मणले केहि मैन्हा अद्भुत् लड़ाजी गरी सबंश रावणलाइ मारी सीताको उद्धार गरे । उता बनबासकाल् पनी पूर्णभयाको हुनाले, लक्ष्मण् र सीता सहित् रामचन्द्र अयोध्यामा प्रत्यागमन् गर्दाभये । भरतले रामचन्द्रलाई आदरपूर्व्वक् सिंहासनमा प्रतिष्ठित् गर्दाभये ।

दुःख र क्लेशले रामचन्द्रको पिछागर्न कैल्ये छोड़ेन । सीता धेरै दिन् सम्म रावणका घरमा थुनियाकि हुनाले तिन्लाई रामचन्द्रले फेरि ग्रहण गरेको देखी कोही एक् कुबुद्धी पौरवासीको असन्तुष्ट कुराका निहुंले निरप-राधा जानि जानि मुटुमा गाँठो बांधि बांधि सीतालाई वन्मा छोडी आउन लक्ष्मणलाइ पठाउंदाभये । निर्व्वा-सिता सीतालाई देखी करुणामय महर्षि वाल्मीकिले आद-र्पूर्व्वक् आफ्ना आश्रम्मा लगी सीताका निमित्त फरक् एक् कुटि बनाई दिंदा भये । सीता तिस्वेलामा अन्तर-पत्या थिइन् र समय पुग्नेबित्तिकै दुई सुकुमार् पैदा हुंदाभये । ई दुई राजकुमार्को नाउं कूश र लव थियो ।

उता केहि काल् पछि रामचन्द्रले अश्वमेध् यज्ञको

अनुष्ठान् गर्दाभये। सो यज्ञस्थलमा अरु पूजनीय जन् संग महर्षि वाल्मीकि पनि निमन्त्रित थिये। तो आफ्ना शिष्य कुश र लव लाई साथमाली यज्ञमा पुग्दाभये। कुश र लव लाई महर्षिले रामायण गान् गर्न सिखाया-का थिये। मानिसले पूर्ण भयाको सो यज्ञस्थलमा तिनि-हरु गुरुका आज्ञानुसार् गाउँन थाले। तिनिहरुको अपूर्व्व मनोहर् गीत् सुन्दा सबै मोह भये। ई दुइ राम-चन्द्रका पुत्र हुन् भन्ने अन्तमा प्रचारित् हुंदा तमाम् दुनिआ सीताका शोकले अधीर् हुनलागे र वाल्मीकि महर्षिले सीतालाई अयोध्यामा ल्याउंदाभये, तर अन्या दुनिआको भीषण चित्त तैपनि असन्तुष्टै रह्यो। यो सहन नसकी सीताले संसारलीला त्याग् गरिन्। यो विषादजनक् घटना पछि श्रीरामचन्द्रले स्वर्गारोहण् गरे।

रामायण ग्रन्थ।

रामचन्द्रलाई हिन्दुहरु सबै अवतार् मान्दछन्। रामायण ग्रन्थ अत्युत्कृष्ट महाकाव्य हो भनि म्लेच्छहरुले समेत् मानेकाछन्। हृद्य शोकार्त्त महाराज् दशरथको तस्विर्, पतिपरायणा सीताको जीवनव्यापी शोक्,

लक्ष्मणको भ्रातृभक्ति, सत्य-प्रियता र वीरत्व—ई सबै अपूर्व्व चित्तहरु हिन्दुका हृदय-कन्दरमा चीरकाल सम्म ग्रथित रहनेछ ।

महाभारत ।

चन्द्रबंशका आदिपुरुष् बुधका नाति राजा ययातिका पाँच् छोरा थिये । ई पांच् मध्ये पुरुका सन्तान् पौरब् नाम्ले र यदुका सन्तान् यादव् नाम्ले बिशेष् बिख्यात् छन् । इनै चन्द्रबंशी राजाहरुले, आर्य्यावर्त्तको नाना ठाउंमा स्वतन्त्र राज्य स्थापन् गरी धेरै काल् सम्म राज् गरेकाथिये । पौरव्हरु मध्ये मगध्का जरासन्ध, मथुराका कंश, र हस्तिनापुरका कौरव्हरु सविशेष् प्रतापशाली र सुविख्यात् थिये । यादव्हरु मध्ये कृष्ण र बलराम्ले अतिशय प्रतिष्ठा र गौरव् लाभ् गरेका थिये । हिन्दुशास्त्रमा कृष्ण पूर्णब्रह्मरूप्ले कीर्त्तित् भयाका छन् ; अरु धेरै ग्रन्थमा पनि कृष्णको कीर्त्ति र लीलाकाहिनी सविस्तर वर्णित् भयाकोछ । कृष्ण कंशका भानिज् हुन् । तर मामाभानिज्मा अत्यन्त विरोध् थियो । कृष्ण बाल्य-अवस्थामा वृन्दाबन्का नन्द नामक् गोपराज्का घर्मा पालित भी वर्द्धित भये । यौवनअ वस्थामा तिन्ले मामा

कंशको निधन् गरी मथुराको राज् लिये। कंश मगध-राज् जरासन्धको जुवाजी हुनाले, कृष्णको र जरासन्धको युद्ध भयो। युद्धमा कृष्ण, लीला र शेषकार्य्य निमित्त द्वारिकैं भै, द्वारकानगरमा गई राज्यस्थापन् गरी वस्ता भये। चन्द्रवंशका पौरव् पट्टि कुरु नामक् एक् सुविख्यात् राजा भये। एहि कुरुवंशमा धृतराष्ट्र र पाण्डु नाम् भयाका दुई बैमात्रेय भाईको जन्म भयो। जन्मै अन्धा हुंदा, जेष्ट धृतराष्ट्र राजसिंहासन्का अयोग्य भई, भाई पाण्डु हस्तिनापुरका राजा भये। धृतराष्ट्रका दुर्य्योधन्, दुःशासन् प्रभृति सई छोरा र, पाण्डुका युधिष्ठिर, भीम, अर्ज्जुन्, नकुल्, सहदेव्, ई पांच् छोरा थिये। धार्त्तराष्ट्रहरु र पाण्डवहरु दुवै थरि कौरव् भयातापनि धृतराष्ट्रका छोराहरु मात्र कौरव् नाम्ले अविहित् छन्। पाण्डुनन्दनहरु पाण्डव् नाम्ले प्रख्यात् छन्। महाभारतमा कौरव् र पाण्डवहरुको राज्यनिमित्त भयाको महासमरको हाल् वर्णन् भयाकोछ। इनिहरुको लडाजी कुरुक्षेत्रमा भयाको हो। यो लडाजीमा भारतवर्षका जम्मै राजा एकानएका तर्फ भै लडेका थिये। अठार दिन् सम्म तेस्ठाउंमा भारि युद्ध हुंदा दुर्य्योधनादि कौरवहरु पराजित् र निर्म्मुलित् भये; पाण्डवको जीत् भयो।

महाभारतको उपाख्यान् सावित्रि चरित्र इत्यादि हाम्रा देशका आबाल-वृद्ध-वनिता सबैमा विदित् हुनाले सबै वर्णन् गर्नु निष्प्रयोजन् छ ।

महाभारत् ग्रन्थ ।

महाभारत् साक्षै ठुलो ग्रन्थ हो । यो ग्रन्थको अष्टादश अर्थात् अठार पर्व्व आद्यन्त सुललित श्लोकले भरिया कोछ । महाभारत् रूपि विपुल समुद्र मन्थन् गरि देखि, हिन्दुधर्म्मका नाना रत्न पाइन्छन् । नाना राजाका कथा, नाना नीतिशास्त्रले भरियाका उपाख्यान्, नाना सहरको वृत्तान्त, नाना मुनिहरुको आख्यायिका, नाना स्वतन्त्र वंशको इतिहास्, नाना रङ्का धर्म्ममत् र हित-कथा, नाना किसिम्का सामाजिक् व्यवहार् समेत्को वर्णन् हरुले यो ग्रन्थ परिपूर्णछ ।

आचार, व्यवहार, सभ्यता ।

रामायण र महाभारत् लेखियाका समयमा विद्या र शास्त्रको अतिशय आदर् थियो । राजाहरु आफ्ना आफ्ना सभामा विद्वान् र शास्त्रज्ञ पण्डितहरुलाई बोलाई तिनिहरु सित शास्त्रार्थ गर्दथे ; राजसभामा मात्र

विद्याको प्रशंसा थियो भन्नेहोइन ; नगर् नगर्, गाउं गाउंमा धर्म्मशास्त्रज्ञ पण्डितहरु छात्रहरुलाई शास्त्र-शिक्षा दिन्थे। तेस्वेलाका शिक्षाप्रणाली आजकाल्का टोल् (गुरुघर् पाठशाला) जस्तै थिये। पिता छोरा लाई गुरुका हातमा अर्पण् गर्दथे ; बालक् गुरुका घर्-मा बस्तथे, गुरु र गुरुपत्नीलाई पितामाता झैं सेवा गर्दथे, गुरुका घर्को काम् सबै गर्दथे, भिक्षामागी अन्न ल्याउंदथे; ब्राह्मण, क्षत्रिय र वैश्यका छोराहरु एहि हिसाब्ले वेदाध्ययन् र विद्या उपार्जन् गरी आफ्ना घर्मा फर्कन्थे। राजाका अथवा प्रजाका छोरा सबै एहि ढङ्गले सङ्सगै बालक् कालैमा विद्या उपार्जन् गर्दथे।

गाउं गाउंमा गुरुहरु एहि रूप्ले शिक्षादान् गर्दथे। ई वाहेक् कुरु, पञ्चाल्, बिदेह, काशी, कोशल् र अरु अरु जातिहरुको राजधानि र ठुला ठुला सहर्मा परिषद् अथवा विश्वविद्यालय थिये। फरक् फरक् परिषद्मा फरक् फरक् शास्त्रज्ञ पण्डित् भिन्न भिन्न विषयमा सिक्षा दिन्थे ; अनेक् बालक् पहिले गुरुहरु संग वेहि सिखी परिषद्मा प्रवेश् गर्दथे।

विद्याशिक्षा पाये पछि युवाहरु बिवाह गरी घर्मा वैदिक् यज्ञ गर्दथे। यज्ञ धेरै किसिम्का थिये। ठुला

ठुला यज्ञमा पुरोहितहरुलाई बोलाउनु पर्दथ्यो, तर साना साना यज्ञ गृहस्थहरु आफै घरमा सम्पादन् गर्दथे । ब्राह्मण, क्षत्रिय र वैश्यहरु मात्र घरैमा यज्ञगरी घरमा हरदम् यज्ञको अग्नि प्रज्वलित राख्दथे ; यज्ञ बाहेक् अरु धेरै सान्सारिक् अनुष्ठान् थिये । गर्भाधान्, नामकरण, चूडाकरण, उपनयन् प्रभृति अनेक् उत्सवमा हिन्दुहरु आमोद् प्रकाश् गर्दथे ।

मनुष्य परलोक् भयापछि तेस्को शरीर् दाहगरी भस्म गराउंथे, औ मरेका मानिसका निमित्त श्राद्धादि काम् गरिन्थ्यो ।

गङ्गातीरवासी हिन्दुहरुले सिन्धुतीरवासी आदि हिन्दुहरु भन्दा धेरै सभ्यता पायाका थिये । तिनिहरुले अधिकतर् शिक्षा पायाका थिये , शिल्प, कारुकार्य्य र सभ्यसमाजलाई चाहिने अनेक् द्रव्यको उन्नति गरेका थिये । राजाहरु धेरै सेना लियेर आफ्ना गढमा अथवा प्रासादमा बास् गर्दथे ; प्रजाहरु सहर् सहरमा र गाउं गाउंमा राम्रा महल् बनाउंदथे । बाणिक् (बेपारि) हरु राम्रा सिप्संग बनाईयाका द्रव्यहरु लियेर देशान्तर् भ्रमण गर्दथे, कृषक (खेतिबाला) हरु कूत् तिरेर स्वच्छन्दले दिन् बिताउंदथे । राजाहरुमा कस्तै ठुलो युद्ध

भयातापनि कुनै राजा कृषकहरुमाथि अत्याचार् गर्दैनथे।

तेस्वेलामा हिन्दुहरुले कत्तिको सभ्यता लाभ् गरेका-थिये रामायण र महाभारत्का सूर्य्य र चन्द्रवंशीहरु-को वर्णना वाट किञ्चित् अनुभव् गर्न सक्दछौं।

ज्योतिष् र अन्यान्य शास्त्र।

गङ्गातीरवासी हिन्दुहरु विद्याको विशेष् आलोचना गर्दथे सो अघिनै लेखियाकोछ। भारतवर्षमा सबै शास्त्र धर्म्मानुष्ठान् वाट आरम्भ भयाको हो, ज्योतिष् शास्त्रपनि धर्म्मबिचारै वाट उत्पन्न भयाको हो। नक्षत्र, चन्द्र र सूर्य्यको गति हेरी यज्ञकार्य्यको समय निरूपण् हुन्थ्यो। तसर्थ हिन्दुहरु चांडैनै नक्षत्रादि हेर्नामा निपुण भयाका थिये। आकाशमा चन्द्रमाको हिंड्ने वाटोलाइ सत्ता-इस् खण्डमा भाग् लगाई प्रत्येक् खण्डमा जुन् जुन् नक्षत्र देखिये तिनिहरुलाई अश्विनी, भरणी, कृत्तिका, रोहिणी प्रभृति २७ गोटा नाम् दिंदा भये। फेरि इनै सबै नाम् वाट वर्षको वाह्र मैह्नाको नाम् रचना भयो, जस्तै;—अश्विनी वाट आश्विन् मास्, कृत्तिका वाट कार्त्तिक् मास् इत्यादि। सूर्य्यको उत्तरायण गति र

दक्षिणायन् गति निरूपण भयो, एवं जुन् दिन्मा सूर्य्य उत्तर् वाट दक्षिण र दक्षिण वाट उत्तर् दिशा पट्टि गमन् गर्दछन् त्योपनि पत्ता लगाइयो। एहि रूपले ज्योतिष् शास्त्रको क्रमशः उन्नति भयो। हिन्दुहरूको २७ नक्षत्र वाट प्राचीन् चीनिआ र अरब्हरूले नक्षत्र गणना गर्न सिखे।

धर्म्मानुष्ठान् वाट जसरि ज्योतिष् शास्त्रको उत्पत्ति भयो, तेहि रूपले व्याकर्ण, ज्यामिति (रेखा गणित), र अरू शास्त्रको उत्पत्ति भयाको हो। यज्ञहरूमा वेदका मन्त्रहरू अभ्रान्त रूपले उच्चारण गर्नु आवश्यक् हुंदा शब्दको उच्चारणको नियमावली निर्द्धारित भयो; धातु, विभक्ति र प्रत्यय निर्द्धारित भयो; एवं रितले व्याकर्ण शास्त्र बन्यो। फेरि यज्ञको वेदि बनाउने धेरै नियम् थिये, कुनै वेदि त्रिकोण, कुनै वेदि चतुष्कोण, एस्तै धेरै आकारका वेदिको नियम् थियो। कुन् हिसाबले त्रिकोणको कालि ठिक् राखे र चतुष्कोण निर्म्माण गर्नु पर्छ, कुन् हिसाबले चतुष्कोणको कालि ठिक् राखे र गोलाकार् निर्म्माण गर्नु पर्छ, यस्तै नियम् वाट ज्यामिति शास्त्र उत्पन्न भयो। प्राचीन् ग्रीक् हरूले हिन्दु सँग ज्यामितिको प्रथम नियमावलि सिखे र यो शास्त्रको अरू उन्नति गरे।

अङ्कविद्या अर्थात् हिसाबमा पनि प्राचीन् हिन्दुहरू अद्वितीय थिये। तिनिहरूलेनै जुन् दशमिक् गणना (decimal notation) निकाले उहि अझसम्म चलिरहेछ।

धर्म्मप्रणाली।

वैदिक्कालमा जुन् जुन् देवताको आराधना चलेको थियो एस्कालमा पनि सोहि सोहि प्रचलित् थियो। अनेक् किसिम्का यज्ञको अनेक् किसिम्का नियमावली र पद्धति गङ्गातीरवासी हिन्दुहरू जान्दथे। कुन् यज्ञमा के के क्रिया गर्नुपर्छ, कुन् क्रियाको के अर्थ, के कारण र के फल् हुन्छ सबै "ब्राह्मण" नामक् धेरै ठुलो र लामु पुस्तक् वाट, र गृहस्थीहरूलेगर्नुपर्ने यज्ञ भिन्न, बनवासी ऋषिहरूको प्रयोजनीय क्रिया सबै "आरण्यक" नामक् ग्रन्थ वाट अवधारित् हुनलाग्यो।

एस्कालमा हिन्दुहरू कर्म्मकाण्डमा भुलेका भयेतापनि परब्रह्मज्ञान्को अनुशीलन् गर्न तिनिहरूले विर्सेका थियेनन्। एस्विषयमा तिनिहरूले गरेको गभीर आलोचनाको परिचय 'उपनिषद्' नामक् ग्रन्थमा पाइन्छ। सो आलोचनाको सार् यहीहो—यो अनन्त विश्व केवल् ब्रह्महो; सबै वस्तु ब्रह्मवाट उत्पन्न भयाको हो पछि फेरि

ब्रह्ममा लय हुन्छ । मनुष्य, सकलजीवजन्तु र अचेतन् पदार्थ सबै बारंबार् जन्मलिई आखिर्मा परमार्थ ज्ञान् पायेर् उनै एक ईश्वर्मा लीन हुन्छन् भन्या हिन्दुधर्म्मको सार् एही उपनिषद्को वाक्यहो ; हिन्दुधर्म्ममा जगत्व्यापी एकमात्र जगदीश्वर् मानियाका छन् ।

परब्रह्मका सम्बन्धमा उपनिषद् वाट एक अंश उद्धृत गरी तल लेखियाकोछ :—

"जो विश्व हुन्, जस्को अवयव् आत्मास्वरूपीछ, जस्को आकृति अग्नीस्वरूप्छ, जस्को चिन्ता सत्यस्वरूप्, जस्को प्रकृति आकाश् समान् सर्व्वव्यापी र अगोचर्, जस् वाट कर्म्म, वासना र आस्वाद् निस्क्यो, जस्मा ई सबै थोक् छन्, जो वाक्य उच्चारण गर्दैनन्, जो विस्मयभाव् जान्दैनन्, तिनै मेरा अन्तरात्मा हुन् ; जो कनिका भन्दा साना छन्, यव (जउको विउ) भन्दापनि साना छन् ; सर्षिउं भन्दा पनि क्षुद्र, कागुनु भन्दापनि क्षुद्र, बीज्को अन्तरात्मा भन्दा पनि क्षुद्र छन्, तिनै मेरा अन्तरात्मा हुन्,तिनै पृथिवी भन्दा पनि ठुला छन्, आकाश् भन्दा पनि ठुला, स्वर्ग भन्दा पनि बडा, सबै विश्वब्रह्माण्ड भन्दा पनि ठुला छन् ।

"जस्वाट कर्म्मसमूह, वासना, गन्धसमूह र आस्वादन् निस्कन्छ, जो ई सबै धारण गर्दछन्, जो वाक्य उच्चारण

गर्दैनन्, बिस्मयभाव् जान्दैनन्, तिनै मेरा अन्तरात्मा, तिनै मेरा परब्रह्म हुन् ; जुन्बेला म एस् जगत्लाई त्यागगर्दछु उसै बेला म तिन्लाई पाउंदछु ।"

तृतीय परिच्छेद् ।

भारतवर्षको हिन्दुराज्य बिस्तार् ।

हिन्दुहरु क्रमैले काशी र मिथिला प्रदेश् सम्म आयेर निश्चेष्ट बसिरहेनन् । तिनिहरु मिथिलाका दक्षिण गङ्गा-नदी, र गङ्गानदीका दक्षिणमा मगध् (बिहार्) देश् सम्मपनि फेलियेर पुगे । अघी मगध प्रदेशमा अनार्य्य बर्व्वरहरु बस्तथे, तर क्रमैले हिन्दुहरु त्याहां प्रवेशगरेर आफ्नु आचार्, व्यवहार्, धर्म्मानुष्ठान् र सभ्यता प्रचार् गर्नलागे । हिन्दुहरु बाट मगध् चांडैनै शिक्षित् भै काल-क्रमले मगध् राज्य भारतवर्षमाको एउटा प्रधान् राज्य हुन आयो ।

फेरि विन्ध्यागिरि पारमै हिन्दुहरुले बराबर् दक्षिण-को वाटो लिनलागे । रामचन्द्रकापालाको दण्डकारण्यमा रन्ध्र जातिहरुको एउटा सुसभ्य र महापराक्रान्त राज्य उत्पन्न भयो । दक्षिण पट्टि तेस्वेलामा रन्ध्र राज्य जस्तिको पराक्रान्त राज्य अरु कुनै थियेन । रन्ध्रहरुले नर्म्मदा नदीका तीर् देखि कृष्णा नदीका तीर् सम्म आफ्नु अख्तियार् फैलाये ।

पश्चिम्को सौराष्ट्र प्रदेश्मा हिन्दुसभ्यता प्रचारित् भयो । पूर्व्व पट्टि गङ्गाका मोहान् देखि समुद्रको उपकूल् भित्र, आजकल्को मद्राज् सम्मन् कलिङ्ग राज्य संस्थापित भयो । भारतवर्षको अतिदक्षिण सीमामा द्राविड़हरुले हिन्दुधर्म्म र हिन्दु सभ्यता ग्रहण गरी चोल्, चेर् र पाण्ड्य नामक् तिन् राज्य संस्थापन् गरे ; तमाम् भारत्-वर्षमा हिन्दुधर्म्मको र हिन्दुसभ्यताको प्रचार् भयो । हिन्दुहरु सकल देश्मा प्रवेश् गर्दा भये र सकल देश्का अनार्य्यजातिहरुले पनि हिन्दुधर्म्म मान्दा तो पनि हिन्दुमा गनिये ।

मगधराज्यको प्राधान्य ।

एहि रूपले समस्त भारतवर्षमा नया नया हिन्दुराज्य

स्थापित् भये । तर ई सबै हिन्दुराज्य मध्ये मगध् राज्य सर्व्वापेक्षा क्षमताशालि भयो । मगध् राज्यले पैले कैले सभ्यता र क्षमता पायेकोहो केहि निर्णय गर्न सकिन्न, तर क्रस्ताब्द (क्रस्तानि सम्बत् अर्थत् सन्) को छैठौं शताब्द अघी, जाहाँ गौतम्बुद्धले बौद्ध धर्म्मप्रचार् गरेकाथिये, त्यो भन्दा अघीनै मगधमा सुसभ्य हिन्दुराज्य थियो ।

क्रस्ताब्द भन्दा ५३७ वर्ष अघीदेखिन् ४८५ पूर्व्व-क्रस्ताब्द सम्मन् बिम्बिसर् नामक् पराक्रमी राजा मगध् र अङ्गदेशमा राज् गर्दथे । तिनैका पालामा गौतम्बुद्धले बौद्धधर्म्म प्रचार् गरे । तेस् समयका मगधवासीहरुको सभ्यताको परिचय हामिहरु बुद्धका ग्रन्थमा पढ्दछौं । बिम्बिसर्का छोरा अजातशत्रु पितृहत्या गरेर सिंहासन्-मा चढी ४८५ देखि ४५३ पूर्व्वक्रष्टाब्द पर्य्यन्त राज् गरे । इनैका पालामा गौतम्बुद्धको मृत्यु भयो । अजातशत्रु अति क्षमताशालि राजा थिये । एस् समयमा तुरेणी शत्रुहरुले हिमालय पर्व्वत् पारमै प्राचीन् विदेहहरुका देशमा राज्यस्थापन् गरेका थिये, अजातशत्रुले तिनि-हरुलाई परास्त गरी भारतवर्षलाई बिदेशीका अधिकार् बाट मुक्त गराये । पश्चिम् दिशा पट्टि पनि अजात-शत्रुले प्राचीन् कोशल् काशी प्रभृति राज्य जीती मगध्

राज्यको सीमा र क्षमताको वृद्धि गरे। कौनै राज्यको समृद्धि स्थायी छैन; हिन्दुराजलक्ष्मीले पहिले सिन्धुका तीर्मा, त्याहां पछी गङ्गा र यमुनाका तीर्मा एवं आखिर्मा, मगध् राज्यमा आफ्नु कृपा वर्षण् गर्दीभईन्।

अजातशत्रुका मृत्यु पछी अनुमान् ८० वर्ष सम्म केहि राजाले राज् गरे; त्याहां पछी ३७० देखिन् ३२० पूर्व्व कृष्टाब्द पर्य्यन्त नउ जना नन्दवंशका राजा हरुले मगध् देश्मा राज् गरे। पछिल्ला अर्थात् नवम राजाका पालामा म्यासिडन्का अधिपति महाबली, महापराक्रमी अलेक्-जेण्डर् (सिकन्दर्) ले भारतवर्ष आक्रमण् गरे, तर सतद्रु नदीका तीर् सम्म मात्र जयगरी तिनि स्वदेश् तर्फ फर्के। मगधदेश् वाट चन्द्रगुप्त नामक् एक् पलातकले अलेक्-जेण्डर् सँग भेट् गरी केहि दिन् निजैका पाल्मा समेत् बसे, तर आफ्नु (चन्द्रगुप्तको) धृष्टता देखि अलेक्जेण्डर् रिसायाको थाहा पाई तिन्का पाल्वाट भागि भनी भन्दछन्।

अलेक्जेण्डर्ले भारतवर्ष छोडेपछी पञ्जाब्का योद्धा-हरुको सहायता र बुद्धिमान् ब्राह्मण चाणक्य पण्डित्का सहायताले शेष् नन्दहरुलाई परास्त गरी अनुमान् ३२० पू: कृष्टाब्दमा चन्द्रगुप्त मगधराज्यका सिंहासन्मा चढ्दा-

भये। मगधराज्मा धेरै पराक्रमी राजा भयेतापनि चन्द्रगुप्तभँ क्षमताशाली कोहि भयेनन्। तिनि प्राचीन् कुरु, पञ्चाल् र सिन्धुतीरवासी हिन्दुहरुको प्रदेश् सबै जिती समस्त आर्य्यावर्तको एकाधीश्वर् भये। चन्द्रगुप्तका पालामा ग्रीक् पण्डित् मेगास्थिनिस् मगध्को राजधानी पाटलिपुत्र नगर्मा आइ बसेका थिये, तिन्ले चन्द्रगुप्तको असीम क्षमता र हिन्दुहरुको सभ्यताको एक् एक् गरी भारी प्रशंसा गरेकाछन्। हिन्दुहरुको शासन्-प्रणाली, शास्त्रालोचना, शिल्प (सिप्) र समाजनियम् शान्तस्वभाव् एवं सरलता सत्यप्रियता प्रभृति धेरै विषय मेगस्थिनिस्का किताब् बाट थाहा हुन्छ।

अनुमान् २९० पुः ख्रष्टाब्दमा, चन्द्रगुप्तको मृत्यु भये पछी तिन्का छोरा बिन्दुसर् पछी, तिन्का पुत्र असीम-गौरवान्वित अशोकराज्, अनुमान् २६० पुः ख्रःमा, मगध्-का सम्राट् भये। प्राय तिन् सई वर्ष अघी, दीन-दरिद्र गौतमबुद्धले जुन् बौद्ध धर्म्म प्रचार् गरेकाथिये, भारतेश्वर् अशोकराज् आफैले सो धर्म्म ग्रहण गरी समस्त भारत्-वर्षमा बौद्धधर्म्म प्रचार् गर्दा भये। तसर्थ अशोक् राजाका पालि देखी भारतवर्षमा बौद्धधर्म्मको आरम्भ भयो। सोहि बौद्धकालको वर्णन् अर्को परिच्छेदमा लेखिनेछ।

ग्रीक् लिखित भारतवर्षको वर्णन् ।

ग्रीक् पण्डितहरूले तेस् कालको हिन्दुसभ्यताको जो वर्णना लेखी गयाकाछन् सो हामिले अवश्य जान्नु पर्दछ । ग्रीकहरूले हिन्दु सात् जाति छन् भन्ने लेखी गयाकाछन् । यथा,—

(१) धर्म्म र विद्या व्यवसायी । (४) योद्धा ।
(२) राजपारिषद् र कर्म्मचारी । (५) गो-मेष-रक्षक् ।
(३) चर् अथवा दूत् । (६) कृषक् ।
(७) नानाकिसिम्का शिल्प व्यवसायी ।

माथि लेखियाका सात् जाति शास्त्रमा लेखियाको चार् जातिको नै रूपान्तर्हो भन्ने, एक् छिन् धैर्य्यता सँग विचार् गरे स्पष्ट जाहेर् हुन्छ । विद्या व्यवसायी, राजपारिषद् र कर्म्मचारीहरू ब्राह्मण बाहेक् अरू कोहि होइनन् ; तेस्बेला कोहि ब्राह्मण धर्म्म र विद्या अर्थी थिये, कोहि कोहि राजकाज् पछी लाग्दथे ; तसर्थ विदेशीहरूले ई दुई थरिलाई दुई भिन्न जाति भन्ने ठाने । योद्धागणहरू क्षत्रिय, गाई-भैंसि-रक्षक, कृषक्, र शिल्प व्यवसायीहरू वैश्य र शूद्र हुन् । भ्रम भै ग्रीकहरूले गुप्तचर् र दूतलाई

भिन्न जाति भन्ने लेखेकाछन् । माथि लेखियाका बिवरण-मा कमाराकमारिको नाम् सम्म पनि लेखेकोछैन । आरीयान्ले भारतवर्षमा दास् छैनन् सबै स्वाधीन् छन् भनी स्पष्ट लेखीगयाका छन् । कृष्टाब्दको ३०० वर्ष अघी हिन्दुस्थान्मा दास् र शुद्रहरु रहिनछन् भन्ने एस् वाट स्पष्ट प्रमाण हुन्छ ।

विद्या र धर्म्मव्यवसायी अर्थात् ब्राह्मणहरुलाई अरु सबै जातिले मान्दथे र तिनिहरु राजकर् वाट मुक्त थिये, तिनिहरु केवल् उपासना द्वारा राज्यको सहायता गर्दथे । बन्मा बास् गरी, तृणशय्यादि वा पशुचर्म्ममा सुती अल्पा-हारी भै धेरै परिश्रम् सही गुरुका नजिक् बसी विद्या-भ्यास् गर्दथे । सैंतिस् (३७) वर्षका उमेर् सम्म एहि रीत्ले कालक्षपण् गर्दथे ।

तिनिहरु कैले कैले एक् दुई गाउंका अधिकारी हुन्थे र अनिकाल् परेका बेलामा हिम्मत् नहारी प्राण-रक्षा गर्दथे । श्री राज्काज्मा सदैव तिनि हस्तक्षेप् गर्दथे ।

ग्रीक्हरुले कठोर् तपस्याको अनेक् बिवरण लेखी-गयाकाछन् । अलेक्जेण्डर्का आज्ञानुसार् तिन्का एक् अनुचर् धेरै तपस्वीहरुलाई हेर्न गयेका थिये । सहर्का

एक्कोश् बाहिर १४ जना तपस्वीहरु नाङ्गै भयेर कठोर् घाम्का किरणमा निश्चेष्ट भई कोहि उभिई रहेका, कोहि बसि रहेका र कोहि सुती रहेका देखे। अन्यान्य ग्रीक्हरुले अन्यान्य तपस्वीलाई देखेथे। तपस्वीहरु,सहर् भित्र आउंदा तिनिहरु इच्छापूर्व्वक् फलमूल् पसल्वाट लियो खान्थे। तेल् लियो आङ्मा लाउंथे, धनाढ्यका घर्मा गै एकत्र भइ आहार् गर्दथे; जुन् स्थान्मा गये उसै स्थान्मा मान् पाउंथे। कोहि कोहि शीत र ग्रीष्म दुवै काल्मा नाङ्गै रहन्थे; औ वटवृक्षमनि रात् काट्दथे।

तेस् समयमा भारतवर्षमा अनुमान् ११८ राज्य हुनाले धेरै राज्य साङ्गै सानाथिये भन्ने केहि सङ्का छैन। दुई हजार् वर्ष अघीपनि भारतवर्ष अहिलेकोझैं क्षेत्रवेष्टित गाउंहरुले भरियाको थियो। तेस् समयका गाउंका मानिस् आफ्नु गाउंको बेपार् आफै चलाउंदथे। विपद्-काल्मा समस्त ग्रामवासीहरु एकत्रभै अपरिसीम साहस् द्वारा गाउंको रक्षा गरेको देखी ग्रीक्हरु छक्क परेका-थिये।

हिन्दुहरुका सैन्य धेरै थिये। पुरु नामक् एक् क्षुद्र राजाले अलेक्जेण्डर् सँग युद्ध गरेथे; तिन्का २०० हस्ती, ३०० रथी, ४००० अश्वारोही, ३०,००० पदाति

थिये भन्ने लेखियाकोछ। चन्द्रगुप्तका चार् लाख् फौज् थिये भन्ने पनि लेखियाको पाइन्छ। पल्टन्मा जम्मै क्षत्रियहरु थिये, र चाहे लडाजी हवस् चाहे नहवस् राजा बाट बराबर् जागिर् पाउंथे। सैन्यहरु कैले पनि देशको अनिष्ट काम् गर्दैनथे। कोहि दुई पक्षमा भारी महा युद्ध भयाका बेलामा पनि निकटस्थ क्षषक्हरु निर्भय सँग खेति गर्दथे।

एसिया भरीमा अलेक्जेण्डर्ले जति सँग लडे सबै भन्दा हिन्दुलाइ साहसी भनी ग्रीक्हरुले स्वीकार् गरे-काछन्। सैन्यहरु दीर्घ धनु व्यवहार् गर्दथे, चार् चार् हात् लामु तीर् निक्षेप् गर्न सक्दथे ; यो वाहेक् तिनिहरु दीर्घ खड्ग र लोहवर्शा व्यवहार् गर्दथे।

देश् समृद्धिशाली थियो एस्मा केहि सन्देह छैन। हईदास्पीस् र हाइपेसिस् (सिन्धु नदीको दुइटा शाखा) नदीका बीच्मा १४०० नगर् थिये, एउटा नगर् बाट अर्को नगर्मा जानालाई कुनै बाट पनि एक् कोश् भन्दा टाढा पर्दैन थ्यो। चन्द्रगुप्तको राजधानी पाटलिपुत्र लम्बाईमा चार् कोश् र चौडाईमा एक् कोश् जतिको थियो ; सहर्-का चारै तिर उन्नत स्तूप (Tower) र ६४ द्वार् थिये। गङ्गातीर्मा घेरै बन्दर् (जहाज् अथवा डुंगा राख्नेठाउं),

गभीर गढ़ र उन्नत प्राचीर् थिये; तीस् प्राचीर्मा ५७० बाणिज्यस्थान् थिये र बाणिज्यको उन्नति भयाको थियो ।

स्वयम् राजा र मन्त्रीहरू बिचारकार्य्य गर्दथे, अर्थात् दुनियालाई कुन् हिसाबले काम् भया फाइदा होला भन्ने बिचार् गर्दथे । कृषक, श्रमजीवी (अर्काको काम् गरी जीविका गर्ने) र बणिक्हरू बाट् राजकर् उठाइन्थ्यो । जग्गाको उब्जनिको एक् चौथाई राजालाई जान्थ्यो । गाउंका हारे, मुखिया, या चौधरिहरू अथवा राजाका अफिसर्हरू जग्गाको नाप्जाँच् गर्दथे, खेत्मा चाहिने पानिलाईदिन्थे, गाउंका मानिस्हरूका बीच्मा बसेर सर्सल्लाह गर्दथे, सबै प्रजाको कर् एकत्र गरी राजाका ढुकुटिमा बुझाउंथे, मानिस्को चाल् चलन् बिचार् गर्दथे, बाटो बनाउंथे औ सीमा स्थिर् गर्दथे ।

आज्काल्को जस्तै उस्बेलामा पनि जग्गामा दुई बालि लाग्दथ्यो र जुन् जुन् शस्य आज्काल् उब्जा हुन्छ उस्बेलामा पनि प्राय सोहि शस्य उब्जा हुन्थ्यो, खेत् साना साना टुक्रामा भाग् लाइन्थे र पानिजमाउनालाइ चारै तिर आलि उठाइन्थ्यो ।

हिन्दुहरू ताम्रपात्रको चलन् गर्दथे । पित्तलपात्र

क्षणभङ्गुर् भनी सर्व्वदा व्यवहार् गर्दैनथे । सुल्बाटामाँ दूरत्व निर्णय गर्नालाई कोश् ढुङ्गा रहन्थ्यो ।

युद्धमा रथ् घोडाले तान्दथे ; एक् दुई हस्ती-रथ् पनि थिये । हात्ती खेदा गर्नें ढाँचा आज्कल्कै जस्तो थियो ।

तेस् समयका हिन्दुहरुको वैज्ञानिक् विश्वास्का बारेमा ग्रीक्हरुले एस्तो लेखेका छन् :—

"पृथिवी गोलाकार् छन्, ईश्वर्ले सृष्टी गरेकोहो, ईश्वरै द्वारा राखियाकि छन् ; पृथिवी जल्बाट सृष्टी भयाकिहुन्, चार् भूत् वाहेक् अर्को एक् भूत्छ, सोहि भूत्बाट आकाश् र नक्षत्र सृष्टी भयाकाहुन् , पृथिवी ब्रह्माण्डको बीच्मा छन् भनी हिन्दुहरु भन्दछन् । आत्मा अमर्हो भन्ने पनि स्वीकार् गर्दछन्" ।

हिन्दुका उत्सव्को पनि ग्रीक्हरुले सुन्दर् वर्णना गरेकाछन् । सुवर्ण र रौप्य विभूषित हस्ती, चार्घोडे वग्गी, बयल्का सम्पनीका साथ् कवाज् जान्ने सिपाही बिस्तार् बिस्तार् हिँड्दथे । सुवर्णका आधार् (Golden Table) नानाप्रकार्का ठुला पात्र अग्ला सिंहासन्, नानाप्रकार्का बहुमूल्य रत्न, नाना वर्णले रँगियाका र सुवर्णका धागाले कार्चुबि भरियाका, तास् किन्खाप् बहुमूल्य वस्त्र उत्सव्मा अतीशय शोभाजनक् हुन्थे ; पालियाका सिंह

र व्याघ्र सङ्सँगै हिंड्दथे, नानारूपी सुन्दर् र गाँउने पक्षीहरु वृक्षमा बसी रहन्थे र सो वृक्ष बाट अतीमनोहर् आवाज् निसक्थ्यो।

विवाहमा रुपिया लिने दिने हुंदैनथ्यो। नारीहरु पतिव्रता थिये।

केटिहरु दर्बार्मा मात्र राजासँग हिंड्ने होइनन् कि सिकार्मा पनि राजाका सँगै रहन्थे। अरुले तिनिहरुलाई देख्न वा तिन्का नजिक् जान पाउंदैनथे।

हिन्दुहरु एउटा सुतिधोति र एउटा चद्र्ले गात्र ढाक्दथे। अरु किसिम्का वस्त्र पनि धारण गर्दथे। तिनिहरु दाढि रँगाउंदथे औ सबै स्नपाकी थिये।

हिन्दुहरु कृष्णवर्ण, दीर्घ, राम्रा र कार्य्यपटु थिये; तिनिहरु जत्तिको साहासी ग्रीक्हरुले एसियामा अरु देखेनन्। तिनिहरु पानासक्त (रक्सिवाज्) थियेनन्; मितव्ययी (Frugal), शान्त, युद्ध र कृषिकार्य्यमा तत्पर् औ सरल्स्वभाव् र न्यायपरायण् थिये। हिन्दुहरु एत्तिका न्यायपरायण् थिये कि तिनिहरु बिचारद्वार् (अदालत्) मा जांदैनथे, एत्तिका सत्यवादि थिये कि ढोकामा म्याद्टाँस्ने जरुरत् थियेन; तमासुक् र कबुलियत् कागज्मा लेखी

सही गराउंने आवश्यक् थियेन भनी श्रीकृष्णले लेखी गयाका छन्।

कोहि हिन्दु कहिल्ये पनि मिथ्या कुरा गर्दैनथे भन्ने पनि तिनिहरुले लेखेकाछन्।

नाना शास्त्रानुशीलन।

पूर्व्वकालमा कुरु, पञ्चाल, कोशल र विदेहहरुको जुन् धर्म्मविश्वास् र अनुष्ठान् थियो मगधप्राधान्यका समय-मा पनि ठुला ठुला यज्ञादि कर्म्म र गर्भाधान, नामकरण, उपनयन् इत्यादि पुरोहितलाई बोलाई सम्पादन् गरिन्थ्यो। आहाँपछी यज्ञ सम्पादन् विधिका अनेक् किताब संक्षेप-रूपले निस्कन लागे। अघी यज्ञसमूहको व्याख्या जो ठुलठुला किताब "ब्राह्मण" र "आरण्यक्"का लोखियाका थिये, सोही संक्षेप् सँग "सूत्र"का नामले प्रकाश् हुनलागे। हामि जस्लाई आजकल् "कल्पसूत्र" भन्छौं सो एसै समयको रचित् ग्रन्थ हो।

कल्पसूत्रका तीन भाग् छन्। इन्मा एक भागलाई श्रौतसूत्र भन्दछन्; एस्मा वैदिक्यज्ञानुसारले नियमहरु सङ्कल्पित्छन्। द्वितीयभाग्को नाऊँ गृह्य सूत्रहो; एस्मा गृहस्तीहरुले पालनीय नियमादि र क्रयाकल्पादि

सङ्कल्पित्छ । एस्बाट हमिहरू नामकरण, उपनयन् उद्वाह प्रभृतिको पद्धति र नियमावली स्पष्ट जान्नसक्छौं । तृतीय अंशलाई धर्म्मसूत्र भन्छन् ; र एस्बाट आर्य्यहरूको पालनीय सामाजिक् नियम्हरू सिख्दछौं । तेस् समयको सजायको विधि र कार्य्यविधि, स्त्रीधन् र उत्तराधिकारीको नियम्, भूमिकर्षण र ऋणपरिशोधगर्ने विधि प्रभृति यावत् नियम् हामि धर्म्मसूत्रमा पाउंछौं । एस्ता सबै पुराना सूत्र जस्मागरी मनुसम्हिता, याज्ञवल्क्यसम्हिता, पराशर-संहिता प्रभृति पुस्तक् प्रणीत् भयाका हुन् । एस्बेलाका धर्म्मशास्त्र मात्र होइनकि सबै शास्त्र सूत्र आकारले रचित् हुन्थे ।

प्रसिद्ध पाणिनिले आफ्नु जगद्विख्यात् व्याकर्णलाई सूत्राकारमा रचना गरे । ज्यामिति अथवा रेखागणीत्-का नियम् सूत्राकारले रचित् भयो, तेस्लाई शुल्वसूत्र भन्द छन् । ज्योतिष-सम्बन्धी नियम् पनि सूत्राकारले रचित् भयो । एस् समयमा हिन्दुहरूले जुन् दर्शन्शास्त्र आलोचना गरेर समस्त लोक्मा विख्यात् भयाकाछन् सो षड्दर्शन् पनि सूत्राकारमा परिणत् भयाकोछ ।

षड्दर्शन्।

उपनिषद्मा भयाको वैज्ञानिक् आलोचना बाट भारतवर्षमा दर्शन्शास्त्रको उत्पत्ति भयाको हो। उपनिषद् रचना भये पछी, जगद्विख्यात् वैज्ञानिक् कपिल मुनिले पैले साङ्ख्यदर्शन् प्रचार् गरे। जगत्मा यो भन्दा अघी प्रकृतमानसिक् दर्शन् कैले पनि प्रचारित् भयाको थियेन। साङ्ख्य दर्शन्को चिन्ताशीलता र गभीरताको अद्यापि सभ्यजगत्मा प्रशंसा हुंदैछ। आजकल्का प्रसिद्ध जर्म्मन्, फ्रेन्स दार्शनिकहरु धेरै यही साङ्ख्यदर्शन्को कुरा मान्दछन्। पतञ्जलिको अपूर्व्व योगदर्शन्मा ईश्वर्को आस्थित्व मानेको र ईश्वर्लाई चिन्ने बाटो देखाईयाकोछ। योगदर्शन्को उद्देश्यहरु साङ्ग्रै गभीर र बेस् छन्; तर काल्का क्रमले गर्दा उपायरहित् भई पडी रहेछन्।

गौतम्ऋषिले भारतवर्षमा न्याय शास्त्रको प्रचार् गरे। कृष्टाब्दको चार्सहे बर्ष अघी इजरप्मा आरिष्टोटल्ले लाजिक् (Logic) प्रचार् गरे। गौतम् आरिष्टोटल् भन्दा अघीका भन्ने बोध् हुन्छ। गौतम् पछी कनादले वैशेषिक् दर्शन् प्रचार् गरे। एस् दर्शन्लाई फिजिक्स (Physics) भनेपनिहुन्छ। एस् दर्शन्मा साङ्ग्रै साना

साना कणा बाट कुन् हिसाबले द्रव्य आदि जगत् सृष्टि भयाकोहो स्पष्ट देखिन्छ ।

भारत्वर्षको गौरवस्वरूप् दुईटा दर्शनशास्त्रमा एउटा-को नाउं पूर्व्वमीमांसा, अर्काको नाउं उत्तरमीमांसा वा वेदान्त हो ।

वैदिक् धर्म्म र वैदिक् अनुष्ठान् मान्नु भन्ने इनै दुइटा ग्रन्थमा लेखियाकोछ । पूर्व्वमीमांसामा केवल् यज्ञकर्म्म पट्टि विशेष् ध्यान् दिईयाकोछ, उत्तरमीमांसा अथवा वेदान्तमा यज्ञानुष्ठान्को धेरै आस्था नदेखाई, परब्रह्म-ज्ञानलाभ्का विषयमा यत्न गरियाकोछ । पूर्व्वमीमांसा दर्शनले वैदिक् यज्ञ समर्थन् गरेकोछ, उत्तरमीमांसा दर्शनले वेद् र उपनिषद्-मूलक् परब्रह्मज्ञान् प्रचार् गरे-कोछ । छष्टाब्दको पांच् या छ सई वर्षमा प्रसिद्ध कुमारिला भट्टले पूर्व्वमीमांसाको एक् टीका लेखेकाछन् ; छष्टाब्द-को आठ् या नउ सई वर्षमा प्रसिद्ध शङ्कराचार्य्यले पनि उत्तरमीमांसा वा वेदान्तको एउटा टीका लेखेकाछन् ।

क्रियाकलाप् र आचार व्यवहार ।

जुन् गृह्यसूत्र र धर्म्मसूत्रका बारेमा अघिलेखिया-कोछ तेस्बाट हामिहरू एम् समयका हिन्दुहरूको सामा-

जिक् र सान्सारिक् नियम् एवं आचार् व्यवहार जान्दछौं। आर्य्यहिन्दुहरू ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र इनै चार् जातिमा विभक्त भयाकाथिये, शूद्र बाहेक् सबै वेदाध्ययन् गर्दथे, उपवीत (जनै) धारण गर्दथे। वैश्य जातिका साधारण मानिस्हरू नाना व्यवसाय अवलम्बन् गर्दथे; केवल् लेखापढी गर्नै कसैको पनि व्यवसाय थियेन; कोहि वैद्य, कोहि वणिक्, कोहि कृषक्, मेषपालक् थिये; एस्ता बिभिन्न व्यवसाय अवलम्बन् गरेपनि वैश्यहरूमा जातिभेद थियेन, तिनिहरूमा भिन्न भिन्न व्यवसायवलम्बी वैश्यहरू वेदाध्ययनमा, यज्ञसम्पादनमा, र उपवीत धारण-गर्नै काममा एक मत् थिये। शूद्रहरू पनि भिन्न भिन्न व्यवसाय अवलम्बन् गर्दथे; तर तिनिहरू वेदाध्ययन् गर्दैनथे।

यज्ञ धेरै प्रकारका थिये सो अघिनै लेखियाकोछ, सबै गणना गरेदेखी हजार् प्रकारभन्दा बर्ता हुन्छन्। तेस् वेलाका कोहि कोहि सूत्रकारले ई असंख्य प्रकारका यज्ञकर्म्मलाई २१ प्रकारका यज्ञमा बिभक्त गरेकाछन्, अर्थात् ७ प्रकारका हविर्यज्ञ, ७ प्रकारका सोमयज्ञ, ७ प्रकारका पाकयज्ञ छन्। अग्निआधान्, अग्निहोत्र, दर्श-पूर्णमास्, अग्रहायण, चातुर्म्मास्य, निरुधपशुबन्ध र

सौत्रामणी, ई सात् हविर्यज्ञ हुन् । अग्निष्टोम, अत्यग्निष्टोम, उक्थ्या, षोडशिन्, वाजपेय, अतिरात्र र आप्तोर्याम, ई सात् सोमयज्ञ हुन् । अष्टका, पार्वण, पितृहरुको श्राद्ध, श्रावणी, आग्रहायणी, चैत्री र आश्वयूजी ई सात् पाकयज्ञ कहलाउंछन् ।

भिन्न भिन्न सोमयज्ञहरुको विवरण दिनै आवश्यक छैन । हविर्यज्ञहरुको विवरण दिनु आवश्यक छ । पाठादि समाप्त गरेर, एवं बिबाह सम्पादन् गरेर गृहस्थी आफ्ना घरमा यज्ञाग्नि स्थापन् गर्दथे, तेसैलाई अग्निआधान् भन्दथे, एवं प्रातःकालमा र सन्ध्याकालमा सोहि अग्निमा जुन् दुग्ध आहुति प्रदान् गरिन्थ्यो, तेस्लाई अग्निहोत्र भन्दथे ।

पूर्णिमा र आमावस्यामा दर्शपूर्णमास यज्ञ सम्पादन् गरिन्थ्यो । नञा बालि काटेपछी आग्रहायणी यज्ञ सम्पादित हुन्थ्यो । चार मैन्हा भित्रमा एउटा यज्ञ गरिन्थ्यो, तेस्लाई चातुर्मास्य यज्ञ भन्दथे । पशुबलि गर्दा निरुध पशुबन्ध यज्ञ र धेरै सोमपान् गरेको दोष् फाल्नालाई सौत्रामणी यज्ञ सम्पादन् गर्दथे ।

पाकयज्ञहरु सजिला छन् । अग्रहायण, पौष, माघ् र फाल्गुण् मैन्हाको कृष्णपक्षको अष्टमीका दिन्मा अष्टका

यज्ञ सम्पादित हुन्थ्यो। पूर्णिमा र आमावस्या तिथिमा पार्वण हुन्थ्यो, एवं सोहि तिथिमा उपवासादि द्वारा यज्ञ सम्पादित हुन्थ्यो। हरेक् मैन्हामा पितृपुरुषहरुको श्राद्ध सम्पादित हुन्थ्यो र श्राद्ध सिद्धियेपछी ब्राह्मण भोजन् गरिन्थ्यो। श्रावण, अग्रहायण, चैत्र र आश्विन् मैन्हामा अवशिष्ट चारओटा पाकयज्ञ गरिन्थ्यो।

नारी अन्तःसत्त्वा भयेपछी गर्भाधान्, पुंसवन् र सीमन्तोन्नयन् क्रया सम्पादित हुन्थ्यो। सन्तान् हुंदा जातकर्म र नामकरण सम्पादित हुन्थ्यो। दुई बाहेक् अन्नप्राशन्, चूड़ाकरण (क्षेवर्) उपनयन् (वर्तमन्) र वेदाध्ययन् सम्बन्धमा चार् सङ्कल्प छन्। वेदाध्ययन् र विद्याशिक्षा शेष् भयेपछी अभिषेक् वा स्नान् गरेर युवा घरमा प्रवेश गर्दथे। त्याहां पछी बिवाह, त्याहां पछी गृहस्थले पालनीय पाँच्ओटा महायज्ञ, अर्थात् देव, पितृ, मनुष्य, भूत र परब्रह्म प्रति कर्त्तव्य साधन् गर्नुपर्थ्यो।

पूर्व्वोक्त २१ यज्ञ र १९ गार्हस्थ्य अनुष्ठान् जम्मा ४० संस्कार हिन्दुहरुका पालनीय थिये; इन्मा ब्राह्मण, क्षत्रिय र वैश्यको समान् अधिकार् थियो। तर पवित्र मन्, पवित्र आचरण र सद्गुणका चर्चा माथि लेखियाका ४० संस्कार भन्दा धेरै छन् भनी सूत्रकारहरुले स्वीकार गरेका-

छन् ; धर्म्मसूत्रप्रणेता गौतम्ले लेखेका छन् "जो सद्गुण-विहीन भयेर ४० अनुष्ठान् गर्दछन् तो ब्रह्मलोक जान सक्तैनन्"। धर्म्मसूत्रप्रणेता महर्षि वशिष्ठले भनेकाछन् "चक्षु नभयेदेखि सुन्दरी भार्य्या जस्तै सुखकारी हुंदिन, तस्तै जस्को सदाचरण छैन, तेस्लाई वेद, वेदान्त र यज्ञ क्रया कुनै किसिम्को फलदायक् हुंदैन"।

गौतम् बुद्ध।

अनुमान् ५५७ पुः कृष्टाब्दमा कपिलवस्तु नामक् गाउं-का शाक्यवंशमा एक् रजौटाका छोरा भई गौतम्को जन्म भयो। गौतम्ले बाल्यकाल्मा विद्यालाभ् गरी एउटी सुन्दरी रमणीको पाणिग्रहण गरे। चांडैनै तिन्लाई एक् पुत्र भयो। सन्सार्मा सुख भनिने वस्तु सबै तिनिलाई पुगी आयेको थियो। धन्, मान्, राज्य, पवित्रचरित्रा सुन्दरी प्रणयिनी, पुत्र, सुहृद्वर्ग इत्यादि सबै गौतम्का थिये ; तथापि साधारण (Lower class) मानिस्को क्लेश-चिन्ताले गर्दा तिन्को उदारहृदय व्यथित् हुनलाग्यो ; यो क्लेश्को केहि प्रतिकार छ छैन भनी स्थिर् गर्न लाई एक् दिन् राति आफ्नि प्यारिका कोठा वाट निस्की देशत्यागी र गृहत्यागी भये।

पहिले वैशाली * प्रदेशमा गयेर एक् प्रसिद्ध शास्त्रज्ञ ब्राह्मणका चेला भये। ति ब्राह्मणका अरु तिन् सई शिष्य थिये। त्याहां विद्यालाभ गरेर मगधको राजधानी राजगृहमा अर्का एक् ब्राह्मणका शिष्य भये ; ई ब्राह्मणका सात् सई शिष्य थिये। त्याहां पछी तिनि उरुविल्व गाउंका नजिकैको एउटा निर्जन् स्थानमा ६ वर्ष सम्म कठोर तपस्या गर्न लागे। ब्राह्मण-निर्दिष्ट तपस्या वाट शान्तिलाभ् र उद्धारको उपाय नदेखी तपस्या त्याग् गरी चिन्ता गर्न लागे। चिन्ता गर्दागर्दा आखिरमा गौतमलाई ज्ञान भयो र आफुलाई "बुद्ध" भन्न लागे। विख्यातनामा वाराणसी धाम्, सारनाथमा आई आफुले पायाको ज्ञान् जगत्लाई शिक्षा दिन लागे। काशि वाट २ कोश् जति उत्तरमा सारनाथ् गाउंछ, बुद्धले जुन् जुन् मण्डपमा वसी ज्ञानशिक्षा गरेका थिये सो सबै आजकल् पनि छँदैछन्, सारा मुलुक् वाट तेस् स्थानमा बराबर् मानिस् जानछन्। दुई हजार् वर्ष बित्यो तथापि आजकल् पनि जगत्मा करोडौँ मनुष्य तिनै क्षत्रिय गुरुका ज्ञानोपदेश र धर्म अवलम्बन् गर्दैछन्।

---

* आजकालको मुजफ्फरपूर् जिल्लाको बसार्, र बखीरा गाउंमै उहिलेको वैशाली हो।

मगधराज बिम्बसर्‌ले बुद्धदेवलाई आफ्‌ना देश्‌मा आवाहन् गरे ; बुद्ध तेहि राज्यको राजधानी राजगृहमा आई त्याहां पनि उपदेश् दिनलागे । त्याहां पछी कोशलराज्यको राजधानी श्रावस्तीमा बसी उपदेश् दिन लाग्दा भये । द्वादश (बाह्र) वर्ष पछी बुद्धले स्वदेश्‌मा प्रत्यागमन् गरी पिताको दर्शन् गरे, एवं आफ्‌नि रमणी प्रभृति सबै स्त्री र पुरुष्‌लाई बौद्धधर्म्मावलम्बी बनाये । सत्तरि वर्षको उमेर् भये पछी पुनः राजगृह भित्र पस्ताभये । तेस्‌वेलामा मगध देश्‌का राजा अजातशत्रु थिये ; तिन्‌ले पनि गौतम्‌को यथेष्ट आदर् गरे ।

आहाँ पछी बुद्ध वैशाली नगर् गयी कुशीनगर् तर्फ गमन् गरी, सोही नगर् नजिक्‌को एउटा वन्‌मा पुगी, प्राणत्याग् गर्दा भये । अनुमान् ४७७ पूः कृष्टाब्दमा तिन्‌को मृत्यु भयाको हो ।

बुद्धदेव् ब्राह्मणको प्राधान्यलाई नमानी, सबै मनुष्यको समता प्रचार गर्दछन् । बौद्धहरु जातिभेद मान्दैनन् । सबै मनुष्य समान् हुन्, सबै श्रेणीका मानिस् पुरोहित् हुन सक्‌दछन् भन्ने शिक्षा बौद्ध धर्म्मको हो । वेद ईश्वर-दण्ड, इत्यादि गौतमबुद्ध अस्वीकार गर्दथे ; वैदिक् यज्ञमा कुनै किसिम्‌को उपकार् छ भन्ने पनि एक्‌दम् अस्वीकार

गर्दथे। केवल् पुण्यकर्म्म र पवित्र आचरणमा मनुष्यको उद्धार छ भन्ने मत् प्रचार गरे। तिन्का मतमा एस् जन्ममा होइन कि फेरिफेरिका जन्मको चेष्टा पछी मन्को पाप्, क्लेश र वाञ्छा निर्मल् हुन्छ तेस्वेला मनुष्य पवित्र, पापशून्य र क्लेशशून्य हुन्छ भनेछ; तेहि अवस्था-लाई मोक्ष भन्दछन्, तेहि बुद्धपदहो, "निर्व्वाण" भनेको तेहिहो भन्ने मानियाकोछ।

अरु बिषयमा बुद्धले हिन्दुहरुको प्रचलित बिश्वास् थामेकैछन्। जन्म पछी अर्को जन्म हुन्छ; ब्रह्मा र इन्द्रादि देवगण पनि सोही पवित्रता, "निर्व्वाण"को चेष्टा गर्द-छन्। जस्ले तेस्तो पवित्रता पायाकाछन् तिनि "बुद्ध" हुन्, तिन्ले फेरि जन्म लिनु पर्दैन भन्ने प्रचार गरे।

गौतम् बुद्धले निज-प्रकाशित धर्म्मप्रणालीमा ईश्वर्लाई स्थान् दियेका छैनन्। पुण्यकार्य्यको फल् पुण्यनै हो, निष्काम, निष्पाप, पवित्रतानै स्वर्गहो भन्ने सिक्षा दियाका-छन्। ईश्वर् मनुष्यलाइ अपरिज्ञेय छन् भनी कपिलले भनेकाछन्, एवं गौतम् बुद्धपनि पवित्र जीवन् र निष्काम धर्म्म बाहेक् अरु ईश्वर् जान्दैनथे।

बौद्ध-धर्म्मपुस्तक् तिन् अंश वा "पिटकमा" बांडिया-कोछ, तसर्थ तेस्लाई त्रिपिटक भन्दछन्। (१) गौतम्

आफैले जो शिक्षा दिई गयाका छन्, तिस्लाई "सूत्र" भन्दछन् । (२) बौद्धमठबासीहरुको नियमावलीलाई "विनय" भन्दछन् । (३) वैज्ञानिक् आलोचनालाई "अभिधर्म्म" भन्दछन् । गौतम्को मृत्यु हुने बित्तिकै मगध देश्को राजधानी राजग्टहका बौद्धहरुले एउटा सभा गरी धर्म्म पुस्तक्हरु जम्मा गरे । एस्का एक् सई बर्ष पछी वैशाली नगर्मा अर्की सभामा धर्म्म पुस्तक्हरु फेरि पनि सङ्कलित् भये । त्याहां पछी प्रसिद्ध अशोक राजाका पालामा, अनुमान् २४२ पू: कृष्टाब्दमा, तृतीय सभा भई, एस् सभामा बौद्ध "त्रिपिटक" जो परिशुद्ध गरियो आज्कल् सम्म सोहि प्रचलित् छ । यो त्रिपिटक दक्षिणदेशी बौद्धहरु मान्दछन् । उत्तरदेश्मा, अर्थात् तिब्बत्, चीन् प्रभृति देश्मा जो बौद्धधर्म्म पुस्तक् प्रचलित्छ सो एसै "त्रिपिटक्" सँग धेरै मिल्दछ ।

बौद्धपुरोहित्हरु मठ्मा बास् गर्दछन्, धेरै उमेर् हुउन्ज्याल् बिबाह गर्दैनन् । तिनिहरुलाई भिक्षु वा भिक्षुनी भन्दछन् । जुन्सुकै श्रेणीका मानिस्पनि धर्म्मव्यवसाय अवलम्बन् गरी भिक्षु हुन सक्दछन् । तिनिहरु गेरु वस्त्र लगाउंदछन्, केश मुण्डन् गर्दछन् र अनावृत पट्ले जानु आउनु गर्दछन् । प्राणीहरुलाई बौद्धहरु अतिशय स्नेह

गर्दछन् ; तिनिहरू कैलेपनि प्राणिहत्या गर्दैनन् । खाद्य वस्तु सँग कुनै क्षुद्र जीव पेट्मा जाला भन्ने डर्ले सन्ध्या पछी अन्धकारमा भोजन् गर्दछन् । उपवेशन काल्मा आफ्नै हात्ले स्थान् साफ् गरेर सुत्दछन् । कोहि कोहि नाक् र मुख्मा एक् बस्त्र बांधि राख्दछन् ।

भारतवर्षमा बौद्धधर्म्मको प्रचार कम् भयातापनि चीन् प्रभृति अन्यान्य देश्मा यो धर्म्म धेरै मानिस् अवलम्बन् गर्दछन् । तसर्थ आंजकल् जगत्मा बौद्धधर्म्मावलम्बी जतिछन्, हिन्दु, क्रस्तान्, मुसलमान्, अथवा अरु कुनै धर्म्मावलम्बी मानिस् तेति छैनन् ।

"धम्मपद" नामक् बौद्ध-धर्म्मपुस्तक्का एक् दुई अंश उद्धृत गरे पछी यो परिच्छेद समाप्त हुन्छ ।

"जो मानिस् आफ्नु हितोपदेश कार्य्यमा परिणत हुंदैन, तेस्को निष्फल वाक्य बास्ना रहित् सुन्दर र सुवर्ण पुष्प समान् ॥ ५१ ॥

"चन्दन्, पद्म वा बस्सिकी पुष्पको सुगन्ध भन्दा सुक्रतिको आघ्राण धेरै मिठो हुन्छ ॥ ५५ ॥

"एक् जना संग्राममा सहस्र सहस्र मानिस्लाई जित्छन्, अर्का एक् जना आफ्नु मन्लाई बाँध्न सक्दछन्, ई दुईमा शेषोक्त चाहिँ विजेता हरुमा श्रेष्ठ हुन् ॥१०३॥

"जो रिपु दमन्गर्न सक्दैनन्, तिनिहरुले नग्नावस्था वा जटाधारण गर्नु, समलवास् या उपवास् गर्नु, भूमिशय्या वा धूलिलेपन् वा निश्चल भयेर उपवेशन् गर्नु सबै वृथाहो; ई समस्त साधनाले तिन्लाई पवित्र गर्दैनन् ॥ १४१ ॥

"जो सुपरिच्छेद् परिधान् गरी स्थैर्य्य अवलम्बन् गर्दछन्, जो धीर, निरुद्वेग, संयतमनाः, र संयत रिपु छन्, जो परनिन्दा गर्दैनन्, तिनिनै प्रकृत ब्राह्मण, तिनि नै श्रमण, तिनिनै भिक्षु हुन् ॥ १४२ ॥

"पाप-परिहार, परोपकार-साधन् र आफ्नु मन्लाई पवित्र गर्नु,—एहिहो उपदेश र धर्म्म ॥ १८३ ॥

"सांचो बोल, क्रोध त्याग् गर दानशील् हउ; एहि तिन् बाटो लिये ईश्वरका नजीक् पुगौला ॥ २२४ ॥

चतुर्थ परिच्छेद ।

—•:•—

बौद्धकाल ।

(अनुमान् २६० पूः क्रष्टाब्द् देखिन् ५०० क्रष्टाब्द् पर्य्यन्त)

अशोक राजा ।

क्रष्टाब्दको अघी छैठौँ शताब्दीमा गौतम् बुद्धले बौद्धधर्म्म प्रचार गरे, प्रायः तिन् सहे वर्ष सम्म थोरै मानिस्ले मात्र यो धर्म्म अवलम्बन् गर्दथे ; क्रष्टाब्दको अघी तेस्रा शताब्दीमा महाबल अशोक राजाले यो धर्म्म ग्रहण गरी तमाम् आर्य्यावर्तमा प्रचार गर्दाभये । आहाँदेखि प्रायः आठ्सहे वर्ष सम्म बौद्धधर्म्मले भारतवर्षको प्रधान् धर्म्म मानिन्थ्यो । तसर्थ यहि आठ्सहे वर्षलाई बौद्धकाल भन्न सकिन्छ ।

अशोक्का पिता जुन्वेला मगधराज्यका र समग्र आर्य्यवर्तका सम्राट्थिये, तेस्वेला अशोक उज्जयन् प्रदेशको शासनकार्य्यमा नियुक्त भयाकाथिये । पिताका सेख्पछी, अनुमान् २६० पूर्व्वक्रष्टाब्दमा अशोक मगध्का राज-सिंहासन्मा आरोहण गर्दाभये । त्याहां पछी बौद्धधर्म्मलाई अवलम्बन् गरेर सो धर्म्म प्रचार गर्नलागे । अघिले भनिया-

कोछ कि अनुमान् २४२ पूः छष्टाब्दमा राजधानी पाटली-पुत्र नगरमा एउटा बौद्धसभा बस्यो र सोहि सभामा बौद्ध-धर्म्म पुस्तक् "त्रिपिटक" संशोधित् भयो । त्याहाँपछी अशोकले निजपुत्र वा भ्रातुष्पुत्र महेन्द्रलाई, धेरै बौद्धधर्म्म-शास्त्र जान्ने पण्डितहरु सँग सोहि त्रिपिटक दियेर, अन्दाजि २४० पूः छष्टाब्दमा, सिंहलद्वीप् तर्फ पठाये । एस्का २०० बर्ष अघो हिन्दुहरुले यो द्वीप् अधिकार गरी त्याहाँ हिन्दुराज्य स्थापन् गरेकाथिये । मगध वा अङ्गरा-ज्यका बिजयसिंह नामक् एकजना राजपुत्रले, केही कसुरले आफ्ना राजबाट निकालिँदा, समुद्रमा गई सिंहल् देश् अधिकार् गरी त्याहाँ पहिला हिन्दुराज्य स्थापन् गरेथे भन्ने लेखियाकोछ । तेसै कारणले सिंहलदेशवासीहरु हिन्दु धर्म्मावलम्बी भयाकाहुन्, तर जैले महेन्द्रले साथमा बौद्ध-शास्त्रादि लियेर सिंहलद्वीपमा गई धर्म्म प्रचार गर्नलागे, तेस्वेला देखी तेस् देश्का, के राजा के प्रजा सबैले बौद्ध-धर्म्म ग्रहण गर्नलागे । तेस्वेला देखि आज सम्म सिंहल-वासीहरु बौद्धधर्म्म मान्दैछन् ।

आर्य्यावर्तको सबै देश्मा बौद्धधर्म्म एवं अहिंसा, दया, पवित्र आचरण इत्यादि सद्गुण प्रचार गर्नलाई अशोक राजाले देशदेश्मा, पर्व्वत वा प्रस्तरखण्डमा सोहि धर्म्म-

नियमावली शिक्षा गर्न आदेश प्रचार गरे । आज सम्म पञ्जाब् एवं गुजरात् उड़िस्सा पर्य्यन्त समस्त भारतवर्षको पर्व्वत् र प्रस्तरका स्तम्भमा अशोकले प्रचार गरेको धर्म्म-नियमावली खोपेर लेखियाको पाइन्छ ।

केवल् भारतवर्ष र सिंहलद्वीपमा बौद्धधर्म्म प्रचार गरी अशोक सन्तुष्ट भयेनन् । तिनिले बौद्धप्रचारक्हुरुलाई भारतवर्ष बाट अन्यान्य दूरदेशमा पनि पठाये । तिन्का नियमावली बाट जहेर् हुन्छ कि तिन्ले सीरिया देशका आण्टियोकस् राजा, मिस्र (ईजीप्ट) देशका टोलेमि राजा, मासिडन् देशका अण्टिगोनस् राजा, साईरिनी देशका मगास् राजा एवं एपिरस् देशका अलेक्जेण्डर् राजा सँग सन्धिस्थापन् गरेकाथिये । माथिलेखियाका राजाहरु सबैले आफ्ना आफ्ना मुलुक्मा बौद्धधर्म्म प्रचार गर्नदिने कबुल् सो सन्धिमा लेखियाकोथियो । यहि नियमानुसार् अशोकराजाले जस्त देशतर्फ बौद्ध प्रचारक् पठाये, एवं सर्व्वत्र बौद्धधर्म्मनीति मानिन लाग्यो ।

मगधराज्य (विहार)

अन्दाजि २२२ पू: छष्टाब्दमा अशोक राजाको मृत्यु भयो, त्याहाँ पछी तिन्का सन्तान् क्रमैसँग हीनबल् हुन-

लागि । अशोकका पितामह चन्द्रगुप्त मुरा नामभयाकी रमणीका छोराहुन्, तेसै अर्थले एस् वंशलाई मौर्य्य वंश भन्दछन् । अशोक् मरेका ४० वर्ष पछी मौर्य्य वंश विलुप्त भयो ; त्याहाँ पछी १८३ देखि २६ पूः क्रष्टाब्द पर्य्यन्त सुङ्ग र् काण्व नामक् दुई वंशका राजाहरुले मगध देशको राजत्व गरे । त्याहाँ पछी अन्ध्रहरु साढ़ेचार् सहे वर्ष सम्म (२६ पूः क्रष्टाब्द देखि ४३० क्रष्टाब्द पर्य्यन्त) मगध देश्को राजसिंहासन्को अधिकारी भये । अजातशत्रु प्रभृति राजाहरु जुन्बेला आर्य्यवर्तमा मगध देशको प्राधान्य बिस्तार गर्दथे उसै बेलामा दक्षिण तर्फ अन्ध्रहरुले पनि आफ्नु प्राधान्य बिस्तार गरेकाथिये भन्ने अघिल्लो परिच्छेदमा लेखियाकैछ । आर्य्यवर्तका राजवंशीहरु हीनबल् भयाका देखी दक्षिणका अन्ध्रवंशको एउटा शाखाले मगधराज्य जिती चारसहेवर्ष सम्म विपूल क्षमताका साथ् आर्य्यावर्तमा राजगरे ।

ई अन्ध्रहरु पनि पूर्व्ववर्ती मगधवासी जस्ते बौद्धधर्म्मावलम्बी थिये । बौद्ध भयेतापनि तिनिहरु हिन्दुधर्म्मावलम्बी ब्राह्मण पण्डित्हरुलाई यथेष्ट सन्मान् गर्दथे । हिन्दु र बौद्धहरुमा जो तर्क वितर्क हुन्थ्यो सो सबै पुस्तक्मा लेखिन्थ्यो या सभामा भनिन्थ्यो । अन्यान्य देश्मा धर्म्म-

विरोधहुँदा जस्तो निष्ठुर हत्याकाण्ड र लाखौँ मानिस्को प्राणदण्ड हुन्थ्यो तेस्तो भारतवर्षमा कहिले पनि भयेन ।

अन्ध्रहरु पछी गुप्तवंशीय सम्राट्हरुले भारतवर्षमा अनुमान् एक्सहेबर्ष सम्म राजत्व गरे । तेस् कालमा सबै बैश्य हरुले 'गुप्त' नाऊँ धारण गर्न पाउंदथे, तसर्थ गुप्त-वंशीय सम्राट् पनि वैश्य हुन् भन्ने बोध हुन्छ । गुप्त वंशीय राजाहरुले कान्यकुब्ज नगरमा राजधानी स्थापन् गरेका-थिये ; आजसम्म पनि कान्यकुब्ज नगरमा गुप्तहरुले प्रचार गरेका सुवर्ण र रौप्यका सिक्का पाइन्छन् । तेस्कालका पर्सिया काराजाहरुले विशेष् समृद्धि पायाकाथिये, तेस् उस्ले गुप्तहरु र ती राजाहरुमा दोस्ती थियो, र सधैँ चिठि-पत्रको आवत् जावत् हुन्थ्यो । अनुमान् ५०० कृष्टाब्द पछी गुप्तबंशीय राजाहरु हीनबल् भयेर बिलाये । गुप्तबंशीय राजाहरु धेरै हिन्दु थिये, तथापि बौद्धहरुलाइ यथेष्ट सम्मान् गर्दथे, एवं बौद्ध मठ् स्थापनार्थ द्रव्य, भूमि इत्यादि दान् गर्दथे ।

विदेशीहरुको आक्रमण ।

मगध र कान्यकुब्जमा जुन्बेला यहि हिसाब्ले राज-वंश परम्परा राज् गर्दथे, तेसै बेला देखि भारतवर्षका

पश्चिम् तर्फ विदेशीहरुको आक्रमण आरम्भ हुनलागेको थियो । विजयी विदेशीहरुले घेरै चोटि भारतवर्षमा प्रवेशगरी कुनै कुनै प्रदेशखण्डमा आफ्नु राज्य पनि स्थापन् गरे । तर तिनिहरु सबैले भारतवर्षमा आइ बौद्धधर्म्म ग्रहण गरे, एवं बौद्ध र हिन्दु सित एक्नास् भये ; तेस्कारण बिजेता र बिजितहरुमा केहि भेद रहेन ।

मगधदेश्का राजा अजातशत्रुले तुरेणीय आक्रमण-कारीहरुलाई परास्त गरी मगधराज्यको सीमा विस्तार् गरेकाथिये भनी पूर्व्वपरिच्छेदमा भनेकाछौं । इनै तुरे-णीय आक्रमणकारिहरुले (इज-चि) क्रमै सँग पश्चिम् तर्फ गई व्याक्ट्रिया नामक् ग्रीक् राज्यलाई घेरे विजयी पनि भये । विजित व्याक्ट्रियन् ग्रीक्हरुले क्रष्टाब्दको द्वितीय शताब्दी अघी भारतवर्षमा प्रवेशगरी पश्चिम्का अनेक् प्रदेशमा आफ्नुराज स्थापन् गरे । मिलाण्डर नामक् एक् ग्रीक्राजालाई बौद्ध पण्डित् नागार्ज्जुनले तर्कमा परास्त गरेका थिये भन्ने बौद्धशास्त्रमा लेखियाकोछ ।

क्रष्टाब्दको पहिला शताब्दीमा इज-चि वंशीय तुरेणीय-हरु भारतवर्षमा प्रवेश गर्न लागे । क्रष्टाब्द पछी पहिला शताब्दीमा यहिजातीय कनिष्क राजा, काश्मीर्का अधिपति भई, काबुल् र काशगड् देखि गुजरात् सम्म राज्य

विस्तार् गर्दा भये। कनिष्क बौद्ध मत्का हुनाले काश्मीर्-मा एउटा सभा स्थापन् गरी बौद्धधर्म्मको आलोचना र टीकादि रचना गराया थिये। तिन्का पालामा काश्मीर् वाट बौद्ध-प्रचारकहरु तिब्बत् र चीन्देशमा गई त्याहां बौद्धधर्म्म प्रचार् गर्न लागे। भारतवर्षमा शकाब्द नाम्को जुन् अब्द अद्यावधि प्रचलित्छ, सो अब्द बौद्ध-राजा कनिष्कले आफ्ना पाला देखि चलायाका हुन्।

कनिष्क पछी कावुल् बाट काम्बोजी (तिब्बती) हरु भारतवर्षमा आउन लागे, एवं दक्षिणमा "शाह" नाम-धारी एक् दल् बिजेता सौराष्ट्रमा (गुजात्) राज्य स्थापन् गरी क्रष्टाब्द पछीको द्वितीय र तृतीय शताब्दीमा राज्य गर्न लागे। आखिर् चतुर्थ र पञ्चम् शताब्दीमा हुन-जातीय तुरेणीयहरुले सलहभैँ पर्सिया र पश्चिम् भारत-वर्षलाई ढाक्दाभये। पञ्जाव्का उत्तर् अंशमा तिनिहरु-ले एउटा विस्तीर्ण राज्य स्थापन् गरे।

ई समस्त विदेशी आक्रमणकारीलाई परास्त गर्न सक्ने वीर् अनेक् शताब्दी सम्म भयेनन्। आखिमा क्रष्टाब्द पछी षष्ट शताब्दीमा, उज्जयन्का सम्राट् विख्यात विक्र-मादित्यले, विदेशी शत्रु अर्थात् शाकहरुलाई परास्त गरी, हिन्दुनाम्को र वीरत्वको गौरव् रक्षा गरे। विक्रमा-

दित्यको र पौराणिक् कालको ईतिहासिक् कथा परवर्त्ती परिच्छेदमा विवृत हुनेछ ।

हुयेन्स्याङ्ले लेखेको भारतवर्षको विवरण ।

क्रष्टाब्दका ५०० वर्ष पछी भारतवर्षमा बौद्धधर्मको हीनवल् हुन लाग्यो, एवं पौराणिक् हिन्दुधर्मले क्रमै सँग प्राधान्यलाभ गर्न लाग्यो । सप्तम शताब्दीका प्रारम्भमा चीनदेश्का सुविख्यात् भ्रमणकारी हुयेन्स्याङ् बौद्ध धर्म-शास्त्रको संग्रह गर्न भारतवर्षमा आगमन् गर्दा भये । तिन्ले एस् देश्को एउटा विस्तीर्ण विवरण लेखीगयाका-छन् । बौद्धकालका अन्तमा भारतवर्षमा कुन् किसिम्को सभ्यता प्रचलित् थियो सो हामि यही विवरण वाट जान्दछौं ।

हुयेन्स्याङ्ले ६२९ क्रष्टाब्दमा चीन् वाट यात्रा गरे । हिन्दुकुश् पर्व्वत् काटेर तिनि कपिश राज्यमा प्रवेश गरे । तेस्कालमा एक्जना क्षत्रिय त्यो राज्यको राजा थिये । तिनि दश् प्रदेशमा हुकुम् चलाउंदथे । हुयेन्स्याङ्ले ६ स्थान्मा १०० बौद्ध मठ्, ६ हजार मठवासी एवं बहु-संख्यक देवालय देखे । तिनिले सब्भन्दा पछिले यहि स्थान्मा अशोक्को स्तूप देखे ।

गान्धार प्रदेश र तेस्को राजधानी पुरुषपूर तेस्वेलामा कपिश राज्यको अधिन्मा थियो। त्याहां तिन्ले एक् सहस्र बौद्धमठ् र बहुसंख्यक स्तूपहरुको भग्नावस्था एवं हिन्दुधर्म्मको गौरव स्वरूप् बहुसंख्यक हिन्दुदेवालय देखे। महेश्वरको एउटा पवित्र मन्दिर् र नील-प्रस्तर-निर्म्मित एउटा भीमाको मूर्त्तिको वर्णना गरी गयाकाछन्। एस् प्रदेशका वासीहरु नितान्त कापुरुष (काथर्), तर शास्त्रानुशीलन्मा तत्पर् थिये भनी लेखेकाछन्।

काश्मीर प्रदेश्मा क्षत्तीय वंशका राजाहरु राज्य गर्दथे। तिनिहरु हिन्दुधर्म्मावलम्बी हुनाले देश्मा हिन्दुधर्म्मनै प्रचलित थियो; तथापि काश्मीरमा अनेक बौद्ध मठ् थिये र त्याहां धेरै बौद्ध पुरोहित् बास् गर्दथे।

शतद्रु नदी पारभै एवं अरु धेरै स्थान् दर्शन् गरी आखिर्मा हुयेन्स्याङ् मथुरामा उपस्थित भये। मथुराका चारै तिर बौद्धधर्म्मको हीनता र हिन्दुधर्म्मको विशेष गौरव् देख्दा भये। तिन्ले अनेक् स्थान्को वर्णन् गरेकाछन्। थानेश्वरमा तिनओटा मात्र बौद्ध मठ् र एक् सहे हिन्दुदेवालय र स्रुघ्नमा पांच्ओटा बौद्ध मठ् र एक् सहे हिन्दुदेवालय थिये। मनिपुरमा शूद्र राजा थिये; हिन्दु र बौद्धहरुको संख्या प्राय बराबर् थियो भन्या र ३ बाहेक्

ब्रह्मपूर, अहिच्छत्र (उत्तरपाञ्चाल) र रामायणमा लेखेको साङ्काश्यको वर्णन समेत् लेखेकाछन् ।

कान्यकुब्ज राज्यमा, राज्यवर्द्धन राजाका मृत्यु पछी, तिन्का कान्छा भाई हर्षवर्द्धन् राजा भये । तिन्ले शीलादित्य नाम ग्रहण गरेर समस्त आर्य्यावर्त्तमा आफ्नु आधिपत्य विस्तार गरेकाथिये ; राजधानी लमाईमा दुई कोश र चौडाईमा आधा कोश थियो, यो वाहेक् त्यो राज्यमा बहुसंख्यक ग्रामहरु र पुराना नगरहरु थिये । बौद्धधर्म्ममा शिलादित्यको धेरै विश्वास् थियो । तिन्ले देश्का समस्त राजा हरुलाई निमन्त्रण गरी ७४० ख्रष्टाब्द मा जो बौद्ध-पञ्चवार्त्सरिक धर्म्मानुष्ठान् सम्पादन् गरेका थिये, तेस् सभामा हुयेन्स्याङ् थिये । तेस् समयमा समस्त राज्य समृद्धिशाली एवं स्वदेशी र विदेशी वाणिज्यले परिपूर्ण थियो ।

गौतम-बुद्धनिवासित सुप्रसिद्ध श्रावन्ती र कपिलवस्तु नगर प्रायः जनशून्य र भग्नावस्थापन्न भयाको थियो । श्रावन्तीका मठहरु सबै भत्केकाथिये, तर हिन्दुदेवालयहरु धेरै थिये । कपिलवस्तु बुद्धको जन्मस्थान् हो ; यहि राज्यका विषयमा हुयेन्स्याङ्ले एस्तो लेखेकाछन् । "एस् ठाउंमा दस् नगर् छन्, राजधानी भने भग्नावस्थामाछ ।

राजधानीका बीचमा भयाको राजदर्वारले कुनै कालमा डेढ् कोश् जग्गा व्याप्त गरेको थियो ; भग्नावशिष्ट अंशहरु अद्यावधि अतिशय उच्च र वलिया देखिन्छन् ; तर धेरै कालदेखि परित्यक्त भयाकाछन्। पल्लीग्राममा बासिन्दा थोरै छन्। एस नगरमा राजा छैनन् ; प्रत्येक नगरमा एक जना अध्यक्ष छन्। पैले जाहां सहस्र मठ् थिये, मठ्हरुको भग्नावशेष आजकल् पनि छँदैछन्।" बौद्ध-धर्म्मको आदिस्थान्को यो दूरवस्था देखेर बौद्ध भ्रमण-कारीले एस्तै लेखेकाछन्।

वाराणसी राज्यका असंख्य मनुष्य धेरै जसो हिन्दु-धर्म्मावलम्बी थिये ; बौद्ध अतिशय अल्प थिये। त्रिशङ्कि मठ्मा तिन् हजार बौद्ध बास् गर्दथे ; एक् सहे देवालयमा दस् हजार् हिन्दु महेश्वर्को पूजा गर्दथे। "कोहि कपाल मुण्डन् गर्दछन्, कोहि सिर्मा खालि एउटा शिखा मात्र राख्दछन् र नङ्गाभये र हिंड्दछन् ; अरुहरु पुनराय जन्म मृत्यु बाट परित्राण हुनालाई आंङ् र मस्तक भरी भस्म लगाई कठोर तपस्या गर्दछन्।" वाराणसीमा विस्ओटा अति सुन्दर् प्रस्तरनिर्म्मित र सुरङ्गित काष्टविभूषित मन्दिर थिये, तिन्का चारै तिर प्रत्नपूर्ण वृक्षहरु छाया दान गर्दथे, औ नजिकैमा निर्म्मल जल वग्दथ्यो। साठि

हात् लामू पित्तलको महेश्वरको मूर्त्ति थियो । "तेस्को आकृति गम्भीर, देख्दै डरलाग्दो भान हुन्थ्यो ।" हुयन्-स्याङ्ले वाराणसी नजिक्को सारनाथमा हरिणउद्यानको दर्शन गरेकाथिये ; त्याहांका बौद्धमठ्मा पञ्चदशशत (५०,००) बौद्ध वास् गर्दथे ।

वैशाली राज्यको राजधानी पनि भग्नावस्थामा थियो ; तेस्को छ सात् कोश्को गिर्दा थियो । त्याहां धेरै भग्न मठ् थिये , तीन् या चार ओटा मठ्मा मात्र बौद्धहरु वास् गर्दथे । हिन्दु देवालयहरु धेरै बर्ता थिये ।

हुयेन्स्याङ्ले पचास् मठ् र दशसहस्र मठवासी बौद्ध-लाई देखेथे । गङ्गाका दक्षिण किनारको पाटलिपुत्र नगरमा भग्न हर्म्यादि सात् कोस् सम्म थिये, त्याहां सैकडौं स्तूप, भग्नमठ र देवमन्दिर देखिन्थे । गया नगरीमा तेस् समय एक सहस्र ब्राह्मण परिवार लियेर वस्दथे । यहि ठाउंमा गौतमले छ बर्ष सम्म कठोर तपस्या गरेका हुनाले बौद्ध भ्रमणकारी एस् स्थान्लाई देखेर बहुत् हर्ष भये । तिन्ले प्रसिद्ध "बोधी" वृक्ष देखे र त्याहां देखी एक् कोस दक्षिण सम्म पवित्र धर्म्मनिदर्शन् दृष्टि गरे । एस् स्थानमा प्रतिवर्ष सहस्र सहस्र यात्री आई सात् दिन् सात् रात् सम्म सुगन्धी पुष्पले र गान

बजानले बौद्ध पूजाऽदि सम्पादन् गर्दथे। मगधको पूरानु राजधानी राजगृह नगर भग्नावशिष्ट भयेको थियो एवं तेस्का नजिकै राजगृह भनी अर्को नगर स्थापित भयाको थियो। एहि नगरको निकटवर्त्ती नालन्दाको मठ् तेस-बेलामा भारतवर्षमा सब भन्दा श्रेष्ठ र समृद्धिशाली थियो। त्याहां दशसहस्र बौद्ध बास् गर्दथे एवं सबै प्रकारका शास्त्रालोचना हुन्थे। अठार प्रकारका भिन्न भिन्न दर्शन् पढ्दथे; त्यो बाहेक् वेद, हेतुविद्या, शब्दविद्या, चिकित्सा शिल्पविद्या प्रभृति नानाविद्याको आलोचना हुन्थ्यो। सहे गाउंको कर् उठाई यो मठको निर्वाह हुन्थ्यो। हुयेन्-स्याङ्ले पांच् बर्ष एस् मठमा बसी विद्यालाभ गरे।

पूर्व्व बाट हुयेन्स्याङ् पूत्रवर्द्धन् (उत्तर बङ्गदेश), समतट (पूर्व्व बङ्गदेश) कामरूप (आसाम) र ताम्र-लिप्ति (तमलुक) प्रभृति स्थानमा आई सबै हेर्दै गये। तिनै भन्दछन्—उत्तर-बङ्गमा २० ओटा मठ् र १०० देवालय थिये; आसाम्मा हिन्दुधर्म्मको मात्र प्रचलित थियो, बौद्धधर्म्मको प्रचार थियेन; तथापि आसाम्का राजा, सम्राट शिलादित्यका नातादार् हुनाले, बौद्धधर्म्ममा आमन्त्रित भयाका थिये। ताम्रलिप्तिमा १० ओटा बौद्ध मठ् र ५० ओटा हिन्दु देवालय थिये, र अहिँ बाट अर्णव-

पोत द्वारा सर्व्वदा सिंहलद्वीपमा जानु आजनु हुन्थ्यो । जाहां बाट हुयेन्स्याङ् उढिषा, कलिङ्ग प्रभृति प्रदेश हिरी दक्षिण तर्फ जांदाभये । तिन्ले उडिषामा १०० बौद्धमठ् र ५० ओटा मात्र देवमन्दिर देखे । कलिङ्गमा १० मठ् र २०० मन्दिर थिये ।

द्राविड्मा १०० मठ् र ८० देवमन्दिर थिये, त्याहां बाट मलयपर्व्वत् पार् भै उत्तर् पट्टि महाराष्ट्र देश्मा पुगे । तिन्ले एस्देशलाई सुन्दर भनी वर्णन् गरी गयाका छन् । हुयेन्स्याङ् भन्दछन् "एस् देशका मानिस् अग्ला, गर्वित, सत्यबादी र सरल छन् । तिनिहरुको उपकार एक् चोटि गरेदेखि तिनिहरु सो उपकार कैले बिर्सदैनन् तर तिनिहरु माथि अपकार गऱ्यो भने तिन्का क्रोध बाट निस्तार केहि गरेपनि पाउन सकिन्न ; कैसेले तिनिहरुलाई अपमान गऱ्यो भने, महाराष्ट्रहरु आफ्नु जीवनभयलाई तुच्छ मानी त्यो अपमानको प्रतिकार गर्दछन् ; कसैलाई विपद् पर्दा महाराष्ट्रका घरमा गै आश्रय लियो भने, आफुले बिपद् भोगीकनपनी शरण पर्न आयाकाको रक्षा गर्दछन् । कसैले अन्याय गऱ्यो भने त्यो अन्यायकार्य्यको प्रतिकार गर्नु भन्दा अघी शत्रुलाई वेलैमा सम्बाद् दिई युद्धका अस्त्र, शस्त्र, हातमा वर्छा

इत्यादि लिई युद्धमा हाजिर्हुन्छन्। महाराष्ट्रहरु युद्धमा भाग्नेहरुका पछिलाग्दछन्, तर आफुलाई बन्दी स्वीकार गर्नेको हत्या गर्दैनन्। युद्धमा कुनै सेनापति हारे भने तिन्लाई जिउभा तल्लिफ् हुने सजाय केहि दिदैनन्; इनिहरुलाई नारीको वस्त्र पहिराई, अरु एस्तै लज्जा-दायक सजायदिई, सेनापतिहरुको जीवनभार एत्तिको गराईदिन्छन् कि तिनिहरु आखिर्मा आत्महत्या गर्दछन्। राज्यमा सदैव केहि साहसी योद्धा लड़नालाई तयार रहन् छन्, एवं युद्धकालमा प्रत्येक योद्धा रक्सिखाई उन्मत्तभई बर्शा हातमा लिई दशसहस्र शत्रुलाई पनि तुच्छ मान्दछन्। कान्यकुब्जका सम्राट शीलादित्यले समस्त भारतवर्ष जीते-तापनि महाराष्ट्र जीत्न सकेनन्। महाराष्ट्र देशमा १०० मठ र १०० देवालय थिये। मठवासी बौद्धहरु पांच हजार् थिये, तर हिन्दुपूजकहरु धेरै बर्ता थिये।

नर्म्मदा नदी तरेर हुयेन्स्याङ् मालव देशमा आये। भारतवर्षमा विद्याको दुई स्थानमा समादर थियो भनि इनि भन्दछन्—उत्तर-पूर्व्वमा मगध, र दक्षिण-पश्चिम्मा मालव। एस् राज्यमा हिन्दु, बौद्ध दुवै धर्म्म प्रबल थिये। त्यांहा पछी अन्यान्य धेरै देशमा घुमेर आखिरमा सिन्धु पारमे हुयन्स्याङ्ले भारतवर्षलई छोड़दाभये। हुयेन्-

स्याङ्ले भारतवर्षका १३८ राज्यको वर्णना गरेकाछन्, इनिहरुमध्ये ११० राज्यमाता आफै पुगेकाछन् ।

माथिलेखियाका बाट एस्तो स्पष्ट जाहिर हुन्छ—बौद्ध धर्म्म एक समयमा प्रायः समस्त भारतवर्षमा प्रचलित थियो, तर हिन्दुधर्म्म पनि एक्दम् बिलुप्त भयाको थियेन । छष्टाब्द-को सप्तम शताब्दी भन्दा अघिने हिन्दुधर्म्म प्रायः सबै स्थानमा प्रबल भयाको थियो, तर बौद्धधर्म्म तेस्बेला पनि बिलुप्त भयाको थियेन । हुयेन्स्याङ्ले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र इनै चार जातिको वर्णना गरेकाछन् ; तिनिहरु मध्ये वैश्यहरु वणिक् र शूद्रहरु कृषिजीवी भनी लेखेका-छन् । ई बाहेक अनेक मिश्रजातिहरुको बयान् गरेका-छन् । कूत् ईत्यादि राजाका जग्गाको उठ्ती जम्मे चार भागमा बिभक्त हुन्थ्यो ; एक भाग बाट राज्यको व्यय निर्व्वाहित हुन्थ्यो, द्वितीय अंश राजकर्म्मचारीहरुमा जागिर्का रूपले बांडिन्थ्यो, तृतीय अंश शास्त्रज्ञहरु पाऊंदथे, एवं चतुर्थ अंश बौद्ध र हिन्दुधर्म्मावलम्बीहरुलाई दान गरिन्थ्यो । राजकर अतिसामान्य थियो । सबै जना पैतृक भूमि अधिकार र कर्षण गर्दथे, एवं राजा काहां बाट बिज (विज) पायेर, उब्जा भयेका बालिको षष्टांश (६ खण्डको एक् खण्ड) राजालाई कर्स्वरूपले प्रदान

गर्दथे। नदी र राजपथ (मूल बाटो) का ठाउं ठाउंमा महसूल लाग्दथ्यो। शान्तिका बेलामा थोरै सैन्य रहन्थे; तिनिहरु राज्यको सीमा रक्षा गर्दथे, राजदर्बार र राजालाई विपद् बाट रक्षा गर्दथे। युद्धका बेलामा धेरै सैन्य जम्मा गरिन्थ्यो। शासनकर्त्ता, मन्त्री, विचारकर्त्ता सबै भूमि अधिकार गर्दथे, एवं जागिर स्वरूपले उब्जा तिनिहरु ने भोग् गर्दथे। हुयेन्स्याङ्ले हिन्दुहरुको विचारप्रणाली लाई अतिशय प्रख्यात् गराई दियेथे।

ग्रीकहरुले झैं हुयेन्स्याङ्ले पनि हिन्दुहरुको सरलता र सत्यबादिताको धेरै प्रशंसा गरेकाछन्।

ज्योतिष शास्त्र।

हिन्दुहरु प्राचिन कालदेखि ज्योतिष शास्त्रको आलोचना गर्दैआयेकाथिये भनी हामिले अघिनै भनेकाछौं। तर एहि बौद्धकालमा यो शास्त्र को सविशेष उत्कर्ष भयाको थियो। ज्योतिष शास्त्र-संक्रान्त जो प्राचीन अष्टादश सिद्धान्त-ग्रन्थ प्रसिद्धछन् ती सबै एहि बौद्धकालमा सङ्कलित या परिवर्द्धित भयाका थिये। तिनिहरु मध्ये पराशर र गर्गको सिद्धान्त प्राचीन र प्रसिद्धछ। त्याहां पछी ब्रह्मसिद्धान्त, सूर्य्यसिद्धान्त, वशिष्ठ सिद्धान्त,

रोमक सिद्धान्त र पुलिस सिद्धान्त ई पांच प्रसिद्ध छन् ।

हिन्दु आचार व्यवहार ।

अशोक राजाका पाला देखि प्रायः आठ सई वर्ष सम्म भारतवर्षमा बौद्धधर्म्मले प्राधान्यलाभ गरेको थियो भनी अघिनै भनेकाछौं ; तर सनातन हिन्दुधर्म्म कैले पनि लोप भयेन बरु बौद्धधर्म्मका प्राधान्य समयमा पनि हिन्दु-धर्म्मावलम्बीहरु अति यत्न सित प्राचीन हिन्दु अनुष्ठान र नियमादि सङ्कलन गर्दथे । पूर्व्व परिच्छेदमा जुन् प्राचीन "धर्म्मसूत्र"का बारेमा लेखेकाछौं, सोहि धर्म्मसूत्र वाट प्रसिद्ध मनुसंहिता-नामक ग्रन्थ सङ्कलित भयाकोहो ।

एहि प्राचीन् चार् जातिका कथा—ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र—मनुले लेखेकाछन् । ब्रह्माका मुख वाट ब्राह्मणको बाहू वाट क्षत्रियको, ऊरु वाट वैश्यको र चरण वाट शूद्रको उत्पत्ति भयाकोहो भनी हिन्दुहरु भन्दछन् । वैश्यहरु नाना व्यवसाय अवलम्बन् गर्दथे, तर व्यवसाय अनुसार भिन्न भिन्न जातिको सृष्टि भयाको होइन । मानव धर्म्मशास्त्रमा कायस्थ, वणिक्, स्वर्णकार, कर्म्मकार, गोप, कुम्भकार, सूत्रधर प्रभृति जातीको बारेमा केहि लेखेको-

छैन । ई चार् जाति वाहेक् मनुले अनेक मिश्र जातिका नाऊं लेखेकाछन् । यथा ; निषाद, चाण्डाल, मगध, वैदेहिक, झाल्ला, माल्ला, कैवर्त्त इत्यादि ।

तेस्वेलाको दण्डविधि, कार्य्यविधि, फौजदारी र देवानी विधि, बिबाह, स्त्रीधन उत्तराधिकारत्व, ऋण, बियाज्, कृषिकर्म्म प्रभृति समस्त विषयको विधान् मनु-संहितामा पाईन्छ ।

प्राचीन कालका हिन्दुसमाजमा नारीहरु चीरकाल सम्म सम्मानिता थिये । मनुसंहितामा पनि नारीहरुको विशेष सम्मान् गर्ने बिधान् छ । कोहि कोहि विषयमा पुराना नियमहरु परिवर्त्तन हुन्थे भन्ने मनुका ग्रन्थ वाट थाहा हुन्छ । पूर्व्वकालमा बिधवाबिबाहको चलन् थियो, मनुका वेलामा सो चलन् एकदम् उठेको थियेन ; तर बिधवाको बिबाह नगर्नुनै वेस्छ भन्ने मत् पाईन्छ ।

धर्म्मानुष्ठान्का सम्बन्धमा पनि प्राचीन अनुष्ठानहरु कहिं कहिं परिवर्त्तित हुन्थ्यो, यो मनुका ग्रन्थमा देखि-न्छ । यज्ञकर्त्ताहरु वैदिक् यज्ञका नियमानुसारले धर्म्म यज्ञ सम्पादन् गरुन् भन्ने विधान् मनुले दियेकाछन् । देव-देवीको प्रतिमूर्त्ति स्थापन् गरी देवालयका पण्डा,

पुरोहितहरू जनसाधारण वाट धन् पाऊंदथे भन्ने पनि मनुमा पाइन्छ। एस्ता पण्डा अथवा पुरोहितलाई मनुले अतिशय घृणा गरी तेस्तालाई बगरकसाही र भट्टिवाला-हरू जस्ता हुन् भनी गयाकाछन्। याग यज्ञादि कार्य्यको जुन् विधान् मनुले दिई गयाका थिये सो प्रायः सबै आज-कल् विलुप्त भैसक्यो।

मनुले पारिवारिक धर्म्मसम्बन्धमा धेरै कुरा लेखिगय-काछन्; एवं नारीहरू प्रति यथोचित् सम्मान् प्रदर्शन् गर्नालाई उपदेश दियाकाछन्। हिन्दुहरूले यो सबै मन्मा राख्नु वेस्छ।—

"जुन् देशका नारीहरूको मान् र इज्जत् छ, तेस् देशमा देवगण सन्तुष्ट रहन्छन्। जुन् देशमा नारीको सम्मान् छैन, तेस् देशको कौनै धर्म्मानुष्ठान् फलदायक् हुंदैन।

"जुन् संसारमा नरीहरू कष्ट पाऊंछन्, त्यो सन्सार चांडैनै ध्वंस हुन्छ। नारीहरूलाई सुख भयाका देशको वरावर् उन्नति र वृद्धि हुंदै जान्छ।

"जस्लाई समृद्धि पाउनाको इच्छा हुन्छ, तिनिहरूले नारीहरूलाई सधैं अलङ्कार, सुपरिच्छद् र सुखाद्य दान् गरून्; उत्सव र आनन्दका बेलामा नारीहरूलाई यथोचित विभूषित गराउन्।

"जुन् देशमा पति भार्य्याका प्रणयमा तुष्टछन्, तेस् देशको विनाश् कैले हुनेछैन"।

पञ्चम परिच्छेद।

—:**:—

पौराणिक काल।

अनुमान् ५०० ख्रष्टाब्द् देखि १२०० ख्रष्टाब्द् सम्मको इतिहास्।

विक्रमादित्य र तिनिपछिका राजाहरु।

अघीका परिच्छेदमा भनियाकैछ कि, धेरै शताब्दी अघी विदेशी आक्रमणकारीहरुले भारतवर्षमा प्रवेश गरी भिन्न भिन्न प्रदेश जिती आफ्नु अधिकार जमायाका थिये। ग्रीक्, ईउ-चि, कम्बोज्, हुन्, शक प्रभृति पङ्गपालभैं भारतवर्षमा प्रवेश गर्नलागे, एवं भिन्न भिन्न स्थानमा आफ्ना अधिकार विस्तार गर्न लागे। ख्रष्टाब्दका षष्ठ शताब्दीमा उज्जयनी राजा महाबल विक्रमादित्यले करुर युद्धक्षेत्रमा शत्रुहरुलाई परास्त गरी हिन्दु वीरत्वको गौरव रक्षा गर्दा भये। तिन्को साम्राज्य आर्य्यावर्तको प्रायः

सर्व्वत्र विस्तृत भयो। विक्रमादित्यको राज्य अझ सम्म पनि हिन्दुहरूले विर्सेका छैनन्। हिन्दु इतिहासमा तिन्को नाउँ अझै पनि जाज्वल्यमान् छ। सिंहासन् बत्तिसि, वेताल पचिसि प्रभृति उपन्यास पढेर आबाल-वृद्ध-वनिता सबै विक्रमादित्यको नाऊँ जान्दछन्। तिन्का पाला देखि भारतवर्षको ज्योतिष् र विज्ञान-शास्त्र, काव्य र नाटक् इत्यादीको नजाकवच्लगाई, बलियो, हिन्दुधर्म्मले जुन् उत्कर्ष लाभगरेकोछ सो लेखिनेछ।

विक्रमादित्यले अनुमान् ५१५ ख्रष्टाब्द देखी अनुमान् ५५० ख्रष्टाब्द पर्य्यन्त राज्य गरे। तिन्का एक जना अमात्य मालगुप्तलाई काश्मीरका राजा बनाये, (कोहि कोहि, इनै मालगुप्तलाई कविप्रधान कालिदास हुन् भन्द-छन्)। विक्रमादित्य पछी, कोहि राजाहरूले राज्य गरे पछी, अनुमान् ६१० ख्रष्टाब्दमा प्रसिद्धनामा शीलादित्य सम्राट भयेर अनुमान् ४० वर्ष राज गर्दा भये। इनि पनि विक्रमादित्य झैं प्राय: समस्त आर्य्यावर्तका सम्राट थिये। इन्को राजधानी कान्यकुब्जमा थियो। इन्का पालामा चीनदेशका भ्रमणकारी भारतवर्षमा आयाका थिया भनी पैलेनै वर्णित भयाकोछ। शिलादित्यले सबै जातिलाई

जितेकातथिये, तर दक्षिण देशका महाराष्ट्रीहरू सँगका युद्धमा परास्त भयाका थिये ।

शिलादित्य पछी, केहि राजाका राज्य अतीत भया पछी, अनुमान ७०० क्रष्टाब्दमा यशोवर्म्मन कान्यकुब्जका सम्राट भये । केहि वर्ष राज्य गरेपछी, काश्मीरका प्रवलप्रतापशाली राजा ललितादित्यका हात वाट तिनि परास्त भये । तिन्का समय पछीको आर्य्यावर्तको इतिहास् पाइँदैन ।

जुन् समयमा विक्रमादित्य र तत्परवर्त्ती सम्राटहरूले उज्जयेन र कान्यकुब्जमा राज्य गर्दथे, तेस् कालमा सौराष्ट्र अथवा गुज्रात् प्रभृति देशमा वल्लभीहरूले एउटा पराक्रान्त राज्य स्थापन् गरेकाथिये । पछी अनुमान ७५० क्रष्टाब्दमा तेस् वंशको लोप् भयो । त्याहां पछीको एस् राज्यको इतिहास् केहि पाइँदैन ।

पौराणिक हिन्दुधर्म्म ।

राजा विक्रमादित्यका समयमा हिन्दुवल्ले धेरै उत्कर्ष लाभ गरेकोथियो, तेस्का सङ्सगै हिन्दुकाव्य प्रभृतिको पनि उत्कर्ष देखिन्छ । मनुसंहितामा जुन् वैदिक् याग-यज्ञको संस्कार गर्नु भन्ने लेखियाकोछ, जन-साधारणमा

सो क्रिया-कलाप प्रायः लोप हुंदै आयाको थियो। गृहस्तीहरु घरघरैमा यज्ञाग्नि राख्दैनथे। नाना किसिम्का श्रौत र गृह्य याग-यज्ञ सम्पादन् गर्दैनथे। प्रजाहरुले आफ्ना घरका याग-यज्ञ नगरी, देवालयमा देव मूर्त्तिका साम्ने पूजादि गर्न आरम्भ गरे, तसर्थ देवमन्दिरमा पुरोहितहरुको प्राधान्य क्रमशः वृद्धि हुन लाग्यो।

ज्ञानखण्डमा वेद र पुराणको मत् मिलेकोछ, दुवैले एकै ब्रह्मलाइ प्रतिपादन गरेकाछन्; उनै वाट उत्पत्तिभै उनैमा लयहुन्छ भन्ने दुवैमा लेखियाकोछ। वेदमा इन्द्र, सूर्य्य, अग्नी, वरुणको उपासना मुख्य लेखियाकोछ, पुराणमा सृष्टि, पालक, संहारकर्त्ता, ब्रह्मा, विष्णु, महेश्वर इ तीनको उपासना प्रधान लेखियाकोछ।

यहिरूपले वैदिक याग यज्ञ प्रायः लोप हुंदै गयो, इन्द्रादि वैदिक देवहरु दोश्रा दर्जाका देवता हुनगये, ब्रह्मा, विष्णु, महेश्वर देवतामा प्रधान भये। वेदमा नलेखियाका अरु धेरै देवदेवी भूतादि पूजिन लागे, एवं देवालय स्थापन र मूर्त्तिपूजाले हिन्दुधर्म्मको प्रधान अंग हुन आयो।

ज्योतिषादि शास्त्र।

विक्रमादित्यका समय देखि अैले सम्म हिन्दुज्योतिष शास्त्रको विशेष उत्कर्ष भयाकोछ। आजकाल्को ज्योतिष शास्त्रका प्रणेता आर्य्यभट्टले ४७६ खृष्टाब्दमा जन्मग्रहण गरे; "आर्य्यभट्टीय" नामक पुस्तक रचना गरी आफ्नु नाउं चिरस्मरणीय गरे। सूर्य्य र नक्षत्रादि स्थिर छन्, पृथिवी प्रतिदिन आवर्त्तन गर्दछिन्, तेसैउस्ले सूर्य्यादि उदायाको र अस्तायाको देखिन्छन् भन्ने सबै आर्य्यभट्टले आविस्कार गरेकाहुन्। आर्य्यभट्ट पछी वराहमिहिरको जन्म भयाकोथियो; इनि विक्रमादित्यका "नवरत्न" सभाका एक प्रधान रत्न हुन्। तिन्ले "बृहत्संहिता" नामक ग्रन्थ रचना गरे; र अघिका भिन्न भिन्न ज्योतिष समूह एकत्र गरी "पञ्चसिद्धान्तिका" नामक ग्रन्थ प्रचार गरे। वराहमिहिरले सङ्कलन गरेका पांच् ज्योतिष ग्रन्थ-को नाऊँ पूर्व्व परिच्छेदमा उल्लिखित् भयाकोछ। यथा,—ब्रह्म, सूर्य्य, वशिष्ठ, रोमक र पुलिस सिद्धान्त। ६२८ खृष्टाब्दमा ब्रह्मगुप्त नामक एकजना ज्योतिर्व्वेत्ताले "ब्रह्मस्फुटसिद्धान्त" नामक ग्रन्थ प्रकाश गरे। त्याहाँ पछी पांच् सई वर्ष सम्म भारतवर्षमा ज्योतिषशास्त्रको

चर्चा नितान्त हीन हुंदै गयो । आखिर ११२४ ख्रष्टाब्दमा जगद्विख्यात् "वीजगणित्" "लीलावती" र "सिद्धान्तशिरोमणी" ग्रन्थ प्रकाश भये ।

खालि ज्योतिषशास्त्रको मात्र होइन कि 'वीजगणित', 'त्रिकोणमिति' र अङ्कशास्त्रको पनि उन्नति भयाकोथियो । वीजगणित शास्त्रमा हिन्दुहरुले जत्तिको पारदर्शिता लाभ गरेकाथिये, तेत्तिको लाभ गर्न जगत भरिका प्राचीन कुनै जातिले सकेका थियेनन् । ख्रष्टाब्दको अष्टशताब्दीमा एक जना अरव देशका पण्डितले हिन्दुहरुको वीजगणित अनुवाद गरी, अरव हरुमा प्रचार गरे । पछि १२०२ ख्रष्टाब्दमा पिसा-नगरवासी एकजना ईतालियन् लिवोनार्डोले अरवहरु वाट एस् शास्त्रको शिक्षा पाई इउरप्मा प्रचार गरे ।

एहि हिसावले त्रिकोण र गोलाकार पदार्थको जुन् समस्त नियमादि प्राचीन कालका हिन्दुले आविष्कार गरि गयाकाथिये, सो ईउरप्मा हाल् दुई तिन् शहे वर्ष भयो बल्ल आविष्कृत भयाकोछ । अङ्कविद्यामा हिन्दुहरु जगतैका गुरु हुन् । तिनिहरुले जुन् दशमिक् प्रथा (Decimal Notation) आविष्कार गरे, सोहि अैले समस्त जगत्मा प्रचलित छ । ग्रीक् र रोमन्हरु यो जान्दैनथे,

तिसै उसले तिनिहरू अङ्कविद्यामा हिन्दुहरूका बराबरि हुन सकेनन्।

ज्यामिति (Geometry) शास्त्रको नियमादि पैले हिन्दुहरूले आविष्कार गरेका भयातापनि, भारतवर्षमा यो शास्त्रको विशेष उत्कर्ष देखिदैन। बीजगणितको द्वारा हिन्दुहरू ज्यामितिको अनेक सिद्धान्त प्रमाणीकृत गर्न लागे, ज्यामिति पट्टि धेरै विचार गरेनन्; तर ग्रीकहरूले एस् शास्त्रको धेरैनै उत्कर्ष लाभ गरेका थिये।

ज्योतिष शास्त्रमा पनि ग्रीकहरूले धेरै उत्कर्षलाभ गरेका थिये, एवं आर्य्यभट्टादि हिन्दु ज्योतिर्वेत्ताहरूले ग्रीकहरूसँग धेरै विषयमा शिक्षालाभ गरेका थिये। आकाशमा सूर्य्यको वाटोलाई वाह्र भागमा बांडी मेष, वृष, मिथुनादि जो राशिचक्र स्थिरीकृत भयाको छ, सो सबै ग्रीकले कालडीयहरू सँग र हिन्दुले ग्रीक् संग वाट शिक्षा पायाको हो।

चिकित्सा शास्त्र।

चिकित्सा शास्त्रका सुपण्डित धन्वन्तरि विक्रमादित्यका 'नवरत्न' सभाका एक रत्न हुन्। चरक र सुश्रुत नामक दुई प्राचीन ग्रन्थ एसै समयमा रचित् भयाको

बोध हुन्छ । चिकित्सा विद्या र रसायन् विद्या दुइटैमा हिन्दुहरुले असाधारण पारदर्शिता लाभ गरेकाथिये, एवं नानारूप औषधि प्रस्तुत गर्न जान्दथे । धातूसेवन द्वारा पीड़ा आरोग्य गर्ने इनिहरुलेनै पैले आविष्कार गरेको हो । धेरै अघी हिन्दुहरुको १२७ प्रकारका भिन्न भिन्न यन्त्र थिये । तिनिहरु नारीका गर्भ देखि सन्तान् वाहिर गर्न पनि जान्दथे । वसन्तरोग निवारण गर्नालाई खोपाजने दस्तुर भारतवर्षमा अघि देखिनै प्रचलित छ ।

काव्य र नाटक ।

ज्योतिषादि शास्त्रका उत्कर्षले विक्रमादित्यको काल जस्तो प्रसिद्ध छ, काव्योद्दीपनले पनि सो काल तेस्भन्दा कम् प्रसिद्ध छैन ; कालिदासको कवित्व मात्र पनि विक्रमादित्यको यशोराशिको एउटा प्रधान हेतु हो । कालिदासको शकुन्तला जस्तो जगतविख्यात् नाटक अर्को एउटा पनि छैन । तेस्तो सुललित मधुर नाटक पनि जगत्मा अर्को छैन । पढे देखि थाह हुन्छ कि सो मधुरता जम्मै पुस्तकमा मात्र होइन, कि पत्र पत्रमा, पंक्ति पंक्तिमा समेत पाइन्छ । कण्वमुनिका शान्त आश्रम्मा वल्कलवासा शकुन्तला, तिन्की वनवासिनी सङ्गिनीहरु, हरिणी,

वनलता, कुसुमतरु, अनसूया र प्रियम्बदा, तिन्‌को चिर-सङ्गिनीहरु सँग खेदपूर्ण विदा लिनु, सबै चित्र एस् ग्रन्थमा खिचियाका छन् ; एस्तो ललित, मधुर, हृदय-ग्राहि चित्र हामिले कैले पनि कुनै भाषामा देखेका छैनौं । शकुन्तला वाहेक् कालिदासको अरु दुई नाटक आजकल् सम्म विद्यमान्छ । ति नाटकद्वय विक्रमोर्व्वशी र मालविकाग्निमित्र हुन् । ई दुईमा विशेषतः विक्रमो-र्व्वशीमा कालिदास्‌को कल्पनाको अतुल्य लीला र तिन्‌का लेखनीको असाधारण मधुरता देखिन्छ । पुरु-रवा राजाका स्वर्गीय अप्सरा उर्व्वशी सँगको प्रणय, एवं अग्निमित्र राजा सँग मालविका नाम्नी एक परिचारिका को प्रणय, ई दुई नाटक्‌मा वर्णन भयाकोछ । मालवि-काग्निमित्रमा एक जना बौद्ध परिव्राजिकाको उल्लेख छ ।

नाटक वाहेक् कालिदासले अरु धेरै काव्य लेखेका छन् । रघुवंश, कुमारसम्भव, र मेघदूत कालिदासले रचेका हुन् ; ऋतुसंहार, र नलोदय इनै कालिदासले रचेका हुन् होइनन् एस्मा सन्देह छ । रघुवंशमा तेस् वंशका राजाहरुको कीर्त्तिकाहिनी सुन्दररूपले वर्णित भयाकोछ ; कुमारसम्भवमा उमाको विवाह वर्णित भया-कोछ । हिमालय पर्व्वतमा महादेवको तपस्या र उमाको

सेवा, पछी निर्जन वनमा उमाको कठोर तपस्या र शोक अति आश्चर्यरूपले वर्णित भयाकोछ। मेघदूतमा देशको वर्णन गर्ने चतुरता र विपुल कल्पना शक्ती पाइन्छ।

कालिदासका समय भन्दा केहि दिन् मात्र पछी भारविले किरातार्ज्जुनीय रचना गरेका बोध हुन्छ। भारविको कालिदासको जस्तो कल्पनाशक्ति थियेन, तेस्तिको रचना लालित्य पनि थियेन, तथापि भारविको रचना अतिशय तेजस्विनी, भाव र तेजःपूर्ण थियो। हिमालय पर्व्वतमा अर्ज्जुन कठोर तपस्या गर्दछन्, पछी किरात वेशधारी महादेव सँग तुमुल संग्राम गरी दिव्य अस्त्र पाऊंदछन्, यो उपाख्यान् किरातार्ज्जुनीय काव्यमा रचित भयाकोछ।

६१० देखि ६५० कृष्टाब्द पर्य्यन्त शीलादित्य सम्राट् थिये भन्ने अघिनै भनेकाछौं। तिन्का राजत्वकालको प्रारम्भमा दण्डिले दशकुमारचरित नामक सुन्दर उपन्यास् लेखेका हुन्; एस् पछी बाणभट्ट र सुवन्धुले कादम्बरी र वासवदत्ता नामक दुई उपन्यास रचना गरे। ई सबै उपन्यास्का गद्यरचना तेजःपूर्ण, तीव्र र नाना अलङ्कारले अलङ्कित छन्। साधारण स्वाभाविक भाषामा जस्तो गद्य रचना हुन्छ, तेस्तो संस्कृत भाषामा धेरै देखिँदैन।

इनै शिलादित्यका राजत्वकालमा भर्तृहरिले तिन् ओटा शतक रचना गरेका हुन् । कत्यक् (गाइने) हरु भावपुर्णत्व र रचनाचातूर्य्यका निमृति प्रसिद्धथिये । भट्टि-काव्य नामले काव्य आकारमा जो व्याकर्णको व्याख्या विद्यमानछ सो पनि भर्त्तृहरिले रचेकोहो भन्ने बोध हुन्छ ।

शिलादित्य (जस्को अर्को नाऊँ हर्षदेव थियो) आफैले रत्नावली नाटक र नागानन्द नामक बौद्धनाटक रचना गरेका हुन् भन्ने जनश्रुति छ ; तर रत्नावली, कादम्बरी रचयिता बाणभट्टले रचेको भन्ने, र नागानन्दपनी, अरुकुनै पण्डित द्वारा रचित् भपाकोहो भन्ने बोध हुन्छ । बाण-भट्टले शीलादित्यको एउटा जीवनचरित्र लेखेकाछन्, तेस् पुस्तक्को नाऊँ हर्षचरित हो ।

अनुमान ७०० देखि ७३० ख्रष्टाब्द सम्म यशोवर्म्मन कान्यकुब्जका सम्राट् थिये । यशोवर्म्मनका राजत्व कालमा विदर्भदेशी जगद्विख्यात कवि भवभूतिले कैएक् नाटक रचना गरेका थिये ।

भवभूति को मालतीमाधव अति प्रसिद्ध नाटक हो । कालिदास को लेखनी जस्तिको मधूमयी छ भवभूति को लेखनी उक्ति के तेजस्विनी छ । विशेषत: कपाल-कुण्डलाले अघोरघण्ट रचित चामुण्डाको मन्दिरमा

मालतीलाइ जुन्वेला बलिदान दिने उद्योग गरेकोथियो, माधवले जुन्वेला भीषण लढ़ाजी गरी अघोर-घण्टलाइ मारी मालती को उद्धार गरेकाछन् तेस् वखत्को वर्णना जस्तो तेजस्विनी, भयावह वर्णना संस्कृतभाषामा अन्त कहिँ पाइँदैन। फेरि कपालकुण्डलाले मालतीलाइ लैजाँदा सौदामिनीको सहायताले माधवले पूनर्वार तिन्को उद्धार गरी तिन्लाई विवाह गरे। एस् नाटकमा बौद्धरमणी कामन्दकीको परिचय छ। एस् वाहेक भवभूतिले अक दुईटा नाटक् लेखेका छन्। महावीरचरितमा रामायण को लढ़ाजी र सीता उद्धारको वर्णना छ, उत्तररामचरितमा सीता को वनबास बयान् गरेकोछ। ई दुइटै नाटक हृदयग्राही छन्; उत्तररामचरित विशेष करुणारसपूर्ण एवं आद्यन्त अत्यद्भुत कविताले भरियाको छ।

भारतवर्षमा पुराण नामक ग्रन्थ अति प्राचीन कालमा रचित् भयाको थियो, तर सो पुरानु पुराण हाल् पाइँदैन। आजकल् जो अष्टादश (१८) पुराण पाइन्छन् तिन्मा धेरै जसो एसै वेलामा रचित् भयाकाहुन् भन्ने प्रमाण पाइन्छ।

कालिदासका समय देखि भवभूतिका समय सम्म,

अर्थात् अनुमान ५०० ख्रष्टाब्द देखि ७५० ख्रष्टाब्द पर्य्यन्त भारतवर्षमा कवि, ज्योतिर्व्वेत्ता, पण्डित र वैज्ञानिक हरु बराबर् सुशोभित थिये । दुईसहे पचास् वर्ष सम्म हिन्दु-प्रतिभा को आलोक् चारै दिशामा विस्तृत थियो । ७५० ख्रष्टाब्द पछी सो आलोक् सहसा निभ्नगयो । त्याहाँ पछी दुई तिन्सहे वर्ष भित्र एउटा पनि प्रतिभासम्पन्न हिन्दु नाऊँ पाइँदैन ।

विक्रमादित्य, शीलादित्य, यशोवर्म्मन प्रभृति जस्ता अरु कुनै ठुला नरपति यो २६० वर्ष भित्रमा राज गर्दथे भन्ने केहि निशान् छैन । कालिदास, भवभूति र वाणभट्ट समान प्रतिभा सम्पन्न कौनै कविको यो दुइ तिन् सहे वर्ष भित्र जन्म भयेन । आर्य्यभट्ट, बराहमिहिर, ब्रह्मगुप्त प्रभृति जस्ता जोतिर्व्वेत्ताले ई दुइ तिन् सहे वर्ष भित्रमा जन्मग्रहण गरेनन् । अमरसिंह, वररुचि, धन्वन्तरि प्रभृति जस्ता रत्न यो दुई तिन् सहे वर्ष भित्र अरु कोहि देखियेनन् । यो अढाईसहे वर्ष भित्रका कुनै ठुला राजाको, या महत् जातिको, या समृद्धिशाली नगरको कथा केहि सुनिँदैन । एस् दुई तिन् सहे वर्षको मध्यवर्त्ती समयको केहि इतिहास् पाइँदैन ।

भाषा ।

भारतवर्षका इतिहासको भिन्न भिन्न कालमा प्रचलित भयाको भाषाको पनि क्रमशः परिवर्त्तन हुन लाग्यो । सिन्धुतीरवासी आदि हिन्दुहरुमा ऋग्वेद को संस्कृतभाषा प्रचलित थियो । गङ्गातीरवासी प्राचीन कुरु, पञ्चाल (कान्यकुब्ज) कोशल र विदेहहरु पनि ब्राह्मण, उपनिषदादि ग्रन्थको भाषा बोल्थे । अशोक राजाका समयमा जनसाधारण पालि भाषामा कथावार्त्ता गर्दथे । पालिभाषा संस्कृतको उपभ्रंश हुनाले धेरै संस्कृत सँग मिल्दछ । विक्रमादित्य राजाका समयमा जनसाधारण नानारुप् प्राकृतभाषा बोल्दथे ; सो प्राकृतभाषाको व्यवहार हामि कालिदासका नाटकमा पाउँदछौं । कृष्टाब्द को दश या एकादश शताब्दीमा हिन्दि प्रभृति आजकल्को भाषाहरु प्रचलित भये ।

भिन्न भिन्न राज्यको वर्णन् ।

काश्मीर राज्य ।—काश्मीर राज्यको "राजतरङ्गिणी" नामक् एउटा प्राचीन इतिहास छ । एस् ग्रन्थका प्रणेता कल्हन पण्डित् हुन् । कृष्टाब्दको सुरुमा कनिष्क नामक विदेशीय राजाले काश्मीरमा राज्य विस्तृत गरेकाथिये

भन्ने अघिनै लेखियाको छ । यो राज्यविस्तारको पाँच् सई वर्ष पछी विक्रमादित्यका सहायताले मातृगुप्त काश्मीर-का राजा भयाको हाल् पनि अघिनै विस्तृत भयाकोछ । मातृगुप्तका मृत्युको १५० वर्ष पछी, अर्थात् अनुमान ७०० कृष्टाब्दमा ललितादित्य काश्मीरका राजा भये, एवं कान्य-कुब्ज जीतेर त्याहां वाट प्रसिद्ध भवभूतिलाई काश्मीर मा लगे । ललितादित्यका मरणको वाह्र वर्ष पछी, अर्थात् ७४५ कृष्टाब्दमा जयपीड नाम् भयाका अर्का एक् प्रसिद्ध राजाले, अनेक व्याकर्णवित् पण्डितहरुका सहायले प्रायः विलुप्त भयाको पतञ्जलिको महाभाष्य ग्रन्थ, यत्नसाथ संग्रह गर्दा भये । जयपीडले वङ्गदेश (वङ्गाल) कि राजकुमारी कल्याणी देवीको पाणिग्रहण गरेका थिये । कृष्टाब्दको द्वादश शताब्दीमा, जुन्वेला भारतवर्षमा हिन्दु-स्वाधीनता विलुप्त भयाको थियो, तेस् पछी पनि कैएक शताब्दी पर्य्यन्त काश्मीरमा हिन्दुराजाहरु राजत्व गर्दथे ।

गुर्ज्जर अथवा गुज्जात देश ।

जुन् समयमा उज्जयेन नगरमा विक्रमादित्य राज-गर्दथे, अनुमान सोहि समयमा, महाबल पराक्रान्त वल्लभी-हरुले गुज्जात् र सौराष्ट्रदेशमा राज्यस्थापन् गरे । पुनि

हरुले २५० वर्ष सम्म सौराष्ट्रमा राज्य गरे । यो वंश "सेन" वंश नामले प्रख्यात् छ । चीनभ्रमणकारी हुयेन्स्याङ् तिनिहरुका राजधानीमा गयेका थिये । ७५० खृष्टाब्दमा यो वंश विलुप्त भयो र राजपुतहरुले अन्हलवार (पत्तन) नामको राजधानी स्थापन् गरे ।

दक्षिणापथ ।

उत्तरतर्फ नर्म्मदा र दक्षिणतर्फ कृष्णा नदीका बीचको विस्तीर्णप्रदेशमा चालुक्य वंशी राजाहरुले दुईटा विस्तीर्ण र पराक्रान्त राज्य स्थापन् गरी, अनुमान सात् सय वर्ष अर्थात् ५०० देखि १२०० खृष्टाब्द सम्म राज गरे । ई दुई राज्यहरुका एउटा पूर्व्व पट्टि थियो तेस्को राजधानी को वारङ्गल नाम थियो । अर्को चाहिँ पश्चिम पट्टि, अर्थात् आजकलको महाराष्ट्र र कङ्कण देश थियो ।

कृष्णाका दक्षिणमा चेर, चोल र पाण्ड्य नामक तिन् ओटा अति प्राचीन राज्य थिये । ई देशवासीहरु प्राचीन द्राविड़जाती हुन्, तर क्रमशः हिन्दुहरु वाट हिन्दु धर्म्म र सभ्यता पायेका थिये । अशोक राजाका समयमा ई राज्य थिये भन्ने प्रमाण पाईन्छ । पछी पौराणिक काव्यमा चोल राज्यको राजधानी काञ्ची नगरी. शास्त्रा-

लोचना र विद्यागौरव निमित्त भारतवर्षमा प्रसिद्ध भई आयाको थियो।

उड़िष्या अथवा ओरिषा।

उड़िष्या प्रदेशले पनि अति प्राचीन कालमा सभ्यता लाभ गरेको थियो। अशोक राजाका समय भन्दा अघिनै बौद्ध परिव्राजकहरु उड़िष्यामा आयेर खन्दगिरि प्रभृति स्थानमा जो गिरिगह्वर (गुफा) निर्म्माण गरी गयाका थिये, सो अद्यापि छँदैछन्। बौद्ध राजाहरुले अनेक शताब्दी पर्य्यन्त उड़िष्यामा राज गरे। आखिरमा ४७६ खृष्टाब्दमा केशरी वंश उड़िष्याको राजा भयेर हिन्दु-धर्म्म, विशेषतः महेश्वर वा भुवनेश्वरको पूजा प्रचार गरे। भुवनेश्वर नामक नगरमा तिनिहरुको कीर्त्तिस्वरूप प्रस्तर-निर्म्मित मन्दिर अद्यापि वर्त्तमान् छ।

कालक्रमले गर्दा महेश्वरको उपासना हरायो र कृष्ण वा जगन्नाथको उपासना उड़िष्यामा प्रचारित भयो। तसर्थ भुवनेश्वर वाहेक हालका सबै मन्दिर जगन्नाथका छन्। जगन्नाथ वा श्रीक्षेत्रमा जो मन्दिर छ, त्याहाँ भारतवर्षका विभिन्न प्रदेश देखि लाखौँ मानिस् अद्यापि गमन गर्दैछन्।

केशरीवंश पछी गङ्गावंशका राजाहरुले ११३२ ख्रष्टाब्द देखि १५३४ ख्रष्टाब्द सम्म राज गरे। एस्का वेहि पछी मुसलमानहरुले उडिष्या दखल् गरे।

वङ्गदेष।

ख्रष्टाब्दका अघी षष्ट शताब्दीमा जुन् वेला मगध राज्यले भारतवर्षमा प्राधान्यलाभ गरेको थियो, तेस् वेला अङ्गराज्यले (आजकल्को भागलपुर र मुङ्गेर प्रदेश) विलक्षण सभ्यता पायाकोथियो, एवं त्याहां वाट हिन्दुसभ्यता क्रमशः वङ्गदेशमा वृस्तृत हुन लाग्यो। ख्रष्टाब्दका अघी तृतीय शताब्दीमा ग्रीक् लेखकहरुले वङ्गदेशका क्षमताशाली राजाहरुको वयान् लेखी गयाका छन्। एवं ख्रष्टाब्दका सप्तम शताब्दीमा हुयेन्स्याङ्ले पुत्रवर्द्धन (अर्थात् उत्तर वङ्गदेश), समतट (अर्थात् पूर्व्ववङ्गदेश), कामरूप (अर्थात् आसाम), ताम्रलिप्ति (अर्थात् तमलुक) प्रदेशहरुको सभ्यता, शास्त्रविद्या र वाणिज्यको विस्तीर्ण विवरण गरी गयेका छन्। तेस् समयमा समस्त वङ्गदेशमा एउटा मात्र राज्य थियेन, माथि भनेका भिन्न भिन्न प्रदेशमा भिन्न भिन्न क्षुद्र राज्य थिये। मुर्शिदावाद नेर कर्ण सुवर्ण नाम भयाको एउटा राज्य र त्रिपुराय नामक्

अर्को एउटा राज्य थियो। कर्णसुवर्णका राजाले प्रसिद्ध नामा शिलादित्यका पितालाई युद्धमा परास्त र निहत गरेका थिये, सो पनि हुयेन्स्याङ्ले लेखेकाछन्।

अनुमान ८४० क्रष्टाब्दमा "पाल" नामधारी बौद्ध-धर्म्मावलम्बी एक पराक्रान्त वंश वङ्गदेशका राजा भये। एस् वंशका आदिपुरुष भूपाल वा लोकपाल हुन्। तिन्का नाति देवपालले अनेक राजा लाई जित्दा समग्र भारतका सम्राट भनी कीर्त्तित भयाका थिये। दिनाजपुर, बुद्धगया, वाराणसी प्रभृति अनेक स्थानमा पालवंशका राजाहरुको अनेक कीर्त्ति अझैपनि देखिन्छ; दिनाजपुरको विख्यात महीपालदीग्थिले महीपाल राजाको कीर्त्ति प्रकाश गर्दछ।

अनुमान १००० क्रष्टाब्द देखि सेन वंशका राजाहरु वङ्गदेशमा राज्य गर्दथे। कालक्रमले पाल र सेन वंशमा विरोध भयो। भारतवर्षका अन्यान्य स्थान्मा जुन् रुपले, वङ्गदेशमा पनि सोहि रुपले बौद्धधर्म्मको पराजय र हिन्दु-धर्म्मको जय भयो। सेन वंशीहरु वङ्गदेशका राजा भये, एस् वंशका पहिला राजा आदिपुरले (तिन्को प्रकृत नाऊँ वीरसेन वा शूरसेन हो) हिन्दुधर्म्मको गौरववृद्धि निमित्त कान्यकुब्ज वाट पांच् जना ब्राह्मण झिकाये। ई

ब्राह्मणहरु सँग पांच्जना कायस्थ आयाका थिये । वङ्ग-देशका प्रधान ब्राह्मण र कायस्थ हरु इनै दश जनाका सन्तान् हुन् भन्ने परिचय पाइन्छ । ई पांच जना ब्राह्मणमा श्रीहर्षले नैषध चरित नामक काव्य र भट्ट-नारायणले वेणीसंहार रचना गरेका हुन् भन्दा सुनिन्छ ।

वल्लाल सेनले १०६६ क्रष्टाब्दमा सिंहासन आरोहण गरी यो प्रशस्त राज्यलाई राढ़ (वर्द्धमान विभाग), वरेन्द्र (राजसाही र कूचबिहार विभाग), वङ्ग (ढाका र चट्टग्राम बिभाग), वागड़ी (प्रेसिडेन्सि बिभाग), एवं मिथिला (उत्तर बिहार) इ पाच भागमा विभक्त गरे । एहि देशबिभाग का अनुसारले, भिन्न भिन्न श्रेणीका ब्राह्मण र कायस्थ भयाका छन् । सूवर्णग्राम, गौढ़ र नवद्वीप ई तिन् नगर वल्लालसेनका राजधानी हुन् ।

वल्लालसेनका पुत्र लक्ष्मणसेनका पालामा जयदेवले गीतगोविन्द रचना गरेथे ; तिनि पछी माधवसेन र केशव सेन ले क्रमैसँग राज गरे । पछी ११२३ क्रष्टाब्दमा लाक्ष्म-णेयको जन्म भयो । ईनि वङ्गदेशका राजा भयेर ईन्का ८० वर्षका उमेरमा (१२०३ क्रष्टाब्द) मुसलमान सेना-पति वख्तियार खिल्जीले नवद्वीप र वङ्गदेशको अधि-कांश जित्दा भये ।

दिल्ली, आजमीर र कान्यकुब्ज ।

ख्रष्टाब्दका अष्टम शताब्दीमा एक राजपुत वंशले दिल्ली प्रदेश जयगरी १०५० ख्रष्टाब्द सम्म त्याहां राज गरे। एम् समयमा आजमीर का राजा चौहान वंशी विशाल-राजले दिल्ली जयगर्दा भये, एसै कारणले आजमीर र दिल्ली धेरै काल पर्य्यन्त एकराज्यभुक्त भयाको हो।

कालक्रमले गर्दा आजमीर र दिल्ली फेरि पनि दुईटा वेग्ला वेग्ले स्वतन्त्र राज्य भयो। दिल्ली मा तोमरकूल र आजमीरमा चौहानकूलले राज्य गर्न लागे। ख्रष्टाब्दका द्वादश शताब्दीमा दिल्लीश्वर निःसन्तान हुंदा, आजमीराधिपति पृथ्वीराजलाई आफ्नु उत्तराधिकारी मान्दा भये। तसर्थ आजमीर र दिल्ली पुनः एक राजाका अधिनमा भयो।

आजमीर र दिल्लीका अधिपति चौहान पृथ्वीराजले ख्रष्टाब्दका द्वादश शताब्दीमा कान्यकुब्जाधिपति जयचन्द्र-कि कन्यालाई वलपूर्व्वक हरण गरी बिवाह गरेका हुनाले ई दुइ राजाहरुमा अतिशय वैर भाव उत्पन्न भयो। जयचन्द्रले मुसलमानहरुलाई आवाहन गरे; तर पृथ्वीराजले तिरौरिका युद्धमा (ख्रष्टाब्द ११९१) साहाबुद्दीन्लाई

परास्त गर्दा, मुसलमानहरू काबुल तर्फ प्रत्यावर्त्तन गरे। दुई वर्ष पछी साहाबुद्दीन्ले पुनः पृथ्वीराजलाई आक्रमण गरे। एस् पाला पृथ्वीराज परास्तभै रणभूमिमा प्राण-रहित् भये, तेसै वर्षमा (११९३) दिल्ली र आजमीर मुसल-मानका हातमा पर्‍यो। अर्का वर्ष (११९४) साहाबुद्दीन्-ले जयचन्द्रलाई परास्त गरी कान्यकुब्ज जय गर्दा भये, एक्का केहि दिन पछी मुसलमान्हरुले आर्य्यावर्त्त जय गरी हिन्दुस्वाधीनता विलुप्त पार्दा भये।

द्वादश शताब्दीमा जयदेवले "गीतगोविन्द" रचना गरेका हुन्। गीतगोविन्द काव्य आद्यन्त श्रीकृष्णका लीलाविशेषले भरियाकोछ। एस् जस्तो सुललित र मनोहर गीतकाव्य संस्कृत भाषामा अरु छैन भन्न अत्युक्ति हुंदैन। अैले सम्म गीतगोविन्द जस्तो अपूर्व्व अर्को काव्य रचना भयाको छैन। एसै समयमा भास्कराचार्य्यले "लीलावती" र "बीजगणित" प्रणयन् गरेका हुन्। जाहां पछी रामानुज र चैतन्यले जन्मलिई धर्म्मविषयमा तुमुल आन्दोलन र योगमा प्रलय साधन गरी गयाका छन्। चैतन्यदेव ले फैलायाको धर्म्म एकदा वङ्ग, विहार, र उडिष्यामा विशेषतः आदर्गरियाको र मानियाको थियो; अैले पनि उनै महापुरुषका मतावलम्बीहरुको

अभाव छैन। मुसलमान्को राज आरम्भ भया पछी, सुप्रसिद्ध स्मार्त्तचूड़ामणि रघुनन्दको जन्म भयो। तिन्को स्मृति अद्यापि वङ्गदेशमा प्रचलित छ। रघुनाथ शिरोमणि, गङ्गेशोपाध्याय, मयूर, जगदीश प्रभृति पण्डितहरुको नाऊँ चिरस्मरणीय होवैन भन्ने सन्देह गर्नु पर्दैन। मुसलमान्का राजत्वमा पनि, हिन्दुहरुमा माथि लेखियाका जस्तै अनेक महापुरुषहरुको अभाव भयाको थियेन।

षष्ठ परिच्छेद।

मुसलमानको आक्रमण र विजय।

६६४ खृष्टाब्द देखि १२०६ खृष्टाब्द सम्म।

मुसलमान धर्म्मको उत्पत्ति।

अरवदेश अनुर्व्वर र मरुभूमिपूर्ण हुनाले धेरै अघि देखि आज सम्म कैले पनि तेस् मुलुकले विशेष सभ्यता लाभ गरेको छैन। अरवका मानिस अतिशय साहसी र

कष्टसहिष्णु छन् । तिनिहरु आफ्ना देशका दरिद्रताले, र दिल्का साहसी हुनाले, कैले पनि अन्य जातिका अधीनता स्वीकार गरी बसेनन् । ६३२ क्रष्टाब्दका अघि तिनिहरुले अन्य देश जय गर्ने उद्योग गरेका थियेनन् ।

अरबहरु नक्षत्र-पूजा गर्दथे । तर समय समयमा यहुदि र क्रष्टधर्म्मावलम्बीहरु अरबदेशमा आयेर बास लिँदा तिनिहरुको धर्म्म क्रमैले अरबमा प्रचारित भयो ।

महम्मदले क्रष्टधर्म्मको परिचय र सोहि धर्म्मको श्रेष्ठता देखे । तिनि बाल्यकालै देखि अतिशय चिन्ताशील थिये, एवं निर्ज्जनस्थानमा बसी चिन्ता गर्दा गर्दा आखिरमा एक ईश्वरको पूजा प्रचार गराऊनालाई जगदीश्वरले तिन्को सृष्टि गरेका हुन् भन्ने प्रकाश गरे । चत्वारिंशत् वर्षको उमेर नाघे पछी तिनिले यो मत् प्रचार गर्ने वाटो पाये । दशवर्ष सम्म मक्कावासिहरुले ई शान्त निरीह एकेश्वरवादीको उपहास गरेथे, एवं आखिरमा तिन्को मृत्युसङ्कल्प समेत गरेका थिये । तेसउस्ले महम्मद ६२२ क्रष्टाब्दमा मदिना तर्फ भाग्दा भये । तिन्ले शान्तमूर्त्ति त्याग गरी सैन्य जम्मा गर्न लागे । युद्धमा तिन्को असाधारण क्षमता र विजय देखी अरबजातिहरुले क्रमै सँग तिन्को धर्म्म अवलम्बन गर्दा भये । मर्नु भन्दा

अघिनै तिन्ले समस्त अरवदेश जय गरी स्वधर्म्म प्रचार गरेका थिये। स्वर्गीय दूतको आदेश र उपदेशका अनुसरले तिन्ले धर्म्मपुस्तक 'कोराण' लेखेका छन्—जगत्का समस्त मुसलमान्हरुमा अद्यापि यहि विश्वास छ। ६३२ कृष्टाब्दमा महम्मदको मृत्यु भयो।

अस्त्रवल्ले धर्म्मप्रचार गर्ने जो महामन्त्र महम्मदले शिखायेका थिये, सो अरवहरुले विर्सेनन्। धर्म्मविप्लवमा नञा जीवन पायेझैं गरी अरवका मानिस् अरवदेश छोडी अरु चारै दिशाका देशमा गई हातमा खड्ग लिई धर्म्म प्रचार गर्न आरम्भ गरे। सिरिया, पर्सिया, टारटर (टर्की) मिश्र, उत्तर अफ्रिका, स्पेन, फ्रान्सका एक अंश,—ई सबै देशले थोरै नै दिनमा मुसलमानहरुको अधीनता स्वीकार गरे। महम्मदका मृत्यु पछी एक सहे वर्ष विल न पाऊंदै पश्चिमको महासागर अट्लाण्टिक् देखि पूर्व्व सिन्धु नदी पर्य्यन्तको सबै देशमा मुसलमान् राजाहरु विस्तृत भये।

मुहालिव।

महम्मदका मृत्युको ३२ वर्ष पछी, अर्थात् ६६४ कृष्टाब्दमा मुहालिव नामक एक जना मुसलमान सेना-

पतिले ससैन्य सुल्तान प्रदेश भेद गरी भारतवर्षमा आई घेरै मानिस पक्री लगे। मुसलमानहरूको प्रथम भारत आक्रमण एहि हो।

कासिम ।

७११ खृष्टाब्दमा महम्मद कासिमले ६ हजार सैन्य लियेर सिन्धुनदीका मुहानको 'देवल' नामक प्रसिद्ध वन्दर आक्रमण गरे। यो आक्रमणको कारण यहि हो कि सोहि वन्दरका हिन्दुहरुले अरवहरु सँग भंसारको महसुल् उठायेछन्। कासिम देवल नगर हस्तगत गरी, पहिले हैदरावाद, त्याहां पछी निरुन् र त्याहां पछी सेहवान-नगरमा गई, तेस् नगरलाई लुटी, दाहिर राजाका राजधानी आलोर नगर्का नजिक् पुग्दा भये।

दाहिर राजा पचास हजार सैन्य लियेर युद्धमा आये; तर परास्त भै, भग्नोत्साह भयेका सैन्यलाई उत्साह दिदाँ दिँदै सम्मुख युद्धमा प्राणत्याग गरे। कासिम्ले राजधानी लुट्ने हुक्म् दिये। राजपुतहरुले रक्षाको कौनै उपाय नदेखी आफ्नु चिरप्रथा अवलम्बन् गरे। पुरस्त्रीहरुले चितारोहण र योद्धृहरुले हातमा खड्ग लिई सहरका ढोका वाट निस्की सम्मुख युद्धमा प्राणत्याग गरे। एस

ढङ्गले आलोर मुसलमानका हातमा पर्यो । थोरैमे समय-मा कासिम्ले समग्र सुलतान एवं दाहिर राजाका समस्त राज्य अधिकार गर्दा भये ।

एसै समयमा कासिम्को गति सहसा रोकियो । तिन्ले दाहिरका दुई कन्या लाई अतिशय लावण्यमयी देखेर तिनिहरुलाई कालिफ्का हजुर्मा सौगात् पठाऊँदा-भये । कालिफ्का नजिक् ल्याईयाको ज्येष्ठाले गह भरि आंसु गराई तिनि कालिफ्का प्रणयका निमित्त अयोग्य छन् भन्ने जनाईन् ; कारण सोधिँदा, तिन्को सतित्व कासिम्ले पहिले नै हरण गरेका छन् भनिन् । क्रोधले गर्दा सत्यमिथ्या-विचार-शक्ति हराई तेसै वेला कासिम्लाई मार्ने हुकुम् दिये । चांडैमे कालिफ्का आदेशानुसार कासिम्को लास् तिनै कन्याका सामुमा ल्याईयो । राज-कन्याले लास् देखेर आनन्दसाथ हास्य गरेर भनिन् "कासिम् निर्दोषि हो ; तर मेरा पिताको मृत्यु र वंशध्वंस-को आज प्रतिशोध भयो ।"

यो कथा चाहे सत्य हवस् चाहे न हवस्, भारतवर्षमा मुसलमानको विजय तेस् वेला देखि शान्त हुंदै गयो र प्रायः ४० वर्ष अर्थात् ७५० खृष्टाब्द भित्रैमा हिन्दुहरुले पुनर्वार मुसलमानका हात वाट स्वदेश फर्काये ।

भारतवर्षमा मुसलमान्को अधिकार एकदम् लोप भयो ।

आहा पछी २०० वर्ष सम्म मुसलमानहरुले भारत जित्ने कौनै उद्यम गरिनन् ।

अलप्तगीन र सुवक्तगीन ।

आलप्तगीन नामक एकजना तुर्की देशको क्रतदास (कमारा) कालिफ्का अधिनको खोरासान देशको बडाहाकिम भई आये । कर्म्मच्युत हुंदा ससैन्य भागेर ९६१ क्रष्टाब्दमा तिन्ले गजनीमा एउटा नजा राज्य स्थापन् गरे । तिन्का मृत्यु पछी तिन्का क्रतदास (खवासे) सुवक्तगीन् जो तिन्का जुबाजी भयेका थिये, गज्नीका राजा भये ।

भारतवर्षका नजिकमा एउटा नजा राज्य देखी हिन्दुहरुको ईर्षा बढ्यो र लाहोराधिपति जयपालले अनेक सैन्य लियेर युद्ध गर्न जांदा भये । पेशावर देखि काबुल् सम्म गयाको पर्व्वत्को बाटो गरी जयपाल सुवक्तगीनका पाल्मा पुग्दा भये । तेस् समय अतिशय आंधि बिहारि र वृष्टि हुंदा हिन्दुहरु डराये र लडाजीमा पीटिये, एवं सुवक्तगीनलाई ४० हाती र धेरै द्रव्य दिने कबुल गरी सन्धि स्थापन गरी स्वदेशमा फर्के भन्ने काहिनि छ ।

स्वदेशमा आया पछी जयपालको द्रव्य दिनै मत् भयेन र सुवक्तागीन् रिसाई हिन्दुहरुलाई आक्रमण गर्न आये। जयपालले अरु हिन्दु राजाहरुका सहायताले एक लाख सैन्य जम्मा गरे; तर युद्धमा मुसलमानहरुले जय लाभ गरे। सुवक्तागीनले सिन्धुनदीका पश्चिम किनार सम्मको जम्मै देश अधिकार गरी, पेशावरमा दश सहस्र सैन्य राखी आफ्नु गज्नी तर्फ फर्के।

९९७ कृष्टाब्दमा सुवक्तागीनको मृत्यु भयो र तिन्का छोरा प्रसिद्धनामा महमुद गजनीका राजा भये।

सुल्तान् महमूद्।

महमूदले राजत्व पाया पछी कालिफको अधीनता अस्वीकार गरे, आफ्नु स्वाधीनता प्रचार गरे, एवं सुलतान् पदवी ग्रहण गर्दा भये। इनि भन्दा अघी कौनै मुसलमान-ले यो पद ग्रहण गरेको थियेन। पछी तिन्ले १२ चोटि भारतवर्षलाई आक्रमण गरी हिन्दुराजा हरुलाई वारंवार युद्धमा परास्त गरी नगर लुटी देवालय र देवमूर्त्ति भग्न गरे, सो वाह्र चोटिको आक्रमण संक्षेपले वर्णन गरिन्छ। १००१ कृष्टाब्दमा महमूदले पहिलाबार आक्रमण गरे। पेशावरका नजिक्का लाहोरका राजा जयपाललाई

युद्धमा परास्त गरी, पक्री, सिन्धुनदी तरी, वातिण्डा नगर लुट्दा भये । पछी स्वदेशमा फर्की धेरै धन् लिई जयपाल र अरु पक्रियाका सबै लाई छाड्दा भये । जयपालले यो अपमानको बदला लिना लाई आफ्ना छोरा अनङ्गपाललाई राज्य दिई चितामा आरोहण गरी प्राण बिसर्जन गर्दा भये ।

भाटियाका राजाले महमूदलाई कर् दिन अस्वीकार गर्दा महमूद द्वितीय वार भारतवर्षमा आये । भाटियाका राजाले युद्धमा परास्त भै आत्महत्या गरे ।

मुलतानका मुसलमान शासनकर्त्ताले, महमूदको अधीनता अस्वीकार गरी, अनङ्गपाल सँग मिलाप राखेका थिये । तिन्लाई शास्ति दिनालाई महमूद तृतीय वार भारतवर्षमा प्रवेश गरे । राजा अनङ्गपालले महमूदलाई बाटामा रोक्दा भये ; तर पेशावरका लड़ाजीमा हारी काश्मीर तर्फ भाग्दा भये । महमूदले मुल्तान लिये पछी मुल्तानका शासनकर्त्ताले निजको अधीनता स्वीकार गर्दा स्वदेशमा प्रत्यागमन गरे ।

अनङ्गपाललाई शास्ति दिनालाई महमूद चतुर्थ वार भारतवर्षमा प्रवेश गरे । अनङ्गपाल पनि, मुसलमानको बारंबारको आक्रमण रोध गर्नालाई उज्जयेन, गोवा-

लियर, कलिङ्ग, कान्यकुब्ज, दिल्ली र अजमेरका भूपतिहरुका सहायताले धेरै सैन्य जम्मा गरी शत्रुको चाल विचार गरी, पर्खी रहेका थिये। महमूद एतिका फौज देखी केहि डराये। तर तिन्ले एकै चोटि हल्ला नगरी धेरै दिन सम्म फौजलाई सामु मात्र राखे। निदानमा लडाजी भयो, फेरि पनि मुसलमान हरुकै जय भयो। महमूदले पञ्जाबमा पसी नगरकोटको प्रसिद्ध पर्वत-मन्दिर लुट्दा भये। त्याहां बाट धेरै सुवर्ण, चांदि, मणि माणिक इत्यादि लियेर स्वदेशतिर गमन गरे।

सुल्तानका अफ्गानी बडा हाकिम्लाई दण्ड दिना निमित्त महमूदले पञ्चम बार भारतवर्षमा प्रवेश गरी तिन्लाई पक्री गज्नीमा लगे।

छैठौं आक्रमणमा महमूद यमुनाका तीर सम्म आई थानेश्वरको प्रसिद्ध मन्दिर र नगर लुटी फर्के।

सप्तम र अष्टम आक्रमणमा महमूद काश्मीरमा प्रवेश गरे। त्याहां को जाडो, तुसार र वरफ्ले गर्दा तिन्को धेरै सैन्यको विनाश भयो।

नवम आक्रमणमा महमूद कान्यकुब्ज नेर आई पुगे। त्याहां का राजाले अकस्मात शत्रुलाई देख्दा हताश भै सपरिवार महमूदको अधीनता स्वीकार गरे। महमूदले

यो नम्रता देखि सन्तुष्ट भई कान्यकुब्ज माथि हस्तक्षेप गरेनन् । त्याहां वाट मथुरा गई, बहुसंख्यक देवालय ध्वंस गरी धेरै मानिसको बिनाश गरे । त्याहां पछी अरु पनि केहि नगरको अधिकार गरी, सबै प्रदेश छिन्न भिन्न पारी स्वदेश तर्फ फिर्दा भये । महम्मूद र तिन्का सँगिहरु भारतवर्षको सभ्यता र कान्यकुब्ज, मथुरा इत्यादि नगरको सौन्दर्य्य, अर्थ र असंख्य दर्बारहरु देखि अतिशय छक्क परेका थिये । कान्यकुब्जको राजप्रासाद र बिपुल अर्थको वर्णना धेरै मुसलमान लेखकहरुले लेखि गयाका छन् । तिनिहरुमा एक जनाले साह्रै बढाई "एस् राजधानीमा तिन लाख पानका दोकान् थिये" भन्ने लेखेको छ । मथुराका बारेमा आफै महम्मूदले गज्नीका शासनकर्त्ता (हाकिम) लाई एस्तो लेखिका छन् "एस् स्थानमा मुसलमान धर्म्म जस्ते चिरस्थाई सहस्र प्रासाद छन्, इनिहरुमा धेरै जसो सिंहमर्म्मरका छन् ; ई बाहेक अनेक प्रकारका असंख्य मन्दिरहरु छन् । लाखौं रुपिआ खर्च न भई एस्तो नगर बन्न सक्तैन, र कम्सेकम् दुई सहे बर्षमा पनि एस्तो सहर बन्न सक्तैन ।"

आफ्ना 'दोस्त' कान्यकुब्जका राजालाई सहायता गर्नालाई महम्मूदले दशम बार भारतवर्षमा प्रवेश गरे । तर

महमूद आई पुग्नु भन्दा अघिनै ति राजा कलिङ्गका राजा द्वारा मारियेका थिये। महमूदले ई राजालाई दण्ड दिने चेष्टा गरे; तर तिन्को यत्न बिफल भयो। अनङ्गपाल पछिका दोस्रा राजा जयपालले एस् समयमा महमूदको गति रोध गर्ने उपाय गरेका थिये, तर निजको यत्न सफल भयेन; महमूदले समस्त लाहोर प्रदेश अर्थात् पञ्जाब आफ्ना अधिनमा ल्याये। सिन्धुनदीको पूर्व्व पट्टिको मुसलमानहरुको ल्यायी प्रथम विजय यहि हो।

कलिङ्गका राजालाई सजाय दिना निमित्त फेरि एक चोटि (एकादश बार) महमूद भारतवर्षमा प्रवेश गरे; तर यस्पाला पनि तिन्को प्रयत्न बिफल भयो।

१०२४ खृष्टाब्दमा महमूदको पछिल्लो आक्रमण भारतवर्षमा भयो। यो द्वादश आक्रमणमा तिनि मरुभूमि (बालुवा माल भयाको जग्गा) पार भै अजमेरमा पुगे, त्यो प्रदेश लुटी गुजरातका राजधानी अन्हिलवारमा उपस्थित भये। अकस्मात् मुसलमानहरु आयाको देखी त्याहांका राजा नगर परित्याग गरी भाग्दा भये। त्याहां बाट महमूद सोमनाथका मन्दिरमा आये। दुई दिन सम्म महमुदका सैन्यहरुले बार बार मन्दिरमा पस्ने चेष्टा गरे; तर हिन्दुहरुले अविश्रान्त (रातदिन केहि थकाई न

मारि) युद्ध गरी मूर्त्ति र मन्दिरको रक्षा गर्न लागे । तेस्रा दिनमा आन्हिलवारका राजा र अरु अरु नजिक् का राजाहरु सोमनाथको रक्षा निमित्त ससैन्य तेस् स्थलमा आई पुगे । महमूद, यो घोर विपद्मा पनि भग्नोत्साह भयेनन् र युद्धमा सबै राजालाई जित्ता भये । राजाहरुको पराजय देखी मन्दिरवासिहरु डरायी मन्दिर-रक्षाको चेष्टा न गरी, नाउमा चढी समुद्र तर्फ भाग्दा भये । महमूद सोमनाथमा प्रवेश गरी इच्छापूर्व्वक मन्दिर लुटी सुलतान्को बाटो गरी स्वदेशमा प्रत्यागमन गरे ।

आहां पछी महमूदले पर्सिया देश पनि जय गर्दा भये । १०३० ख्रष्टाब्दमा एशियाका पराक्रान्त राजा, पर्सिया, काबुल र पञ्जाबका अधिपति, सुलतान् महमूद् ले प्राण त्याग गरे । तिन्को असाधारण साहस, युद्ध कौशल, मानसिक क्षमता र अरु अनेक सद्गुण थिये, एसा केहि सङ्का छैन ; तथापि ति भारतवासीका निमित्त यमराजका औतार भये, एवं भारतवर्षमा खालि मनुष्य-हत्या, नगर लुट्नु, देवता र धर्म्मको अवमान र निष्ठुर अत्याचार गरी आफ्नु नाऊँ लाई अपयश्मा गाडिका छन् । प्रसिद्धनामा पर्सियाका कवि फिर्दौसी, सुलतान् महमुदका सभामा थिये ।

गयासुद्दीन गोरी र शहाबुद्दीन गोरी ।

महम्मूदका मृत्यु पछी प्राय एक सई पचास् वर्ष भित्र सम्म मुसलमान हरुले फेरि भारतवर्ष माथि आक्रमण गरे-नन् । तर पञ्जाव मुसलमानहरुका अधिनमा रह्यो । एसै बेलामा महम्मूदको राजधानी गज्नी नगरको ध्वंस भयाको हो । गोर नगरका अलाउद्दीन सँग गज्नीराज बेहरामको कलह भयो र अलाउद्दीनले जयलाभ गरी धेरै दिन सम्म गज्नी नगरीमा आगोलाई सो नगरिलाई खरानिको थुप्रो बनाये ; एस्ले पनि तिन्को रिस् शान्त न भई त्यो प्रसिद्ध र सुन्दर राजधानीलाई खनी भूमिमा मिलाई दिये । ११५२ ख्रष्टाब्दमा गज्नी नगर ध्वंस भई एस्का केहि पछी गज्नी राज्य पनि विलुप्त भयो ।

अलाउद्दीनका मृत्यु पछी तिन्का छोरा सयफुद्दीनले एक वर्ष राज गरे । त्याहां पछी गयासुद्दीन गोरीले राज्यलाभ गरी आफ्ना भाई शहाबुद्दीनका हातमा युद्ध भार सपुर्द गर्दा भये । प्रसिद्धनामा शहाबुद्दीनले नै भारतवर्ष जय गर्दा भये । इतिहासमा इनि महम्मद गोरी नामले बिशेष प्रसिद्ध छन् ।

शहाबुद्दीनले पहिले पञ्जाबमा गज्नी-राज्य ध्वंस गरी,

त्यो प्रदेश आफ्ना अधिनमा ल्याये; त्याहां पछी हिन्दु-हरू सँग युद्धमा लिप्त भये। ११९१ ख्रष्टाब्दमा तिरौरिका क्षत्रमा शहाबुद्दीन सँग दिल्लीश्वर पृथिवीराजको युद्ध भयो। तेस् युद्धमा शहाबुद्दीन पराजित भई स्वदेश तर्फ भाग्दा भये। दुई वर्ष पछी शहाबुद्दीन फेरि पनि भारतवर्ष मा आये; यस्ताली युद्धमा पृथ्वीराजलाई परास्त गरी दिल्ली र आजमीर अधिकार गरे। कुतबुद्दीन नामक आफ्नु दासलाई भारतवर्षमा राखी, आफु स्वदेशमा गये। ११९४ ख्रष्टाब्दमा शहाबुद्दीनले कान्यकुब्ज राज्य जय गरे। कुतबुद्दीनले गोवालियर जय गरे, एवं तिन्का अधीनस्थ बख्तियार खिल्जी नामक सेनापतिले बिहार र बङ्गदेश जय गर्दा भये।

१२०२ ख्रष्टाब्दमा गयासुद्दीन गोरीको मृत्यु भये पछी शहाबुद्दीन राजा भये; चार वर्ष पछी साहाबुद्दीन को मृत्यु हुंदा, १२०६ ख्रष्टाब्दमा कुतबुद्दीन भारतवर्षका स्वाधीन मुसलमान राजा भये।

मुसलमान विजयको फल।

विदेशीका विजय बाट कहिले काहिँ सुफल उत्पन्न हुन्छ। विजितहरूको भलो चिताउने विजेतृहरू भये

देखि विजितहरूलाई सभ्यता दान गरी तिनिहरूको उपकार गर्न सक्दछन्। एसै गरि रोमन्हरूले गाल् (फ्रेन्स), ब्रिटन् (अङ्ग्रेज) प्रभृति असभ्यलाई जिती तिनिहरूमा सभ्यताको बिज् रोपिका थिये। एसै गरि इयुरोपियन्-हरू महासागरका असंख्य द्वीपहरूमा बास गर्नेलाई सभ्य बनाउँदछन्। विजेताहरू बलवान र पराक्रमी भये भन्या, विजितहरू सँग मिले र कहिले काहिँ तिनिहरूलाई पनि बलबान गराऊन सक्दछन्।

मुसलमान-बिजय बाट भारतबासीहरूको ई दुई मध्ये कौनै पनि उपकार भयेन। महमूद र शहाबुद्दीनका स्वदेशी भाईहरू भन्दा हिन्दुहरू धेरै सभ्य हुनाले तिनिहरू बाट केहि लाभ गर्न सकेनन्, बरु जेताहरूलाई ने केहि सभ्यता सिखाये। पृथिवीको सबै मोगल बिजित प्रदेश भन्दा अकबरले राजगरेको प्रदेश, अकबरको राजधानी एवं राजसभा जो बिशेष सभ्य थियो, सो सभ्यता मोगल-हरूले भारतवर्षमा ल्याएको होइन, सो भारतवर्षमा उत्पन्न भयाको हो, सो भारतवर्षका विजितहरू बाट सिखाईया-को हो।

मुसलमान हिन्दुहरू भन्दा पराक्रमी थिये, एसा केहि सन्देह छैन। केवल तिरौरीको युद्ध बाहेक् अरू

सबै युद्धमा मुसलमान आक्रमणकारीहरुले जयलाभ गरेका थिये, एवं आखिर्मा केहि हजार मात्र मुसलमान पञ्जाब देखि बङ्गाल सम्मको समस्त राज्य जितो निर्भय भै राज गर्न लागे। कैएक् कोटि हिन्दुहरुले ई विजेता-हरुलाई धपाउन सकेनन्। पराक्रमी मुसलमानहरु हिन्दु-हरु सँग मिलेका भया हिन्दुहरु बलवान र रणपटु हुने थिये, सन्देह छैन। तर मुसलमान बिजेटहरु कुनै देशका मानिस सँग मिल्न सकेनन्; तसर्थ तिनिहरुका विजय बाट दुई जातिको एकीकरण (मिलाप) भयेन; भारत-बर्षका जातिको बलमा उन्नति केहि भयेन।

बिदेशीका बिजय बाट कहिले काहिँ विजितहरुको उपकार हुन्छ भनी अघी भनेका छौँ। तर उपकारका सट्टामा प्राय अपकार हुन्छ। तेस्को कारण यहिहो कि, विजितहरु, आफ्नु स्वाधीनता हराऊँदा, तेस सङ्सँगै उत्साह र जातिमर्य्यादा समेत बिर्सन्छन् र जेताहरुको अधिक पराक्रम देखी निराश र क्रमैले निर्ज्जीव समेत हुन जान्छन्। आखिर्मा तिनिहरुलाई उत्कृष्ट र आफुलाई अपकृष्ट (साह्रैनीच) सम्झी केवल आज्ञापालक भई उन्नाबन रे स्वचिन्ताको तिलाञ्जलि गर्दछन्। विशेष बिचार गरे देखि प्रष्टजाहेर हुन्छ कि, मुसलमान बिजय बाट

भारतवर्षका ई सबै अनिष्ट उत्पन्न भयाका थिये। मुसलमानका राज्यकालमा भारतवासीको जातिबल जत्तिको हीन भयाको थियो, एवं चिन्ता-बल र कार्य्य-बल जत्तिको बिलुप्त भयाको थियो तेत्तिको अघी कहिले पनि भयाको थियेन।

कृष्टाब्दको पञ्चम शताब्दी देखि द्वादश शताब्दी सम्म भारतवर्षमा विज्ञानशास्त्रको (सायन्स) आलोचना क्रमशः उन्नति भयाको थियो। आर्य्याभट्ट बराहमिहिर, ब्रह्मगुप्त प्रभृति चिरस्मरणीय महापुरुषहरुले जो उन्नति गरि गयाका छन् सो देखी आजकालका युरोपियन् वैज्ञानिक-हरुपनि अचम्म मान्दछन्। द्वादश शताब्दीमा भास्करा-चार्य्यले जगतविख्यात लीलावती र बीजगणित रचना गरे। तर त्याहां पछी जहाँ मुसलमानको बिजय भयो, तेस्काल देखि चिन्तासूत्र छिन्न हुंदै गयो, विज्ञान चर्चा पर पर सर्दै गयो; किन भने, राजकीय स्वाधीनता बिनष्ट भयाको थियो। जातिको साहस र बिक्रम ध्वंश भये पछी चिन्ताको विक्रम र साहस काहाँ पाईन्छ?

काव्यको कुन् दशा त? प्रसिद्धनामा कालिदासले कृष्टाब्दको षष्ठ शताब्दीमा जन्म लिये। बाणभट्टले सप्तम शताब्दीमा र भवभूतिले अष्टम शताब्दीमा आफ आफना

चिरस्मरणीय पुस्तक रचना गरे । द्वादश शताब्दीमा वङ्गालका जयदेवले गीतगोविन्द रचना गरे । जाहां पछी मुसलमान बिजय भयो र कल्पनाशक्ति, चटकिले चटक गरेझैं अकस्मात बेपत्ता भयो । मुसलमान-बिजयका पांच सहे वर्ष पछी सम्म भारतवर्षमा एउटा सुकविको पनि जन्म भयेन । कालिदास र भवभूतिका उत्तराधिकारी कोहि छैनन् । जातीय स्वाधीनता र साहस सङ्सँगै कल्पनाको स्वाधीनतापनि लोप भयो ।

चिन्ता र कल्पनाको जुन् दशा भयो कार्य्यको पनि उहि दशा भयो । जुन् हिन्दुहरुका युद्धसिक्षाको ग्रीक् र चीनिआहरुले यस्तिको प्रशंसा गरेका छन्, जस्ले पांच सहे वर्ष सम्म मुसलमान आक्रमणकारीहरु सँग युद्ध गरी आफनु स्वाधीनता रक्षा गरेका थिये, मुसलमानविजय पछी तिनिहरुको युद्धक्षमता र साहस सहसा लुप्त भयो । पञ्जाब देखि वङ्गाल सम्म (खालि राजपुत वाहेक) कुनै जातिले स्वाधीनताका निमित्त विधर्म्मीहरुलाई धपाउने विशेष चेष्टा गरेनन् ।

जिसुक्रष्टको जन्म समय देखि धेरै काल पछी सम्म सिंहलद्वीप, यवद्वीप, सुमात्रा, चीन पर्य्यन्त हिन्दुहरु गमनागमन गरी वाणिज्य (व्यापार) समेत गर्दथे । वङ्ग-

देशको ताम्रलिप्ति र अरु धेरै बन्दर (जहाज राख्ने ठाउँ) बाट अर्णवपोत (जहाज) सिंहलद्वीपमा जाबत आवत गरेको ख्रष्टाब्दको अष्टम शताब्दीमा हुयेन्स्याङ्ले देखेका थिये। तर विदेशीका विजयले गर्दा यस्तिका बलहीन भये कि, अहिलेका हिन्दुहरु समुद्रको नामै मात्रमा तर्सन्छन्; समुद्र यात्रा गरे जातिभ्रष्ट हुन्छन्!

भास्करकार्य्य, हर्म्यादि निर्म्माण (दर्बार इत्यादि बनाउनु) र शिल्पकार्य्यमा हिन्दुहरुको धेरै बयान छैन; तथापि जो असाधारण बडा बडा दर्बार बनाई गयाका छन् र तिन्मा जो सूक्ष्म सूक्ष्म कारिगरी देखायाका छन्, अद्यापि जो देखदछन् सबै छक्क पर्दछन्। तर ई सबै कार्य्य हिन्दु-स्वाधीनताका समयमा गरियाका हुन्। मुसलमानविजय पछी हिन्दुहरुको कार्य्यक्षमता लुप्त हुंदै गयो। एलोरा र एलिफण्टाको अद्भुत गह्वर (गुफा), उडिष्याको चमत्कार खन्दगिरि, र असंख्य हर्म्यादि सबै हिन्दु-शासन समयमा निर्म्मित भयाका थिये। मुसलमान शासन-समयमा मुसलमानले अनेक दर्बार र मसजित उठायाकाछन्, तर तेस्कालमा हिन्दुहरुको कार्य्यक्षमता प्राय लोप भई सकेको थियो।

अरु धेरै उदाहरण दिने आवश्यक छैन। जति

लेखियाको छ तैसे वाट, मुसलमान-विजय द्वारा भारत-वासिहरुले केहि विशेष उपकार पायेनन् भन्ने जाहिर हुन्छ ; वरु इनिहरु दिन दिन क्षीण र बलशून्य हुंदै आयाका थिये, तसर्थ मानिस्मा हुनु पर्ने समस्त विकाश, चिन्ता, कल्पना, साहस र कार्य्यक्षमता इन्मा प्राय लुप्त भयेको थियो ।

हिन्दुकालको इतिहास समाप्त भयो ।

(मुसलमानकाल र हटिश्रकालको इतिहास छापिंदैछ ।)



श्रीमद्भगवत गीता ।

अतियश सरल र मनोहर भाषामा अर्थ लेखियाको छ । गीताको अर्थ नबुझने हिन्दुलाई असम्पूर्ण हिन्दु भन्दछन् । हिन्दुका घरमा यो पुस्तकको प्रवेश अपरिहार्य्य छ ।

[छापिनै छ ।]

डाक्टर सूर्य्यप्रसाद ।

(An Original Novel)

एस मौलिक उपन्यासका नायक नायिकाहरु सहर नेपाल काष्टमण्डपका टोल टोलमा घुम्दछन् । नेपालका यात्रा, इत्यादिको हाल र सो ठाउँको चाल, चलन, व्यवहार एस उपन्यासमा प्रतिफलित छ । उपाख्यान पूर्णालङ्कार-ले सुसज्जित र पाठस्पृहा-परिवर्द्धक छ ।

[छापिनै छ ।]

कृष्णदान लीला ; पारिजात हरण ।

कुलस्त्री, युवक, छात्र, सुकुमारमति किशोरहरूले यो पुस्तक पढे पछि अहङ्कारको निश्चित पतन हुन्छ भन्ने बुझदछन् । "अत्युच्चैः पतनायते" इति ।

[छापिँदै छ ।]

[समस्त पुस्तकको छपाई शुद्ध, स्पष्ट, उत्तम र निष्प्रयोजनः हलन्त रहित छ]

पाइने ठेकाना—

श्रीजितेन्द्र कृष्ण

५६ चालता बागान लेन,

कलकत्ता ।